# सिम्ता गाउँपालिकाको आवधिक गाउँ शिक्षा योजना
# (२०८१ —२०९०)

सिम्ता गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा, राकम सुर्खेत

२०८१

प्रकाशन मिति :  २०८१

संरक्षक

श्री ऐन बहादुर चन्द, अध्यक्ष
श्री गोमा शर्मा (रेग्मी), उपाध्यक्ष
श्री राजेन्द्र कुमार चन्द, प्रमुख प्रशासकीय अधिकृत

योजना निर्माण कार्यदल
संयोजक :श्री बुद्धि बहादुर गौतम, शिक्षा अधिकृत
सदस्यः श्री चन्द्र सिंह ठकुरी, शिक्षक, भानु मा.वि. बजेडिचौर
सदस्य : श्री जीवन कुमार आर्चाय, शिक्षक प्रतिनिधी
सदस्यः श्री सुनिता पौडेल, शाखा प्रमुख, महिला तथा बालबालिका शाखा
सदस्य : श्री किरण गौतम, सूचना प्रविधि अधिकृत

लेखन उप—समिति
समूह (१) संयोजक श्री लक्ष्य बहादुर सुनार
सदस्य :  श्री जीत बहादुर सिंह
सदस्य : श्री तुल्सी खत्री
समूह (२) संयोजक श्री जीवन कुमार आर्चाय
सदस्य :  श्री धन बहादुर खत्री
सदस्य :  श्री बन्दना हमाल
सदस्य :  श्री पदम राज हमाल
समूह (३) संयोजक श्री चन्द्र सिंह ठकुरी
सदस्य :  श्री भविन्द्र प्रसाद शर्मा
सदस्य :  श्री धनमाया बुढा
समूह (४) संयोजक श्री वकिल बस्नेत
सदस्य :  श्री राम बहादुर नेपाली
सदस्य :  श्री बिन्द बहादुर अधिकारी
समूह (५) संयोजक श्री बेल बहादुर नेपाली
सदस्य :  श्री टोप बहादुर खत्री
सदस्य :  श्री लोक बहादुर खत्री

**प्राविधिक सहयोग**
यूनिसेफ नेपाल
समाज जागरण केन्द्र (स्याक) नेपाल, वीरेन्द्रनगर, सुर्खेत
यूएसएआइडी प्रारम्भिक कक्षा सिकाइ
किर्डाक, नेपाल

# भनाई



नेपालको संविधान २०७२, जारीसँगै मूलुकलाई ७ प्रदेश, ७५३ वटा स्थानीय तहमा विभाजन गरिएको छ। स्थानीय तह बनेसँगै संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ। यस सन्दर्भमा स्थानीय तहबाट गुणस्तरीय शिक्षा प्रवाह गर्नु स्थानीय तहको दायित्व रहेको छ । शिक्षा भनेको समाज परिवर्तनको वहाक हो । त्यसैले समाजलाई समयसापेक्ष परिवर्तन गरी आधुनिक, व्यावसायिक, सीपमूलक र रोजगारमुखी समाज निर्माण गरि समृद्ध राष्ट्र निर्माणमा बलियो आधार बनाउनु आजको मूल आवश्यकता रहेको छ। नेपालले अन्तराष्ट्रिय जगतमा गरेका विभिन्न प्रतिवद्धता, दिगो विकासको लक्ष्य, सोह्रौँ योजना, नेपालको संविधान, कर्णाली प्रदेशको पञ्चवर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐन र स्थानीय तहको शिक्षा योजना निर्माण मार्गदर्शन आदिलाई मूल मार्गदर्शनका रुपमा लिई सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना तयार गरिएको छ।

कर्णाली प्रदेश, सुर्खेत जिल्लाको पूर्वी भागमा पर्ने सिम्ता गाउँपालिकामा मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमश ठकुरी, ब्राहमण, मगर, र दशनामी जातीको बसोबासरहेको छ। यिनै जातजातिको मौलिक रुपमा स्थानीय जीवनशैली, परम्परागत लोक संस्कृति रहेको छ। सामाजिक विविधतालाई आत्मासाथ गरी यस गाउँपालिकामा बसोबास गर्ने विद्यालय उमेर समूहका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा पुर्याउनु, सक्षमता र सेवाप्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै अवसरहरु प्रत्याभूति दिनका लागि शिक्षाको आवधिक योजना निर्माण गरिएको हो। सम्पूर्ण नागरिकहरुलाई शिक्षाको मौलिक अधिकारको संरक्षण गर्दै सरल, सहज र आवश्यकतामा आधारित शिक्षा प्रदान गर्न यो योजना तयार पारिएको छ।

विद्यालय स्तरको शिक्षालाई नियमित गरी गुणस्तरीय शिक्षा प्रदान गर्न समतामूलक, सुशासन र व्यवस्थापन पाटोलाई समेटेर तयार पारिएको यस आवधिक योजनाले सिम्ता गाउँपालिकाको शिक्षा योजनालाई मार्गदर्शन गर्ने कुरामा विश्वस्त छु। शैक्षिक कार्यक्रमहरु अतिरिक्त शिक्षा, निरन्तर शिक्षा, विशेष शिक्षा, प्राविधिक शिक्षा र अन्तराष्ट्रिय शैक्षिक  मूद्दाहरुलाई आत्मासाथ गरेको छ। यसका साथै सिम्ता गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न प्राविधिक सहयोग गर्ने यूनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, किर्डाक नेपाल, सबै कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, निर्माण कार्यदल, लेखन कार्यदल, शिक्षा समितिका पदाधिकारीहरु, शिक्षा युवा तथा खेलकुद शाखा लगाएत सम्पूर्ण  सरोकारवालाहरुलाई स्मरण गर्न चाहन्छु। यस सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना कार्यन्वयनका लागि सबै सरोकारवाला निकाय तथा व्यक्तिहरुलाई हार्दिक अनुरोध गर्दछु।



(ऐन बहादुर चन्द)
अध्यक्ष
सिम्ता गाउँपालिका, राकम, सुर्खेत

# भनाई



नेपालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानि अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रम: निशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ भनि मौलिक हकमा व्यवस्था गरिएको छ।

नेपालको संविधान जारीसँगै स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्न अधिकार प्रत्याभूत गरेको छायसै सन्दर्भलाई प्रत्याभूत गर्न संविधान र कानुनले अङ्गिकार गरेको व्यवहारलाई आत्मासाथ गर्दै "गाउँपालिकाको समृद्धिको आधार:समता सहितको सर्वसुलभ, प्रविधियुक्त, जीवनपयोगी र सक्षम जनशक्ति निर्माणमा गुणस्तरीय शैक्षिक पूर्वाधार"को माध्यमबाट "समृद्ध सिम्ता:सुखी सिम्ताली" को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थापनलाई साकार पार्न सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना निर्माण गरिएको हो।

सिम्ता गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरुलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त शिक्षा विज्ञ, सरोकारवाला निकाय जनप्रतिनिधि, कार्यापालिका समिति, शिक्षा समिति, प्रधानध्यापक समूह, विव्यस समूह, शिक्षक र अन्य शैक्षिक निकायसँग छलफल तथा सल्लाह अनुसार सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना निर्माण गरिएको छ।

अवको शिक्षाले व्यक्तिलाई ज्ञान मात्र नभएर सीप सिकाउन सकेमा सीपयुक्त व्यक्ति श्रमबजारमा सहजै काम पाउने, रोजगारी सृजना हुने, आयआर्जन र आम्दानीको बढोत्तरी भई हामीले कल्पना गरेको समृद्ध र समुन्नत समाजको ढोका खुल्ने भएकाले विश्वव्यापी रुपमा उठाइएको जीवनोपयोगी सीपहरु, सिम्ता क्षेत्रका परम्परागत, मौलिक ज्ञान, सीप, संस्कृति र सभ्यताका असल पक्षहरुलाई संरक्षण, सम्वर्द्धन गर्दै नयाँ पुस्तामा हस्तान्तरणका माध्यमले शिक्षित सिम्ताली बनाउने सोच बोकेको यस सिम्ता गाउँपालिकाको शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग गर्ने यूनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, सबै कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, निर्माण कार्यदल, लेखन कार्यदल, शिक्षा समितिका पदाधिकारीहरु, शिक्षा युवा तथा खेलकुद शाखा लगाएत सम्पूर्ण सरोकारलामा कृतज्ञ व्यक्त गर्दछु। यस सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना कार्यन्वयनका जुट्नको लागि सबैमा हार्दिक अपिल गर्दछु।

(गोमा शर्मा रेग्मी)
उपाध्यक्ष
सिम्ता गाउँपालिका, राकम, सुर्खेत

# भनाई



नेपालको संविधानले प्रत्यके नागरिकलाई शिक्षाको मौलिक हक प्रत्याभूत गरेको छ। शिक्षा प्राप्त गर्न पाउनु नागरिकको मौलिक अधिकार हो। शिक्षा मुलुकको सुशासन, सामाजिक न्याय, विकास र समृद्धिको आधार हो। समकालिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तथा परिवेशअनुसार सक्रिय जीवन बिताउन प्रत्येक नागरिकलाई आवश्यक पर्ने ज्ञान, सीप र क्षमता विकासका लागि सबल र सक्षम शिक्षा प्रणालीको आवश्यक पर्छ। साथै नागरिकलाई राष्ट्रिय जीवनमा हरेक गतिविधिमा सक्रिय रही मुलुकको समग्र विकास र समृद्धिका लागि आफ्नो तर्फबाट योगदान पुर्याउन सकारात्मक सोच, नैतिक मूल्य मान्यतासहितको सिर्जनशील र समालोचनात्मक चिन्तनको विकास गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा विद्यालय क्षेत्रको शिक्षालाई प्रभावकारी र गुणस्तरीय उत्पादनमूलक बनाउनको लागि सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना निर्माण गरिएको हो।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक शिक्षाको समग्र व्यवस्थापनका लागि स्थानीय तहलाई दिएको अधिकार सन्दर्भमा शिक्षासम्बन्धी आवश्यक पर्ने कानुन निर्माण देखि कार्यान्वयनमा थुप्रै प्रयासहरु भइरहेका छन्। तीन तहको सरकारसँग एकआपसमा समन्वय र सहकार्य गर्दै राखिएका योजनाहरुमा कार्यक्रमगत रुपमा सहकार्य हुने आशमा सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना निर्माण गरिएको छ। यस गाउँपालिकाको शैक्षिक क्षेत्रमा देखिएका विभिन्न समस्या तथा चुनौतीहरुलाई सही ढंगबाट समाधान गरी सिङ्गो गाउँपालिकाको शैक्षिक उन्नयनमा यस योजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्नेमा विश्वस्त छु।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयताको चुनौतीहरुलाई सामना गर्दै विकसित भइरहेको नयाँ-नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरुको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरुलाई सहज, सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न सिम्ता गाउँपालिकाको आवधिक योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ। गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतीलाई प्राथमिकताका साथ समाधान गर्नका निमित्त गाउँपालिका जनप्रतिनिधि, कार्यपालिका समिति, शिक्षा समिति, निर्माण कार्यदल समिति, विव्यस तथा प्रधानाध्यापक समूह, शिक्षा शाखा र अन्य सम्बद्ध शैक्षिक संस्थाको अन्तर्क्रियामा छलफल गरी तयार गरिएको छ। सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना निर्माणमा प्राविधिक सहयोग गर्ने युनिसेफ, समाज जागरण केन्द्र (स्याक) नेपाल, किर्डाक नेपाल, शिक्षा समिति, निर्माण समिति, लेखन कार्यदल र अन्य सरोकारवाला निकायमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरु पुरा गर्ने छौँ।

(राजेन्द्र कुमार चन्द)
प्रमुख प्रशासकीय अधिकृत
सिम्ता गाउँपालिका, राकम, सुर्खेत

## भनाई



नेपालको संविधानले शिक्षामा सबै नागरिकको पहुँच, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था मौलिक हकको रुपमा अङ्गिकार गरे पश्चात स्थानीय सरकार सञ्चालन ऐन–२०७४ बमोजिम आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा निक्षेपण गरेको देखिन्छ।सोहि व्यवस्था बमोजिम शैक्षिक क्षेत्रका विविध समस्या समाधानको लागि योजनावद्ध तरिकाले कार्यक्रम तय गरी विभिन्न क्रियाकलापको माध्मबाट तल्लो तह देखि नै शैक्षिक स्तर उकास्ने प्रयास स्वरुप यस सिम्ता गाउँपालिकाले शैक्षिक समस्या समाधान गर्ने उद्देश्य निर्धारण गरेर स्पष्ट रणनीति सहित आवधिक शिक्षा योजना निर्माण गरिएको छ।

दीगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई मजबुत बनाउँदै लैजान स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई उक्त ऐनको दफा ११ को “ज” मा आधारभूत र माध्यमिक शिक्षा शीर्षक अन्तर्गत २३ वटा बुँदामा स्थानीय तहको शिक्षा सम्बन्धी अधिकारलाई विस्तृतिकरण गरिएको छ । प्रारम्भिक शिक्षा तथा आधारभूत तहमा बालबालिकाको शैक्षिक पहुँच वृद्धि गर्ने, भर्ना भएका बालबालिकाको माध्यमिक शिक्षा अनिवार्य परिपुर्ति गराउने प्रयास स्वरुप शैक्षिक निरन्तरताको अभियानलाई विभिन्न किसिमका कार्यक्रम मार्फत स्थायित्व प्रदान गर्नु महत्त्वपूर्ण मानिन्छ। विभिन्न कारणले पढाई छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी अभिभावक सचेतना मार्फत शिक्षामा सबै बालबालिकाको पहुँच वृद्धि गर्न र राष्ट्रिय तथा स्थानीय आवश्यकता बमोजिम स्तरयुक्त दक्ष जनशक्ति उत्पादनमा सहजिकरण गर्नु हामी सबैको दायित्व हो।

शिक्षाले व्यक्तिको सर्वाङ्गिण विकास गरी समाज रुपान्तरणमा अहम् भूमिका गर्दछ । रोजगारमूलक, गुणस्तरीय, व्यावहारिक एवम् जीवनोपयोगी शिक्षाको माध्यमबाट सीपयुक्त, दक्ष र सिर्जनशील मानव संसाधनको विकास गरी परिवार, समाज र राष्ट्रको आर्थिक समृद्धिमा योगदान पुर्याइरहेको छ । अत: शिक्षा प्रणाली भनेको स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको एक शैक्षिक पद्धति हो । उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँपालिकाको शैक्षिक उन्ययनको लागि आवधिक शिक्षा योजनाको आवश्यक मसुस स्वरुप निर्माण गरिएको छ ।

यस शैक्षिक योजनाले विद्यालय शिक्षामा रहेका विभिन्न चुनौती र समस्यालाई निराकरण गर्न स्पष्ट रणनीति, कार्यनीति र क्रियाकलाप तय गरी भावी योजना र कार्यक्रम तय गरेको छ र सोहि बमोजिम कार्य सम्पादन गर्न सहयोग हुनेछ भन्ने अपेक्षा गरेका छौँ । यस शैक्षिक योजना निर्माण गर्न प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, किर्डार नेपाल, कार्यपालिका , शिक्षा योजना निर्माण समिति, शिक्षा समिति, लेखन कार्यदल, अभिभावक, शैक्षिक सरोकारवाला, शिक्षक लगायत सम्बद्ध सम्पूर्णमा हार्दिक धन्यवाद तथा योजना कार्यान्वयनमा सबै पक्षबाट निरन्तर रुपमा सहजिकरण हुनेछ भन्ने विश्वास लिदै यहाँहरुको अमूल्य सुझाव र सकारात्मक तथा रचनात्मक सल्लाहको अपेक्षा सहित हार्दिक आभार प्रकट गर्दछु ।

(बुद्धि बहादुर गौतम)
शिक्षा अधिकृत
शिक्षा, युवा तथा खेलकुद शाखा

# भनाई



शिक्षा विकासको मेरुदण्ड तथा विकासको प्रमुख आधार हो । प्रत्येक नेपाली नागरिकले शिक्षा प्राप्त गर्न पाउनु संविधान प्रदत्त मौलिक अधिकार हो । परिवर्तित विश्वमा शिक्षा क्षेत्रलाई थप प्रभावकारी, व्यवास्थित, सीपमूलक जीवनोपयोगी, वैज्ञानिक, रोजगार उन्मूख, गुणस्तरिय र समयसापेक्ष बनाउनु आजको आवश्यकता हो ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरीकलाई आधारभूत तहको शिक्षामा पहुँचको हक हुने, आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क, माध्यमिक तहको शिक्षा निशुल्क पाउने हक, अपाङ्गता भएका र आर्थिकरुपले विपन्न नागरिकलाई कानुन बमोजिम निशुल्क उच्च शिक्षा पाउने लगायतका हक हुने गरी मौलिक अधिकारको सुनिश्चित गरिएको छ।

संविधान प्रदत्त हक, अधिकारको कानुनी र व्यवहारिक रुपले सुनिश्चित गर्ने राज्यका सबै तहको जिम्मेवारी हो भने त्यसको पालना गर्ने सबै जिम्मेवार नागरीकको कर्तव्य हो । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय शिक्षा नीति २०७६ लगायतको मार्गदर्शनको आधारमा संघीय तथा कर्णाली प्रदेश सरकारले परिकल्पना गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्तीमा सहयोग प्रदान गर्न र यस सिम्ता गाउँपालिकाको शैक्षिक सुधारको लागि मार्गदर्शनको रुपमा सहायता लिन यो गाउँ शिक्षा योजनाको आवश्यकता महसूस गरी निर्माण गरीएको छ। यस योजनाले "सिम्ता गाउँपालिकाको सम्वृद्धि को आधार: समता सहितको सर्वसुलभ, प्रविधियुक्त, जीवनोपयोगी र सक्षम जनशक्ति निर्माणमा गुणस्तरीयत शैक्षिक पूर्वाधार" को दूरदृष्टि परिकल्पना गर्दै शैक्षिक योजनाको प्रभावकारी कार्यान्वयनको माध्यमबाट समता सहितको सर्वसूलभम जीवनोपयोगी र प्रविधिमैत्री उत्पादनमुखी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु प्रमुख उद्देश्य लिएको छ।

शिक्षाका मुख्य उपक्षेत्रहरु, अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू र अन्य अन्तरसम्बन्धित विषय तथा क्षेत्रको निर्धारण गरी त्यसभित्र रहेका मुख्य समस्या चुनौती र अवसर उल्लेख गर्दै त्यस सम्बन्धि विभिन्न रणनीति, कार्यनीति तय गरी अपेक्षित उपलब्धिको परिकल्पना गरिएको छ ।

उल्लेखित विषयवस्तुले समग्र सिम्ताको शैक्षिक सुशासन र व्यवस्थापनमा महत्त्वपूर्ण योगदान गर्ने कुरामा विश्वस्थ रहेको छु। सिम्ता गाउँपालिकाको शैक्षिक मार्गदर्शनको रूपमा रहेको यो योजना निर्माणका क्रममा अहोरात्र खट्ने योजना निर्माण कार्यदल, लेखन उपसमिति, गाउँपालिका अध्यक्ष ऐनबहादुर चन्द, गाउँपालिका उपाध्यक्ष गोमा शर्मा (रेग्मी) प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरु, सिम्ता स्थित सामुदायिक एवम् संस्थागत विद्यालयका प्र.अ.हरु, विव्यस अध्यक्ष ज्यूहरु, शैक्षिक पेशागत संघ संगठनहरु, प्राविधिक सहयोग गर्ने युनिसेफ नेपाल, समाज जागरण केन्द्र (स्याक) नेपाल, प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम कर्डाक नेपाल लगायतको स्मरण गर्दै सम्पूर्ण सिम्ताली शिक्षक कर्मचारीहरुका तर्फबाट सम्मान व्यक्त गर्न चाहन्छु ।

शैक्षिक सुशासन र व्यवस्थापनको मार्गदर्शनको रुपमा रहने यो सिम्ता गाउँपालिकाको आवधिक शिक्षा योजना कार्यान्वयनमा सबै सरोकारवाला पक्षसँग सहकार्य, समन्वयसँगै आफ्नो अधिकार र कर्तव्यको मूलमन्त्र सहित आफ्नो कार्य क्षेत्रमा सिर्जनात्मक रुपमा खट्ने प्रतिवद्धता व्यक्त गर्दै योजना कार्यान्वयनमा लाग्न सम्पूर्ण शिक्षक कर्मचारी एवम् सरोकारवाला सबै पक्षलाई अनुरोध गर्दछ ।

(टोप बहादुर खत्री)
अध्यक्ष
नेपाल शिक्षक महासंघ

विषय सूची

योजनाको सारांश....14
क) विषय प्रवेश....14
ख) शिक्षा योजना निर्माणको आवश्यकता....14
ग) स्थानिय शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य....15
घ) शिक्षा योजना निर्माणका आधार....15
घ) शिक्षा योजना निर्माणको प्रक्रिया....15
ङ) योजनाको लेखाजोखा....15
च) योजनाको दस्तावेजको स्वरूपः....16
परिच्छेद १ : परिचय....17
१.१ वर्तमान अवस्था....17
क) भौगोलिक अबस्थिति विश्लेषण....17
ख) जनसाङख्यिक संरचना विश्लेषण....17
ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण....18
घ) आर्थिक अबस्थाको विश्लेषण....19
ङ) शैक्षिक अवस्थाको विश्लेषण....19
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण....22
क) समस्या विश्लेषण....22
ख) चुनौती विश्लेषण....22
ग) अवसर विश्लेषण....23
परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण....24
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधारहरु....24
२.१ .१ संबैधानिक प्रावधान....24
२.१ .२ स्थानिय सरकार सञ्चालन ऐन २०७४....24
२.१ .३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७....25
२.१ .४ अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७....25
२.२ दूरदृष्टि....25
२.३ लक्ष्य....25

२.४ उद्देश्य ........25

२.५ रणनीतिहरु........26

२.६ कार्यनीति ........27

२.७ अपेक्षित उपलब्धिहरु........28

२.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण........30

३.१ प्रारम्भिक बालविकास र शिक्षा........35

३.१.१ वर्तमान अवस्था ........35

३.१.२ उद्देश्य........35

३.१.३ रणनीति ........36

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा........36

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........37

३.२ आधारभूत शिक्षा........39

३.२.१ परिचय ........39

३.२.२ उद्देश्य........39

३.२.३ रणनीति ........40

३.२.४ प्रमुख उपलब्धि तथा नतिजा........40

३.२.५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........42

३.३ माध्यमिक शिक्षा........44

३.३.१ वर्तमान अवस्था ........44

३.३.२ उद्देश्यहरु........44

३.३.३ रणनीति ........45

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा........45

३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........46

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........49

३.४.१ वर्तमान अवस्था ........49

३.४.२ उद्देश्य........49

३.४.३ रणनीतिहरु ........49

३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य........50

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य........50

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ....51
३.५.१ वर्तमान अवस्था ....51
३.५.२ उद्देश्य....51
३.५.३ रणनीति ....52
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा....52
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....52
परिच्छेद ४ : अन्तरसम्वन्धीत विषय तथा क्षेत्र....54
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ....54
४.१.१  वर्तमान अवस्था....54
४.१.२ उद्देश्य....55
४.१.३ रणनीति ....55
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा....55
उपलब्धि ....55
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....56
४.२ शिक्षक व्यवस्थापन र विकास....58
४.२.१ वर्तमान अवस्था....58
४.२.२ उद्देश्य....58
४.२.३ रणनीति ....59
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा....59
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....60
४.३ शैक्षिक समता र समावेशिकरण....61
४.३.१ वर्तमान अवस्था....61
४.३.२ उद्देश्य....62
४.३.३ रणनीति ....62
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा....62
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य....63
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ....65
४.४.१ वर्तमान अवस्था....65
४.४.२ उद्देश्य....65

४.४.३ रणनीति ........................................................................................................................................65

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा......................................................................................................................66

४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य ...................................................................................................................67

४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता ...................................................................................................69

४.५.१. वर्तमान अवस्था ..................................................................................................................................69

४.५.२ उद्देश्य.................................................................................................................................................69

४.५.३ रणनीति ..............................................................................................................................................69

४.५.४ प्रमुख उपलब्धि तथा नतिजा.....................................................................................................................70

४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.....................................................................................................71

४.६ विद्यालय भौतिक पूर्वाधार विकास..................................................................................................................72

४.६.१ वर्तमान अवस्था.....................................................................................................................................72

४.६.२ उद्देश्य.................................................................................................................................................72

४.६.३ रणनीति ..............................................................................................................................................72

४.६.४ प्रमुख उपलब्धि तथा नतिजा.....................................................................................................................73

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य....................................................................................................................74

४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि...............................................................................................................75

४.७.१ वर्तमान अवस्था.....................................................................................................................................75

४.७.२ उद्देश्य.................................................................................................................................................76

४.७.३ रणनीति ..............................................................................................................................................76

४.७.४ प्रमुख उपलब्धि तथा नतिजा.....................................................................................................................76

३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य....................................................................................................................78

परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्वन्धीत बिषयहरु ....................................................................................80

५.१ उच्च शिक्षाको व्यवस्थापन...........................................................................................................................80

५.१.१ वर्तमान अवस्था ....................................................................................................................................80

५.१.२ उद्देश्य.................................................................................................................................................80

५.१.३ रणनीतिहरु ..........................................................................................................................................80

५.१.४ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य ..........................................................................................80

५.१.५ मुख्य क्रियाकलापहरु: .............................................................................................................................81

५.२ सामुदायिक पुस्तकालय ..............................................................................................................................82

५.२.१ वर्तमान अवस्था....82

५.२.२ उद्देश्यहरु....82

५.२.३ रणनीतिहरु....82

५.२.४ उपलब्धि तथा नतिजा....82

५.२.५ मुख्य क्रियाकलापहरु:....83

५.३ युवा तथा खेलकुद विकास....84

५.३.१ वर्तमान अवस्था....84

५.३.२ उद्देश्य....84

५.३.३ रणनीतिहरु....84

५.३.४ मुख्य उपलब्धि, र नतिजा....84

५.३.५ मुख्य क्रियाकलापहरु:....85

परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन....87

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास....87

६.१.१ वर्तमान अवस्था....87

६.१.२ उद्देश्य....87

६.१.३ रणनीतिहरु....88

६.१.४ प्रमुख उपलब्धि र नतिजा....88

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध....९०

६.२.१ परिचय....90

६.२.२ उद्देश्यहरू....90

६.२.३ रणनीतिहरू....90

६.२.४ उपलब्धि, तथा नतिजा....91

६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य....91

परिच्छेद ७ : लगानी स्रोत व्यवस्थापन....92

७.१ वर्तमान अवस्था....92

७.२ उद्देश्य....94

७.३ रणनीतिहरु....94

७.४ प्रमुख क्रियाकलापहरु र परिमाणत्मक लक्ष्य....94

७.५ योजनाको वार्षिक बजेट तर्जमा प्रक्रिया....95

७.६ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन....................95

परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ....................96

८.१ वर्तमान अवस्था....................96

८.२ उद्देश्य ....................97

८.३ रणनीतिहरु....................97

८.४ उपलब्धि तथा नतिजा,....................98

८.५ प्रमुख क्रियाकलाप र लक्ष्यः ....................98

अनुसूचीः १....................99

अनुमानित बजेट....................99

**योजनाको सारांश**

**क) विषय प्रवेश**

मानव जीवनका लागि शिक्षा अति आवश्यक रहेको र शिक्षा विकासको प्रमुख मेरुदण्ड तथा विकासको आधार भएकाले विकास र परिवर्तमा शिक्षालाई प्रमुख एजेण्डाको रुपमा लिइएको छ। विकासको प्रमुख पूर्वाधार शिक्षालाई शिक्षा भएको र यो मानिसको आधारभूत अधिकार क्षेत्रभित्र पनि पर्दछ। परिवर्तित विश्वमा शिक्षा क्षेत्रलाई थप प्रभावकारी र गुणस्तरीय साथै समय सापेक्ष बनाउदै लैजानु आजको मुख्य आवश्यकता र एजेण्डा पनि रहेको छ। नेपालको संविधान, २०७२ ले तीन तहको राज्य संरचना सहित समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भएर प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको हक सुनिश्चितता गरी प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको सुनिश्चितता गरेको छ। यसै गरी संविधानले नै अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने,नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ।

राज्यको आर्थिक विकास, समृद्धि, सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षा तथा सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले नै दीगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्य मान्यताको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहन्छ।

प्रारम्भिक बालविकास शिक्षा, औपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी र अधिकार समेतलाई ध्यानमा राखेर स्थानीय तहमा समेत शिक्षालाई कसरी व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक तथा रोजगार उन्मुख गुणस्तरीय तथा समयानकुल एवम् स्थानीय तहको कला, संस्कृति, परम्परागत ज्ञान, सीप, स्थानीय प्रविधि लगायतलाई एकीकृत गरी गाउँपालिकाको शैक्षिक क्षेत्रको सुधार गर्न र समृद्ध पालिका निर्माणको अभियानमा लाग्न व्यावहारिक ज्ञान सहितको दक्ष जनशक्ति उत्पादनमा जोड दिनका लागि पालिकाले पनि शिक्षा योजना निर्माणा गरी कार्यान्वियन गर्नुपर्ने आवश्यकता रहेको छ। संघीय सरकारले १० वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गरेको अबस्थामा उक्त योजनालाई स्थानीयकरण गरी स्थानीय तहले पनि संघीय शिक्षा क्षेत्र योजना अनुरुपको शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्न नितान्त आवश्यक छ। यसै सन्दर्भमा सिम्ता गाँपालिकाले पनि शिक्षा योजना निर्माणा गरी कार्यान्वयन गर्ने जमर्को गरेको छ।

**ख) शिक्षा योजना निर्माणको आवश्यकता**

नेपालको संविधान २०७२ को धारा ३१मा मौलिकहकका रूपमा व्यवस्था गरेको छ। शिक्षामा पहुँच वढाउन र शिक्षा लाई निःशुल्क र अनिवार्य बनाउने सम्वन्धि धारा ३१ को उपधारा १ र २ मा व्यावस्था गरेको छ। त्यसैगरी उपधारा क्रमशः३,४ र ५ ले अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ।

नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नुका साथै गुणस्तर सुधारका निम्ति विगतमा सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न र विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन तथा शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित २०७३ साउनदेखि २०८० असार (सन् २०१६ जुलाई देखि २०२३ जुलाई) सम्मको सात वर्षे विद्यालय क्षेत्र विकास योजना निर्माण गरिएको थियो। योजनाको प्रथम पाँच वर्ष २०७३ साउनदेखि २०७८ असार (सन् २०१६ देखि २०२१) सम्मका लागि स्रोतसहितको कार्ययोजना तयार गरिएको थियो।

दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ (सन् २०३०) सम्ममा नेपाललाई मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने महत्वपूर्ण साधनका रूपमा पनि यस योजनालाई हेरिएको देखिन्छ। साबिकका उपलब्धि, सिकिएका पाठहरू तथा सबैका लागि शिक्षाको राष्ट्रिय कार्ययोजना (सन् २००१–२०१५) अन्तर्गत सञ्चालन गरिएका सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४–२००९) र विद्यालय क्षेत्र सुधार कार्यक्रम (सन् २००९–२०१६) का एकीकृत कार्यसूचीहरू यस योजनाका प्रमुख मार्गदर्शक हुन्। राष्ट्रीय शिक्षा निति २०७६ ले नेपालको संविधानमा निर्दिष्ट गरिएका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँट, मुलुकको आर्थिक–सामाजिक रुपान्तरणका एजेण्डा, दिगो विकास लक्ष्यप्रति नेपालको प्रतिबद्धता, पन्ध्रौं योजनाको आधारपत्र, सन् २०२२ भित्र अति कम विकसितबाट विकासशील राष्ट्र बन्ने लक्ष्य तथा सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रका रूपमा स्तरोन्नति गर्ने राष्ट्रिय सङ्कल्प नै नयाँ शिक्षा नीति तर्जुमाका मूल आधारकोरुपमा लिएको छ। शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मान्यता अनुरुप शिक्षामा सबैको सरल, सहज र समतामूलक पहूँच सुनिश्चित गर्न एवं शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउन यो नयाँ शिक्षा नीति आवश्यक रहेको र संघीय ढाँचा अनुरूप सरकारका तीन वटै तहमा शिक्षा प्रशासन प्रभावकारी एवं नतिजामूलक ढंगले सञ्चालन गरी जनताको शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गर्नका लागि समयानुकुल शिक्षा नीतिको जरुरत पर्ने भएकाले छरिएर रहेका शिक्षा क्षेत्रका नीतिहरूलाई एकिकृत र संहिताबद्ध गरी एकिकृत राष्ट्रिय शिक्षा नीतिको खाँचो पूरा गर्ने ध्येयले यो राष्ट्रिय शिक्षा नीति तर्जुमा गर्नु परेको कुरा उल्लेख गरेको छ।

निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धी ऐन २०७५ शिक्षा प्राप्त गर्ने प्रत्यक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मखु राष्ट्र निर्माणमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गरी शिक्षालाई सर्वव्यापि जीवनोपयोगी, प्रतिस्प्रधी एवं गुणस्तरीय बनाउनका लागि  अनिवार्य तथा निशुल्क शिक्षाको व्यवस्था गरेको र यस सम्वन्धि नियमावलि २०७७ ले परिच्छेद ६ सम्म व्यवस्था गरेको छ।

नेपाल आफैंमा विविधतायुक्त देश हो। नेपालमा सयभन्दा बढी जातजाति र भाषाभाषी, विविध धर्मावलम्बी र संस्कृति छन्। नेपालमा भौगोलिक विविधतामा आधारित सांस्कृतिक र सामाजिक विविधता पनि विद्यमान रहेको छ। यो विविधतामा अनेकौं सौन्दर्यता पनि लुकेकोछ। विधितामा एकता नेपाली समाजको विशेषता हो। विविधताको सौन्दर्यतालाई राष्ट्रिय भावनामा बदल्न सके मात्र विविधताले सकारात्मक परिणाम दिन सक्छ। सकारात्मक परिणाम दिन सक्ने गरी गरिएको व्यवस्थापन अहिलेको सामयिक आवश्यकता हो। विविधता नेपाल राज्यको मौलिक पहिचान हो। यसैले विविधताको व्यवस्थापन नेपालको सन्दर्भमा समेत उपयोगी रहेको छ।

**ग) स्थानिय शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा क्षेत्रमा सुधारका लागि तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्धन स्थापित गरि कार्यन्वयनमा सहजता ल्याउन। संघ र प्रदेशबाट प्रदान गरिने स्रोतलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न। कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता, असल अभ्यास आदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न। साझा बिषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन। शिक्षा संग सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय हसिल गर्न यसले सहयोग गर्ने र शिक्षामा सुधारका ल्याउन सहयोपुगाउन स्थानिय तहमा यसको अवश्यकता रहको  छ।

**घ) शिक्षा योजना निर्माणका आधार**

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको र सोही बमोजिम निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

संघीय स्वरुपको व्यवस्थामा सबै तहका सरकारबीचको आपसी समन्वय र सहकार्यबाट राज्यले परिलक्षित गरेका उद्देश्यहरु प्राप्त गर्न सकिने भएकाले सबै तह संविधानले तोकेको अधिकार बमोजिमको जिम्मेवारी निर्वाह गर्नुपर्ने देखिन्छ। राज्यले तय गरेका शिक्षाका लक्ष्य, उद्देश्य प्राप्त गर्नका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा आएका छन्। राष्ट्रिय दीर्घकालिन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सवलीकरण दशक (२०७६–२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरु, १५ वर्षे दीगो विकास लक्ष्य, पन्ध्रौ आवधिक योजना, शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना (२०७८–२०८७) लगायत शिक्षा क्षेत्रका विभिन्न योजनाहरुका लक्ष्य, उद्देश्य तथा गन्तव्यलाई मध्यनजर गर्दै संविधानको अनुसूची ८ अनुसार स्थानीय सरकारलाई उपलब्ध भएका अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय ध्यय, लक्ष्य, उद्देश्य, प्रतिवद्धतालाई आधार मानेर स्थानीय आबश्यक्ता र परिवेश अनुसार शिक्षा क्षेत्रको विकास गर्नु आवश्यक रहेको छ। नेपालको दीर्घकालिन ध्यय अनुसार समृद्ध नेपाल सुखी नेपालीको अभिप्राय, दीगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको देशको रुपमा पुर्याउन सबैका लागि समावेशी तथा समतामूलक तवरले जीवन प्रयन्त सिकाइका अवसरहरु सिर्जना गरी गुणस्तरीय शिक्षा कायम गर्नु,  स्रोतको दोहोरोपना घटाइ साझेदार निकायहरुकोविचमा समन्वय सहकार्य लगायतका दीर्घकालिन लक्ष्य हाँसिल गर्न सबै तहले आफ्नो भूमिका प्रभावकारी रुपमा निभाउन आवश्यक देखिन्छ।

**घ) शिक्षा योजना निर्माणको प्रक्रिया**

सिम्ता गाउँपालिकाको शिक्षा योजना निर्माणका लागि गाउँकार्यपालिकाले आवश्यकता महसुस गरी शिक्षा योजना निर्माणको लागि नीतिगत व्यवस्था मार्फत आ.व.०८१।८२ मा शिक्षा योजना निर्माणको प्रक्रिया थालनी गरेको छ। यस अन्तर्गत शिक्षा समितिको बैठक मार्फत योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुखको संयोजकत्वमा शिक्षक, सूचना प्रविधि, महिला तथा बालबालिका शाखा, लगायतको सदस्यता रहेको शिक्षा योजना निर्माण कार्यदल गठन भयो। कार्यदलको प्रारम्भिक बैठक तथा अभिमुखिकरण मार्फत विभिन्न ५ वटा लेखन उपसमितिहरु गठन भयो।लेखन उपसमितिहरुले विभिन्न सरोकारवालाहरु सँगको समन्वयमा तथ्याङ्क संकलन, सल्लाह तथा सुझाव संकलन, छलफल गरी प्रारम्भिक लेखन गरीयो। प्रारम्भिक लेखन पश्चात **योजना** लेखन कार्यदलले सबै संकलन गरी योजनाको मस्यौदा निर्माण गरेको हो। तत पश्चात मस्यौदा माथि सरोकारवालाहरुको सल्लाह सुझाव  प्राप्त गरी अन्तिमिकिकरण गरीयो। उक्त योजनामा बाह्य विज्ञ मार्फत लेखाजोखा गरी थप सल्लाह सुझाव प्राप्त गरी योजनामा समेटेर कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा लिने गरी प्रक्रिया पुरा गरीयो।

**ङ) योजनाको लेखाजोखा**

योजनाको तयारी गरि सके पछि योजनाको विश्वसनियता, वस्तुनिष्ठ र लगानी योग्य छ छैन भनेर यसका विविध पक्षहरु समेटेर यसको लेखाजोखा गरिएको छ। जुन योजना कार्वान्वयन गर्नु पूर्व महत्वपूर्ण अङ्गका रूपमा लिन सकिन्छ। निर्माण भएको योजना लेखाजोखा कार्यलाइ यस नगरपालिकाले आन्तरिक र बाहिरका विभिन्न विषयगत समिति तथा क्षेत्रगत कार्यदल गठन तथा परिचालन गरि योजनाको लेखाजोखा गरिएको थियो। साथै स्थानिय राजनैतिकदलका प्रमुख एवम् प्रतिनिधि, विज्ञ, शिक्षा शास्त्री,  शिक्षक, बौद्धिक व्यक्तित्व र शिक्षा क्षेत्रमा लामो समय अनुभव संगालेका व्यक्तित्वहरुको सुझाव, महिला,

अपाङ्ग संजाल,  शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ सल्लाह समावेश गरिएको थियो। योजना निर्माणको क्रममा समावेशिकरणहुनेगरी महिला, अपाङ्ग संजाल,  शिक्षक महासंघ तथा विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघको सक्रिय सहभागिता रहेको थियो भने, शिक्षा योजना निर्माण मूल समितमा यस नगरपालिकाका शिक्षा युवा तथा खेलकुद प्रमुख संयोजक रहने गरि शिक्षा सुधार र अवश्यकता संवोधन र व्यावस्थापन गर्न एक समिति गठन गरियो ।

यस योजनामा आठ ओटा परिच्छेद रहेछन्, परिच्छेद १ मा यस पालिकाको पृष्ठभुमी र अवस्था र परिच्छेद २ योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण योजनाले परिच्छेद २ मा राष्ट्रिय, प्रादेशिक तथा पालिकाको दुरदृष्टि,लक्ष्य ,उद्धेश्य,रणनिति र कार्यनीति  निर्माण तथा त्यसको अन्तर सम्वन्धित विषय वस्तु लाइ प्रथामिकता दिइएको छ। यसैगरि परिच्छेद ३ मा शिक्षा क्षेत्रको उपक्षेत्र अनुसारको विषयगत क्षेत्र प्रस्तुत गरिएको छ ,जसमा प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यामिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक र जीवनपर्यन्त शिक्षा  को परिचय,  वर्तमान अवस्था, अवसर तथा चुनौतिहरु, उपलब्धि र प्रमुख नतिजा, क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य सहभागितात्मक तरिकाले प्रस्तुत गरिएको छ।  यसका साथै परिच्छेद ४ मा अन्तर सम्बन्धित क्षेत्रहरु राखिएको छ भने परिच्छेद ५ मा उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र पुस्तकालय व्यवस्थापन लाइ प्रस्तुत गरिएको छ । परिच्छेद ६ मा सुशासन तथा व्यवस्थापनलाइ सस्थागत संरचनाको विकास र योजना कार्यान्वयको प्रवन्धमा राखेर विकास गरिएको छ । त्यसै गरेर परिच्छेद ७ मा यो योजना कार्यन्वयनका लागि संघ, प्रदेश, स्थानिय तह र अन्य सरोकारवाल निकायको बजेट बिस्तृत रूपमा राखिएको छ । परिच्छेद ८ मा योजना कार्यन्वयन व्यावस्थित र शिक्षा क्षेत्रमा अमुल परिवर्तनका लागि निर्देशित गर्न अनुगमन तथा मुल्यांकन प्रकृयाका बारे विस्तृत रूपमा राखिएको छ । प्रत्येक उप क्षेत्रको लगानिको र स्रोतको व्यवस्थापन र स्रोतको खोजि गरि योजनावद्ध तरिकाले प्रस्तुत गरिएको छ, भने योजनाको प्रभावकारी कार्यन्वयनका लागि अनुगमन, मुल्यांकन र यसको प्रभावको बारेमा व्याख्या गरिएको छ । दफागत रूपमा विभिन्न दृष्टिकोण र विभिन्न विज्ञद्वारा  योजनाको अध्ययन गरेर नगरपालिकाको अवश्यकता संग तुलना गर्दा योजनाले सबै विषय वस्तु समेटिएको र नगरपालिकाको अवश्यकता अनुसार बनेको देखिन्छ ।

**च) योजनाको दस्तावेजको स्वरूपः**

यो शिक्षा योजना नेपाल सरकारको स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्ग दर्शन २०७९ को परिमार्जित संस्करण २०८१ अनुसार निर्माण गरिएको छ । यसमा स्थानीय तहको समस्या, चुनौति, अवसर र अवश्यकतालाई मुख्य प्रथामिकता राखि स्थानिय तहको सक्रियतामा निर्माण गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १.१ वर्तमान अवस्था

**क) भौगोलिक अबस्थिति विश्लेषण**

सुर्खेत जिल्लाको उत्तर पूर्वि भागमा पर्ने सिम्ता गाउँपालिका सुर्खेत जिल्लाको साविका आठओटा गाविसहरु घोरेटा, काफलकोट, आग्रीगाउँ, बजेडिचौर, राकम, काप्रिचौर, डाँडाखाली र खानीखोला मिलेर स्थापना भएको हो।सिम्ता गाउँपालिकालाई ९वटा विषय विभाजन गरिएको छ। पुरानो घोरेटा गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं १ कायम गरिएको छ। काफलकोट गाउँ विकास समितिका १ देखि ९ वडाहरुलाई सिम्ता गाउँपालिकाको वडा नं २ र आग्रीगाउँ गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ३ कायम गरिएको छ। त्यसैगरी बजेडिचौर गाउँ विकास समितिका वडा नं ५ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ४ र वडा नं १ देखि ४ लाई सिम्ता गाउँपालिकाको वडा नं ५ कायम गरिएको छ। राकम गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ६ र काप्रिचौर गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ७, डाँडाखाली गाउँविकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ८ र खानीखोला गाउँ विकास समितिका वडा नं १ देखि ९ लाई सिम्ता गाउँपालिकाको वडा नं ९ कायम गरिएको छ । यस गाउँपालिकाको केन्द्र वडा नम्बर ६ राकममा आफ्नै निजि भवनमा रहेको छ । सिम्ता गाउँपालिकाको विशेषता अन्तर्गत पर्ने यस गाउँपालिकाको भवनै नेपाली अक्षरको सिम्ता स्वरुपमा संरचित छ । जिल्ला सदरमुकाम वीरेन्द्रनगर देखि १९ कोष पूर्वमा अवस्थित यो गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ मा पर्दछ । तुलानात्मक रुपमा उत्तर दक्षिण फैलिएको गोलो आकृती भएको यो गाउँपालिकाको अक्षांश २८° ४४' _ २८° ६४' उत्तर सम्म र देशान्नतर ८१° ८६' पूर्व देखि ८२° ०४' पूर्व सम्म फैलिएको छ । यो गाउँपालिकाको पूर्वमा सल्यान जिल्ला पश्चिममा सुर्खेत जिल्लाकै चिङगाड गाउँपालिका उत्तरमा जाजरकोट जिल्ला र दक्षिणमा सुर्खेत जिल्लाकै गुर्भाकोट नगरपालिका पर्दछ । प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तथा जडिबुटीको पर्याप्तता सिम्ता गाउँपालिकाको प्रमुख विशेषता हो ।यो सिम्तादराको नामाकरणका सम्बन्धमा खास ठोस धारणा नभए पनि विभिन्न प्रकारका धारणा र किम्बदन्तिहरु रहेका छन् जसका आधारमा यस दराको नाम सिम्ता रहेको मानिन्छ।पहिलो धारणा अनुसार यस क्षेत्रमा विभिन्न वनस्पतिहरु मध्ये सल्लो प्रसस्त मात्रामा पाइन्छ। सल्लोको फललाई सिम्टा भनिन्छ। सिम्ताको वियालाई सिम्टी भन्ने प्रचलन छ। यसरी प्रसस्त मात्रामा सिम्टा पाउने भएको कारण यस दराको नाम सिम्टादरा रहेको र यहि सिन्टा शब्द अपभ्रंश भएर सिम्ता नाम रहन गएको भन्ने भनाई छ। सिम्ता गाउँपालिकाको वर्तमाना नक्शा पनि सिम्टा सँग मिल्दो जुल्दो देखिन्छ त्यसैले यही किम्बदन्तीका आधारमा यसको व्याख्या गर्दा पनि हुन सक्छ । त्यसैगरी अर्को किम्वदन्ति अनुसार यस क्षेत्रमा प्रसस्त मात्रामा तामाखानी रहेका थिए त्यसमा पनि खानीखोलाको काडासिम्तामा तामाखानी थियो जहाँ सिम्तामा पाइन्थ्यो। तामाखानीका अवषेशहरु अहिले पनि देख्न सकिन्छ । यिनै तामाखानी बाट सिम्तामा उत्खनन गर्ने र सो सिम्तालाई भारतको बलरामपुरमा लगेर विक्रि गर्ने प्रचलन थियो। यस क्षेत्रमा प्रसस्त मात्रामा सिम्तामा पाउने भएको कारण यस क्षेत्रलाई सिम्ता भन्न थालियो पछि यही सिम्ता भन्ने शब्द अपभ्रंश भएर सिम्ता नाम रहन गएको मानिन्छ।

**ख) जनसाङख्यिक संरचना विश्लेषण**

यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा बिशिष्टता र विविधता बोकेको गाउँपालिका हो । यो गाउँपालिकामा मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमशदलित, ठकुरी, ब्रहामण, मगर र दशनामी जातीको बसोबास रहेको छ । स्थानीय जीवनशैली, परम्परागत लोक संस्कृति रुपमा भरिपूर्ण रहेको छ । वडागत रुपमा यस पालिकाको जनसङ्ख्या निम्नानुसारको रहेको छ ।

**वडागत रुपमा जनसंख्या**

| वडा | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | परिवार सङ्ख्या |
|---|---|---|---|---|---|
| वडा नं १ | १२६४ | १६२८ | २८९२ | १.२८ | ६५१ |
| वडा नं २ | १२५५ | १७२३ | २९७८ | १.३७ | ६७२ |
| वडा नं ३ | १०७८ | १४२३ | २५०१ | १.३२ | ६२१ |
| वडा नं ४ | ६८८ | ९०२ | १५९० | १.३१ | ४०५ |
| वडा नं ५ | ९५८ | १२८४ | २२४२ | १.३४ | ६२२ |
| वडा नं ६ | १९१४ | २३२१ | ४२३५ | १.२१ | १११३ |
| वडा नं ७ | १२६२ | १५०७ | २७६९ | १.१९ | ६९४ |

| वडा | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | परिवार सङ्ख्या |
|---|---|---|---|---|---|
| वडा नं ८ | ९९८ | १२०४ | २२०२ | १.२० | ५७६ |
| वडा नं ९ | १२०३ | १४७१ | २६७४ | १.२२ | ७०८ |
| जम्मा | **१०६२०** | **१३४६३** | **२४०८३** | १.२६ | **६०६२** |

**स्रोत राष्ट्रिय जनगणना २०७८**

सिम्ता गाउँपालिकाको कुल जनसङ्ख्या २४०८३ रहेको छ। यस गाउँपालिकामा महिलाको जनसङ्ख्या १३४६३ र पुरुषको जनसङ्ख्या १०६२० रहेको छ। लैङ्गिक समता सूचक १.२६ रहेको छ।

**सिम्ता गाउँपालिकाको उमेरगत जनसङ्ख्या विवरण**

| **२०७८ को जनसङ्ख्या** | | | | **२०८०** | | | **२०८१** | | | **२०८२** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **उमेर** | **जम्मा** | **पुरुष** | **महिला** | **जम्मा** | **पुरुष** | **महिला** | **जम्मा** | **पुरुष** | **महिला** | **जम्मा** | **पुरुष** | **महिला** |
| 0 वर्ष | ५३८ | २७९ | २५९ | ५५७ | २८९ | २६८ | ५६३ | २९२ | २७१ | ५६९ | २९५ | २७४ |
| १ वर्ष | ४३९ | २३३ | २०६ | ४५४ | २४१ | २१३ | ४५९ | २४४ | २१६ | ४६४ | २४७ | २१८ |
| २ वर्ष | ५११ | २७६ | २३५ | ५२९ | २८६ | २४३ | ५३५ | २८९ | २४६ | ५४१ | २९२ | २४९ |
| ३ वर्ष | ५१८ | २७० | २४८ | ५३६ | २७९ | २५७ | ५४२ | २८२ | २५९ | ५४८ | २८६ | २६२ |
| ४ वर्ष | ५२७ | २७१ | २५६ | ५४५ | २८० | २६५ | ५५१ | २८४ | २६८ | ५५८ | २८७ | २७१ |
| ५ वर्ष | ५५१ | २७२ | २७९ | ५७० | २८१ | २८९ | ५७६ | २८५ | २९२ | ५८३ | २८८ | २९५ |
| ६ वर्ष | ४८८ | २५६ | २३२ | ५०५ | २६५ | २४० | ५११ | २६८ | २४३ | ५१६ | २७१ | २४५ |
| ७ वर्ष | ५२२ | २४७ | २७५ | ५४० | २५६ | २८४ | ५४६ | २५८ | २८८ | ५५२ | २६१ | २९१ |
| ८ वर्ष | ५४६ | ३०५ | २४१ | ५६५ | ३१६ | २४९ | ५७१ | ३१९ | २५२ | ५७८ | ३२३ | २५५ |
| ९ वर्ष | ५०५ | २४९ | २५६ | ५२२ | २५८ | २६५ | ५२८ | २६० | २६८ | ५३४ | २६३ | २७१ |
| १० वर्ष | ६०९ | ३३६ | २७३ | ६३० | ३४८ | २८२ | ६३७ | ३५२ | २८६ | ६४४ | ३५६ | २८९ |
| ११ बर्य | ४९९ | २५३ | २४६ | ५१६ | २६२ | २५४ | ५२२ | २६५ | २५७ | ५२८ | २६८ | २६० |
| १२ वर्ष | ६१९ | ३२४ | २९५ | ६४० | ३३५ | ३०५ | ६४८ | ३३९ | ३०९ | ६५५ | ३४३ | ३१२ |
| १३ वर्ष | ६०३ | २९५ | ३०८ | ६२४ | ३०५ | ३१९ | ६३१ | ३०९ | ३२२ | ६३८ | ३१२ | ३२६ |
| १४ वर्ष | ६४१ | ३१४ | ३२७ | ६६३ | ३२५ | ३३८ | ६७१ | ३२९ | ३४२ | ६७८ | ३३२ | ३४६ |
| १५ वर्ष | ५७३ | २७८ | २९५ | ५९३ | २८८ | ३०५ | ५९९ | २९१ | ३०९ | ६०६ | २९४ | ३१२ |
| १६ वर्ष | ४७६ | २२७ | २४९ | ४९२ | २३५ | २५८ | ४९८ | २३७ | २६० | ५०४ | २४० | २६३ |

**स्रोत राष्ट्रिय जनगणना २०७८ र शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रक्षेपण**

**ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ठ पहिचान बोकेको सिम्ता गाउँपालिकामा जातजाति अनुसार चार्डपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ। बिशेषगरी ब्राम्हण क्षेत्री, आदिवासी जनजाति, दलित तथा अल्पसंख्यक समुदायहरुले सबै चाडपर्वहरु मिलेर मनाउने वा सहयोग गर्ने गरेको अवस्था छ। उल्लेखित जातीहरु मध्ये यो गाउँपालिकामा क्षेत्री जातीको बाहुल्यता रहेको छ। कुल जनसङ्ख्याको ३८% जनसङ्ख्या क्षेत्री जातीको रहेको छ भने अन्य जातीहरुमा दलित ठकुरी बाहुन एवम मगर जातीहरु रहेका छन्। यहाँ विभिन्न जातीका विशेष चाडहरु, हिन्दु सनातन संस्कृतिका पर्वहरु साथै केहीले क्रिसमस समेत धुमधामसँग मनाइने गरिन्छ।दशै, तिहार, तीज, रामनवमी, शिवरात्री, माघे संक्रान्ती, कुशेऔशी, बौद्धपुर्णीमा आदि मनाउने गरिन्छ। भने परम्परागत सांस्कृतिमा मगर जातीका विशेष नाचहरु कौडा घाटु सोरठी झ्याउरे रोदी हुर्रा नाच्ने गरिन्छ।

**घ) आर्थिक अबस्थाको विश्लेषण**

यस सिम्ता गाउँपालिकाको आर्थिकको प्रमुख स्रोत कृषि र पशुपालन र बैदेशिक रोजगार रहेको छ ।यहाँका ६० प्रतिशत जनता कृषि पेशामा अवद्ध रहेका छन् भने बेरोजगारी दर ९ प्रतिशतको हाराहारीमा रहेको छ ।पालिकाको आर्थिक विकासमा उद्योग तथा बैंक र वित्तिय संस्था तथा पर्यटनको भूमिका न्यून रहेको छ । यसका साथै यस गाउँपालिकाको स्रोतका रुपमा भेरी नदी र विभिन्न स्थानीय खोलाहरुको बालुवा, ढुगां गिट्टी आदि हो । घरबहाल कर, सम्पती कर, अन्य विभिन्न करका स्रोत नै यस गाउँपालिकाको आर्थिक स्रोत हो । सधै नै संघ तथा प्रदेश सरकारको अनुदान सहयोगको भरमा रहेको सिम्ता गाउँपालिकाको आन्तरीक स्रोत न्यून छ। यस गाउँपालिकाको खेतीयोग्य जमिन करिब ४० प्रतिशत समेत छैन् । उत्तर-दक्षिण फैलिएको यस गाउँपालिकाको अधिकांश जमिन भिरालो र चट्टानले बनेको छ।सिम्ता गाउँपालिकामा केन्द्र सरकारको पहलमा कुनैपनि राष्ट्रिय गौरवका बहुवर्षिय ठूला विकासका आयोजना बन्न सकेका छैनन् । कृषि उत्पादका सन्दर्भमा धान, गहुँ, मकै, कोदो प्रमुख बालिका रुपमा रहेका छन् । पशुपालनमा गाई, भैसी, बाख्रा, भेडा पालन गर्ने गरेका छन् । सिम्ता गाउँपालिका कुल भु-भागको २३८१ हेक्टर जमिन आवास, नदिनाला र सडकले ओगटेको छ भने वन तथा चरण क्षेत्र १२,८२२ हेक्टर र खेती योग्य जमिन ३४ प्रतिशत अर्थात् ७७१२ हेक्टर रहेको छ । जुन पूर्ण रुपमा प्रयोगमा रहेको छैन । सिम्ता गाउँपालिकामा आफ्नो उत्पादनले बाह्रै महिना खाना पुग्ने ३९५ घरधुरी मात्र रहेको उल्लेख छ । नौ महिना सम्म खाना पुग्ने घरधुरी ६१४ छ । महिनासम्म खाना पुग्ने घरधुरी १४२७ र आफ्नो उत्पादनले ३ महिना मात्र खाना पुग्ने घरधुरी २४७७ रहेको सिम्ता गाउँपालिकाको घरधुरी सर्वेक्षणको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**स्रोतः सिम्ता गा.पा.को आवधिक योजना २०८०/८१**

**ङ) शैक्षिक अवस्थाको विश्लेषण**

यस गाउँपालिकामा शैक्षिक सुधारका लागि बालबालिकाहरुको सिकाइ सुधार ल्याउन तथा सानै उमेर देखि विद्यालय जाने बानीको विकास गराउनका लागि प्रारम्भिक बालविकास र शिक्षा केन्द्र, आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । संस्थागत, तथा सामुदायिक गरेर यस पालिकामा जम्मा ६५ वटा विद्यालयहरु रहेका छन् ।

**यस गाउँपालिका भित्रका विद्यालय सङ्ख्या**

| क्र.सं. | विवरण | सङ्ख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ६५ | ६० | ५ |
| २ | प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ५६ | ५१ | ५ |
| ३ | कक्षा १- ३ सम्मका विद्यालय | १४ | १३ | १ |
| ४ | कक्षा १-५ सम्मा मात्रका विद्यालय | ३१ | २९ | २ |
| ५ | कक्षा१-८ सम्मका मात्र विद्यालय | ८ | ६ | २ |
| ६ | कक्षा १-१० सम्मका मात्र विद्यालय | ७ | ७ | ० |
| ७ | कक्षा १-१२ सम्मका विद्यालय | ४ | ४ | ० |
| ८ | कक्षा ६-१२ सम्मका विद्यालय | १ | १ | ० |
| ९ | प्राविधिक धारका विद्यालय सिटिइभिटी तहको प्रि डिप्लोमा | १ | १ | ० |
| १० | सामुदायिक सिकाइ केन्द्र | ३ | ३ | ० |

**स्रोत EMIS २०८०**

६० वटा सामुदायिक विद्यालयहरु मध्ये १४ वटा सामुदायिक विद्यालयमा अझैपनि बालविकास र शिक्षा केन्द्रहरुमा पुगेको छैन । हाल ४६ वटा विद्यालयमा आधारित र ५ वटा समुदायमा आधारित रहेका छन् ।

**सामुदायिक विद्यालयमा शिक्षक सङ्ख्या**

यस पालिकामा बालविकास केन्द्रमा ६० जना, आधारभूत तह ५ सम्ममा जम्मा १७० जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ५४ जना, मावि तह ९ र १० मा जम्मा ३७ जना तथा मावि तह ११ र १२ मा जम्मा ८ जना साथै प्राविधिक धारमा २ जना प्रशिक्षक रहेका छन्।

दरबन्दीको हिसाबमा पालिकामा आधारभूत तह ५ सम्ममा जम्मा १७० जना, आधारभूत तह ६ देखि ८ सम्ममा जम्मा ४७ जना, मावि तह ९ र १० मा जम्मा २८ जना तथा मावि तह ११ र १२ मा जम्मा ८ जना दरबन्दी कायम रहेको र अन्य पालिका अनुदान र शिक्षण सहयोग अनुदानको रुपमा रहेको छ।

| क्र.सं. | विवरण | जम्मा | /राहत अनुदान | संघीय अनुदान | पालिका अनुदान |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तह | ६० | ० | | ० |
| २ | आधारभूत तह कक्षा १ — ५ | १७० | ४४ | | ० |
| ३ | आधारभूत तह कक्षा ६ — ८ | ५६ | २१ | ३ | ६ |
| ४ | माध्यमिक तह ९ — १० | ४४ | १० | १४ | २ |
| ५ | माध्यमिक तह ११ — १२ | ८ | ६ | | |
| ६ | प्राविधिक धार | २ | | | |
| | जम्मा | ३४० | ८१ | १७ | ८ |

**श्रोतः शिक्षा शाखा**

**तहगत रुपमा विद्यार्थी सङ्ख्या**

| तह | शैक्षिक सत्र २०८० | | | सामुदायिक विद्यालयमा मात्र | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | ४४२ | ४७९ | ९२१ | ३८६ | ४०४ | ७९० |
| आधारभूत तह कक्षा (१ — ५) | १४५६ | १४९७ | २९५३ | १३३३ | १३६४ | २६९७ |
| आधारभूत तह कक्षा (६ — ८) | ९४५ | ८८३ | १८२८ | ९३२ | ८६४ | १७९६ |
| माध्यमिक तह (९ — १०) | ४४३ | ४०१ | ८४४ | ४४३ | ४०१ | ८४४ |
| माध्यमिक तह (११ — १२) | ३०८ | २५४ | ५६२ | ३०८ | २५४ | ५६२ |
| प्राविधिक धार **(सङ्ख्या माथि जोडिएको)** | १६ | ६ | २२ | १६ | ६ | २२ |
| जम्मा | ३५९४ | ३५१४ | ७१०८ | ३४०२ | ३२८२ | ६६८९ |

**स्रोत EMIS २०८०**

**तहगत रुपमा विद्यार्थी सङ्ख्या**

| तह | शैक्षिक सत्र २०८१ | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | ४०६ | ४६९ | ८७५ |
| आधारभूत तह कक्षा (१ — ५) | १३७१ | १३९३ | २७६४ |
| आधारभूत तह कक्षा (६ — ८) | ८२१ | ७८० | १६०१ |
| माध्यमिक तह (९ — १०) | ४३० | ४०६ | ८३६ |
| माध्यमिक तह (११ — १२) | ७९ | ८५ | १६४ |
| प्राविधिक धार **(सङ्ख्या माथि जोडिएको)** | १६ | ६ | २२ |
| जम्मा | ३१०७ | ३१३३ | ६२४० |

**स्रोत** EMIS २०८१

**जातिगत रुपमा विद्यार्थी सङ्ख्या**

| तह | दलित | | | जनजाती | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास तह | | | | | | |
| आधारभूत तह कक्षा (१ — ५) | ६१६ | ६०१ | १२१७ | १३० | १२८ | २५८ |
| आधारभूत तह कक्षा (६ — ८) | ३९१ | ३१६ | ७०७ | ८८ | ७५ | १६३ |
| माध्यमिक तह (९ — १०) | १५७ | १३१ | २८८ | ४४ | ५१ | ९५ |
| माध्यमिक तह (११ — १२) | ६५ | ५५ | १२० | २९ | २१ | ५० |
| प्राविधिक धार | | | | | | |

**स्रोत** EMIS २०८१

**विभिन्न सूचक र अवस्था**

| तह | शिक्षक विद्यार्थी अनुपात | लैङ्गिक समता सूचक | कुल भर्ना दर | खुद भर्ना दर |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तह | १४.६ | ०.८७ | ७८.६ | ६८.५ |
| आधारभूत तह कक्षा (१ — ५) | १६.३ | ०.९८ | ११३.४ | ९६.४ |
| आधारभूत तह कक्षा (६ — ८) | २९.६ | १.०५ | ११४ | ९३.७ |
| माध्यमिक तह (९ — १०) | २२.६ | १.०६ | ८८.५ | ७४.९ |
| माध्यमिक तह (११ — १२) | २०.५ | ०.९३ | ५१.३ | ३७.६ |

**स्रोतः** स्रोत शिक्षा शाखा र CEHRD २०८०

यस गाउँपालिकामा कक्षा १ मा हुने कुल प्रवेश दर जम्मा १०५.३ र खुद प्रवेश दर ९५.९ प्रतिशत रहेको छ। यसै गरी आधारभूत तहको कुल भर्ना दर ११३.७ प्रतिशत तथा खुद भर्ना दर ९५.४ प्रतिशत रहेको छ। माध्यमिक तहमा कुल भर्ना दर ६९.६ प्रतिशत तथा खुद भर्ना दर ५६ प्रतिशत रहेको छ।समग्रमा सिम्ता गाउँपालिकाको शेक्षिक अवस्था हाल सुधारउन्मुख देखिएको छ। माध्यमिक तह ९—१२ को पढाइ पुरा गरेपछि धैरै विद्यार्थीले पढाइ छोड्ने गरेका छन्। १२ कक्षाको अध्ययन गरेपछि उच्च शिक्षा पढ्ने विद्यार्थीहरुको दर न्युन रहेको छ। यस गाउँपालिकाको सिकाइ उपलब्धि ५५ प्रतिशत रहेको छ। तहगत रुपमा हेर्दा १—५ को सिकाइ उपलब्धि ६१ प्रतिशत, कक्षा ६—८ को ५६ प्रतिशत र कक्षा ९—१२ को ४८ प्रतिशत रहेको छ। तह बढ्दै जाँदा क्रमश सिकाइ उपलब्धि घट्दै गएको देखिन्छ।यस्तो हुनुमा दोहोरो बस्ती बसाइ, शिक्षामा लगानीको कमी, शिक्षक कर्मचारी प्रोत्साहनमा कमी तथा अभिभावकमा चेतनाको अभाव, शिक्षक क्षमता विकास तालिमको कमी, गरीबी तथा शिक्षामा सरोकारवालाहरुको जिम्मेवारी तथा अपनत्वको कमी रहेको मुल कारण हो। सिम्ता गाउँपालिकाको साक्षरतादर ७६.५ रहेको छ जसमध्ये पुरुषको साक्षरता दर ८४.२ प्रतिशत रहेको छ भने महिलाको साक्षरता दर ७०.४ रहेको राष्ट्रिय जनगणना २०७८ को तथ्यांकमा उल्लेख छ।

### १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**क) समस्या विश्लेषण**

शिक्षा विकासको प्रमुख आधार हो भन्ने सर्वमान्य मान्यता अनुसार माथिको बुदाँमा गरिएको शैक्षिक विश्लेषण तथा यस गाउँपालिकाले अनुभूति गरेका र समग्र शैक्षिक क्षेत्रमा परेका समस्या तथा अवस्थाको भोगाइका हिसाबले शैक्षिक समस्या चुनौती तथा विकल्पहरु निम्नानुसार देखिएका छन्।

शिक्षा क्षेत्रको विकास र रुपान्तरणका लागि सिम्ता गाउँपालिकाले पनि हरेक वर्षहरुमा शिक्षाका विभिन्न उद्देश्य तथा लक्ष्यहरु निर्धारण गरेर अगाडि बढेका भएता पनि,  शिक्षा क्षेत्रको विकासलाई नीतिगत रुपमा पहिलो प्राथमिकता राखेको भएता पनि शिक्षाका कार्यक्रमहरु तथा स्रोत व्यवस्थापन सोही बमोजिम गर्न नसकेको अवस्था छ। गाउँपालिकाको शिक्षा समिति, वडा शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा लगायतको क्षमता विकास तथा परिचालनमा उल्लेख्य रुपमा कार्य गर्न पर्ने आवश्यकता देखिन्छ। गाउँपालिकाभित्र जम्मा ६० वटा सामुदायिक र संस्थागत ५ वटा विद्यालयहरु रहेका छन्।  सामुदायिक विद्यालयमा म ३३१ जना शिक्षक कार्यरत रहेको अवस्था छ। कार्यरत सम्पूर्ण शिक्षकलाई शिक्षक पेसागत सहयोग मार्फत उनीहरुको क्षमता विकास गरी सिकाइ क्रियाकलापहरु प्रभावकारी गराउन आश्यक देखिन्छ। शिक्षा शाखामा १ जना शिक्षा अधिकृत,  १ जना प्रा.स. , १ जना बालविकास संयोजक र १ जना अन्य कर्मचारी भएकाले हाल शिक्षा शाखाको जनशक्तिमा राहत मिलेको छ र उक्त जनशक्तिको प्रभावकारी परिचालन गरी विद्यालयको क्षमता विकास र सहयोगमा टेवा पुर्याउनुपर्ने देखिन्छ। यसै गरी विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम र सुरक्षित भौतिक संरचनाहरुको विकास समान तवरले हुन नसक्नु र यसको प्रभावकारी व्यवस्थापन गर्न नसक्नु पनि समस्याको रुपमा रहेको छ । गाउँपालिकाको गाउँ शिक्षा ऐन र नियमहरु, योजनाहरु, कार्यविधिहरुको निर्माण तथा कार्यान्वयन प्रभावकारी रुपमा हुन नसक्नु तथा शिक्षकहरुको क्षमता विकासका लागि प्रयाप्त तालिम, आवश्यक सिकाइ आदान प्रदान तथा पेसागत सहयोग, शिक्षक र विद्यार्थीका लागि न्यूनतम रुपमा आवश्यक सिकाइ सहजीकरण तथा शिक्षण सामग्रीहरुको अभाव, विद्यालयहरुमा पुस्तकालय र सिकाइ सामग्रीको कमी, विद्यार्थीको सिकाइ प्रवधर्न गर्न पढाइ मेला, पढाइ उत्सव, नतिजा प्रवोधिकरण लगायत अतिरिक्त क्रियाकलाप नहुनु, समुदाय परिचालन प्रभावकारी नहुनु पनि समस्याका रुपमा रहेका छन्। यसै गरी विद्यालयमा सुशासनका लागि आवश्यक आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, लेखा परीक्षण, विद्यार्थी अभिभावक भेला जस्ता कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु पनि समस्याको रुपमा देखिन्छ। यसका अलवा विद्यालयले निर्माण गर्ने विद्यालय सुधार योजना सहभागितामूलक नहुनु र सोही अनुसार कार्यान्वयन गर्न नसक्नु, विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि स्थानीय तहले कार्यविधि र मापदण्ड स्पष्ट गर्न नसक्नु, प्र.अ. को क्षमता विकास र प्रशासनिक दक्षतामा कार्य गर्न नसक्नु, सूचना प्रविधिको प्रभावकारी उपयोग गर्नपर्ने अवस्थामा पनि समय सुहाउदो सूचना प्रविधिको व्यवस्थापन र प्रयोग गर्ने गराउने वातावरणको सृजना गर्न नसक्नु, विद्यालयमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद मनोरञ्जन तथा सृजनात्मक क्रियाकलापका लागि न्यूनतम सामाग्रीहरु उपलब्ध नहुनु र विद्यालयले पनि यस्ता क्रियाकलापहरु प्रभावकारी रुपमा लागु गर्न नसक्नु, विद्यालयमा सुरक्षित घेरावार, शुद्ध पिउने पानी, सफा र वालमैत्री शौचालय, सरसफाइ तथा वातावरणीय अवस्थाहरुमा उल्लेख्य सुधार ल्याउन नसक्नु, व्यवहारीक र सीपमूलक तथा जीवनप्रयन्त शिक्षण सिकाइका अभ्यासहरुमा तिब्रता दिन नसक्नु पनि शिक्षाका समस्याका रुपमा देखिएका छन्। यसैगरी कक्षाकोठा व्यवस्थापनको प्रभावकारीतामा कमी, विद्यालयमा प्राथमिक उपचार कक्ष र प्राथमिक उपचारको प्रबन्ध नहुनु, सबै विद्यालयमा प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु नहुनु जस्ता समस्याहरु रहेका छन्। नियमित स्वास्थ्य परीक्षणको अभाव, अपाङ्गतामैत्री संरचना नहुनु, पोषण तथा दिवा खाजा व्यवस्थापन प्रभावकारी बनाउन नसकन्नु, अभिभावक शिक्षामा कमी, हरित विद्यालय अवधारणा लागु नहुनु, सबै विद्यालयमा सूचना प्रविधिको पहुँच राम्रो नहुनु, मनोसामाजिक परामर्श जस्ता कार्य नहुनु जस्ता समस्याहरु रहेका छन्।

**ख) चुनौती विश्लेषण**

सम्पूर्ण विद्यालयहरुमा मुख्य भौतिक पूर्वाधारहरु भवन, खेल मैदान,  घेराबार, शौचालय लगायतका पूर्वाधारहरु भएता पनि कक्षाकोठाभित्र आवश्यक पर्ने शैक्षिक सामग्रीहरु समयानुसार विद्यालयमा उपलब्ध गराउन नसक्नु साथै सबै विद्यालयमा विद्यार्थी मैत्री फर्निचर र न्यूनतम मापदण्डहरु पुरा गर्न नसक्नु पनि चुनौतीको रुपमा रहेको छ। विद्यालयमा निरन्तर रुपमा शिक्षक पेशागत सहयोग प्रदान गर्न, कक्षाकोठामा सिकाइ सहिजकरणको सहयोग गर्न नसक्नु,  सिकाइ सहजीकरण, अनुगमन, सुपरिवेक्षणका क्रियाकलापहरु न्यून र प्रभावकारी रुपमा तथा योजनावद्ध तवरले नहुनु तथा शिक्षकको क्षमता विकास र सक्षमताका लागि तालिम र शिक्षकलाई सिकाइ सहजीकरण सामग्री प्रयाप्त मात्रामा उपलब्ध गराउन नसक्नु पनि चुनौतीको रुपमा देखिएका छन्।

सामुदायिक विद्यालयमा विद्यार्थी टिकाउन, विविधतायुक्त समुदाय परिचालन गर्न र समुदाय र परिवार तथा अभिभावकहरुलाई सहकार्य अभिवृद्दि गर्न पनि थप चुनौतीको रुपमा देखिएको छ । विद्यालयको शैक्षिक व्यवस्थापकको रुपमा प्रधानाध्यापकको नियुक्ति नियम अनुसार गराउन नसक्नु, विद्यालय व्यवस्थापन समिति गठनमा अभिभावकको प्रभावकारी सहभागिता गराएर तोकिएको समयमा सम्पन्न गराउनु नसक्नु र सक्षम र योग्य व्यक्ति नेतृत्वमा ल्याउन नसक्नु, सामुदायिक विद्यालयको सिकाइ उपलब्धि स्तरमा लक्षित भार बमोजिम सुधार ल्याउन नसक्नु, विषयगत शिक्षकको व्यवस्थापन गर्न नसक्नु यसका अलवा विद्यार्थी कम भएका विद्यालयहरुको मर्ज, ग्रेड समायोजन गर्न नसक्नु, शिक्षक र विव्यस पोत्साहनका कार्यक्रममलाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्न पनि चुनौती रहेको छ । पुरानो विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको संरचना र उनीहरुलाई तीब्र क्षमता विकास गरी परिचालन गर्ने तथा बालबालिकालाई पूर्णरुपमा व्यावहारिक र जीवनोपयोगी शिक्षामा तीब्र रुपमा परिवर्तन ल्याउन पनि चुनौतीको रुपमा देखिन्छ । शिक्षा क्षेत्रमा हाल सम्म न्यून बजेट र स्रोत हनु पनि प्रमुख चुनौती रहेको छन् । विविध चुनौतीहरुको सामना गर्दै अघि बढ्न शिक्षा योजनाको निर्माण र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । यसका अलवा विषयगत शिक्षक दरबन्दी मिलान, वैज्ञानीक रुपमा विद्यालय समायोजन र वितरण, प्राविधिक शिक्षालयको स्थापना र दरवन्दी व्यवस्थापन जस्ता चुनौतीहरु रहेका छन् ।

**ग) अवसर विश्लेषण**

आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनु, माध्यमिक तह निःशुल्क हुनु, माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्रको रुपमा रहनु, संघीय सरकारले शिक्षाको नीति नियम वनाउनु, वजेट व्यवस्थापन संघीय सरकारले गर्नु, शिक्षामा सबैको चासो सरोकार बढ्नु, प्रत्येक स्थानीय तहमा माध्यमिक तहको पढाइ हुने कम्तिमा एक विद्यालय स्थापना गर्ने नीति हुनु, प्राविधिक शिक्षालाई महत्वपूर्ण क्षेत्रको रुपमा स्वीकार गर्नु, सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला पुस्तकालय स्थापना तीनै तहका सरकारको कार्यक्रममा प्राथमिकतामा पर्नु, शिक्षामा पहुँच बढाउन दिवा खाजा, अपाङ्गता भएकाहरुको लागि अपाङ्गता अनुसारको छात्रवृतिको व्यवस्था हुनु, छात्रवृति, लैङ्गिकमैत्री वसाइ व्यवस्थापन, शैक्षिक स्रोतको व्यवस्थापन, शौचालयको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन हुनु साथै समग्र शिक्षाको विकास तथा सुधारका लागि विद्यालय तहदेखि विद्यालय सुधार योजना तथा गाउँ शिक्षा क्षेत्र विकास योजना निर्माण गर्ने कार्यक्रम हुनु यस गाउँपालिकाका शिक्षाका मुख्य अवसरहरुमा रहेका छन् । पालिकाले पनि शिक्षा क्षेत्रलाई हाल प्राथमिकतामा राखेर कार्य गरेको र शिक्षा क्षेत्रको विकासलाई तिब्र गतीमा बढाउने लक्ष्य राखेकाले पनि शिक्षा विकास अवसरका रुपमा रहेको छ । यसका साथै विपदमा शिक्षा कार्यक्रम अन्तरगत पालिका तहमा शिक्षा समूह गठन र विपत शिक्षा योजना निर्माणका लागि तयारी रहेकाले विपत शिक्षा कार्यक्रम सञ्चालनका लागि अवसर रहेको छ ।

## परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माणका आधारहरु

नेपालको संविधान २०७२ को धारा ३१ बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक अन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षामा अनिवार्य तथा नि:शूल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हकको व्यवस्था गरेको छ। यसै गरी अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम नि:शूल्क उच्च शिक्षा पाउने हक र दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम नि:शुल्क शिक्षा पाउने हक साथै नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हकको व्यवस्था गरेको छ। यसै गरी स्थानीय सरकार सञ्चालन ऐनले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार प्रदान गरेको छ। सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन, मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन, गाभिएका वा बन्द गरीएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन र व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण जस्ता अधिकारहरु प्रदान गरेको छ। यसका अलवा राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, दीगो विकास लक्ष्य, १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजनाको लगायत सिम्ता गाउँपालिकाको आवधिक योजना, शिक्षा क्षेत्रका प्राथमिकताहरु, वार्षिक नीतिहरुका आधारमा यो योजना निर्माण गरिएको छ।

#### २.१ .१ संबैधानिक प्रावधान

नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिकभाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ। नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ। प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने। धारा ५१ राज्यका नीतिहरु (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने कुरा उल्लेख गरिएको छ।

यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

#### २.१ .२ स्थानिय सरकार सञ्चालन ऐन २०७४

स्थानिय सरकार सञ्चालन दफाआ ऐनको ११ (२) ज मा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन, सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन, मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन, गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन, विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण, सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान, विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन, सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन, निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, ट्यूसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन, स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन, सामुदायिक विद्यालयलाई दिने

अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन, शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन जस्ता कुरा बारे स्पस्ट पारिएको छ।

गाउँस्थानीय तह तथा नगरस्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ। योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

**२.१ .३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७**

संघ, प्रदेश र स्थानिय तहले तय गरियका आयोजना एकरूपता, गुणस्तरियता संगै दोहोरो पन न्यूनिकरण र प्रभावकारी कार्यन्वयनका कुरा उल्लेख गरिएको छ। यो ऐनमा स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने कुरा उल्लेख छ। प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्ने कुरा उल्लेख छ। संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्छ।

**२.१ .४ अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७**

यो ऐन दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थामा स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ। चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने कुरा उल्लेख छ।

दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने, दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने। दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने, दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था, दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा, दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था रहेको छ।

स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन सामुदायिक सिकाई केन्द्र, आधारभूत प्रौढ शिक्षा र परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम सञ्चालन गर्ने कुरा उल्लेख गरिएको छ। भने आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउन प्रवन्ध सम्मन्ध र माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने कुरा लेखिएको छ। बालबालिका लाइ प्रोत्सान र विद्यालयमा आकर्षण वढाउन जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा छात्रवृत्ति, अन्य छात्रवृत्ति तथा विशेष व्यवस्था, ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि व्यावस्थापन गर्नु पर्ने कुरा रहेको छ।

## २.२ दूरदृष्टि

"गाउँपालिकाको समृर्द्धिको आधार : समता सहितको सर्वसुलभ , प्रविधियुक्त, जीवनपयोगी र सक्षम जनशक्ति निर्माणमा गुणस्तरीय शैक्षिक पूर्वाधार"

**२.३ लक्ष्य**

शैक्षिक पूर्वाधार र प्रविधिमैत्री तथा उत्पादनमूखी शिक्षाको माध्यमले समता सहितको सर्वसुलभ गुणस्तरीय तथा जीवनउपयोगी शिक्षा सुनिश्चत गर्ने।

**२.४ उद्देश्य**

शैक्षिक योजनाको प्रभावकारी कार्यन्वयनको माध्यमबाट समता सहितको सर्वसुलभ, जीवनपयोगी र प्रविधिमैत्री तथा उत्पादनमूखी गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु यस शिक्षा योजनाको प्रमुख उद्देश्य रहेको छ

- सबै प्रकारका बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक र सहभागिता पहुँच सुनिश्चित गर्नु
- नविनतम प्रविधिको प्रयोग गरी शिक्षण सिकाइलाई जीवन उपयोगी, व्यावहारीक र प्रयोगात्मक शिक्षाको प्रबन्ध गर्नु
- शिक्षक पेशागत सहयोग प्रणालीको कार्यान्वयन गरी दक्ष र क्षमतावान शिक्षकको उत्पादन गर्नु

- सुरक्षित, बालबालिका, अपाङ्गता, लैगिक, यौनिक अल्पसंख्यक एबम प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गरी सुरक्षित तथा समतामुलक सिकाइ वातावरण तयार गर्नु,

- आधारभूत तथा माध्यमिक विद्यालय शिक्षामा समन्यायिक पहुँच विस्तार एबम शैक्षिक गुणस्तरमा सुधार गर्नु,

- स्थानीय पाठ्यक्रम निर्माण गरि प्रभावकारीरुपमा कार्यान्वयन गर्नु

- सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता बिकास, व्यवस्थापन तथा परिचालन गरी अनौपचारिक शिक्षा एबम जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु

- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु,

- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा लाइ सुनिश्चित गर्नु,

- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्थापन र सञ्चालन गरी सीपयुक्त जनशक्ति उत्पादन गर्नु,

- अनुसन्धान एबम खोजमुलक शिक्षामा जोड दिनु

- बिद्यालय व्यावस्थापनमा सुशासन, जवाफदेहिता , उत्तरदायित्त्वमा सुधार गर्न, अनुगनमन, सुपरिबेक्षण तथा मुल्यांकनलाइ प्रभावकारीरुपमा कार्यन्वयन गर्नु

**२.५ रणनीतिहरु**

सिम्ता गाउँपालिकाको शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि तपशिलका रणनीतिहरु तय गरिनेछः

- प्रारम्भिक बालविकास तथा शैक्षिक कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा लिने र सोही अनुसार नीति कार्यक्रम तय गर्ने

- गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको मूल प्रवाहमा ल्याउने

- नेपालको संविधानको धारा ३१ बमोजिम आफ्नो पालिकामा अनिवार्य निःशुल्क र नि:शुल्क शिक्षाको व्यवस्था गर्ने

- विद्यालयको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय पक्षको व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने

- गाउँपालिकाभित्रका विद्यालयहरुको भौतिक पूर्वाधारको विकासका लागि संघ र प्रदेश सरकारसँग पहल एवंम समन्वय गर्ने

- माध्यमिक तहदेखि प्राविधिक तथा व्यावसायिक शिक्षाको संचालन गर्ने

- शिक्षालाई व्यावसायिक सीप तथा प्रविधिसँग जोड्न नीति तथा कार्यक्रम बनाई लागू गर्ने

- प्रत्येक वडामा पहिलो चरणमा तहगत रुपमा नमुना विद्यालयको विकास गर्ने तथा माध्यमिक तहमा आवासिय विद्यालयको व्यवस्थापन गर्ने,

- विद्यालयमा बालबालिकाको पोषणको अवस्था तथा स्वास्थमा सहयोग पुग्नेगरी स्थानीय रुपमा उत्पादित दिवा खाजाको प्रबन्ध गर्नुका साथै स्थानीय स्वास्थ तथा अन्य सम्वन्धीत सरकारी तथा गै.स.स. सहकार्य गर्दै सरसफाइ तथा स्वच्छता शिक्षा विद्यालय मार्फत प्रदान गर्ने,

- अपाङ्गता तथा सुविधा विहिन बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन, विद्यालयमा निरन्तरता र सिकाइमा सहभागी गराई उपलब्धि सुधार गर्ने यसका लागि अपाङ्गता भएका बालबालिकाका लागि सहजिकरण गर्न तालिम प्राप्त शिक्षकको व्यवस्थापन, शैक्षिक सामग्री तथा सहायता सामग्रीको व्यवस्थापन गर्ने,

- विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेशागत विकासमा टेवा पुर्याउने,

- विद्यालयको नेतृत्व प्रणालीमा सुधार गर्दै प्रत्येक विद्यालयमा प्रविधिको पहुँचको विकास गर्ने,

- शैक्षिक संस्थाको गुणस्तर अभिवृद्दिका लागि प्रभावकारी अनुगमण, निरीक्षण मुल्याकन गरी शिक्षकको पेशागत विकासमा सहयोग गर्ने,
- कार्यसम्पादनका आधारमा विद्यालयहरुको वर्गीकरण गरी राम्रो अभ्यास गर्ने विद्यालय,शिक्षकलाई प्रोत्साहन र कार्यसम्पादन कमजोर भएका संस्थाको मूल्याङ्कन गरी दण्ड र पुरस्कारको नीति अवलम्बन गर्ने,
- नीजि लगानीका शैक्षिक संस्थाहरुलाई नियमन गर्ने र राम्रा अभ्यासलाई अनुसरण गर्दै स्तरीकरण गर्ने ।
- सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका असल अभ्यासलाई अनुसरण गर्दै निजी विद्यालयहरुको प्रभावकारी परिचालन गर्ने,
- स्थानीय पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वियनमा लैजाने ।
- शिक्षा क्षेत्रलाई पालिकाले पहिलो प्राथमिकतामा राख्ने तथा शैक्षिक कार्यक्रममा अन्य संस्थाहरुसँग हातेमालो गरी शिक्षा विकासको लागि बहस तथा पैरवी गर्ने ।
- शिक्षा युवा तथा खेलकुद शाखाको सवलीकरण र सुदृढिकरण गरी शिक्षासँग सम्वन्धीत संरचनालाई दक्षतापूर्ण प्रभावकारी र नतिजामूलक बनाउने । नैतिक शिक्षामा जोड दिई माता, पिता र गुरु र आफ्नो माटोलाई माया गर्ने शैक्षिक जनशक्ति निर्माण गर्ने,
- संघ र प्रदेशले बनाएका शिक्षाका नीतिसँग नबाझिने गरी पालिकाले शिक्षा सम्वन्धी आवश्यक नीति तथा कानुन निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

**२.६ कार्यनीति**

- प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बालविकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याइनेछ ।
- प्रारम्भिक कक्षाको सिकाइ सुधारको लागि पढ्नका लागि सिक्ने र सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ ।
- आधारभूत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वियन गरिनेछ ।
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ ।माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी निरन्तर सिकाइको लागि परिचालन गरिनेछ र उत्कृष्ठलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।
- भर्ना अभियान कार्यबाट विद्यालय जान नसक्ने पहिचान भएका बालबालिकाहरुको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाँउपालिका अध्यक्ष कार्यक्रम लागु गरी बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ ।
- पालिकाका सबै वडाहरुमा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापकहरु तथा शिक्षकलाई प्रोत्साहनको व्यवस्था तथा प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- विद्यालय सुपरीवेक्षण, अनुगमन तथा शिक्षकको पेशागत सहयोगको लागि पालिका तहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ ।
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरलाई सुनिश्चितता गरिनेछ ।
- विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिँदै सिकाइको लागि मूल्याङ्कनसाथै पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ ।
- सबै विद्यालयमा पठन समाग्री सहितको पुस्तकालय, प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनत्तम सामग्रीको व्यवस्थापनगरिनेछ ।
- शिक्षण सिकाइ सुधारको लागि एक विद्यालय एक शैक्षिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वियनमा ल्याइनेछ ।
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरु सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चतता गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- निरन्तर सिकाइको लागि सामुदायिक सिकाइ केन्द्रको थप सुदृढीकरण गरी निरन्तर सिकाइ कार्यक्रम सामुदायिक सिकाइ केन्द्रबाट गरिनेछ ।

- विद्यालय प्रधानाध्यापकको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय बनाउन निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरुका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ।
- विद्यालय तहका सबै बालबालिकाहरुको पुहँच सुधारको लागि भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्वन्धीत वडाको वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्यको संयोजकत्वमा समिति तयार गरी विद्यार्थी भर्ना अभियानलाई घरदैलो अभियान सहित विवरण र विद्यालय, वडा तथा पालिकास्तरमा सञ्चालन गरिनेछ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ।
- बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक, त्रैमासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ।
- संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रम लागि भर्चुअल तथा अडियो भिजुअल तथा अन्य छपाइ मार्फत सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ।
- भौतिक पूर्वाधार (भवन, थप कक्षाकोठा, खेलमैदान, घेराबारा, स्वच्छ पिउने पानी, शौचालय, फर्निचर , हरित विद्यालय आदि) विकास गरिनेछ।
- रोष्टर शिक्षक र स्रोत शिक्षकको व्यवस्थापन गरि गुणस्तर सुधराका लागि प्रभावकारी परिचालन गरिनेछ। ।
- सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरुका सन्ततिहरुलाई सरकारी विद्यालयमा पढाउने नीतिलाई प्रवर्द्धन गरिनेछ। विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- प्राविधिक शिक्षालय स्थापनका लागि अध्ययन अनुसन्धान गरिनेछ, साथै शिक्षासँग सरोकार राख्ने संघसस्था तथा सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्य प्रभावकारी रुपमा बढाइनेछ।

**२.७ अपेक्षित उपलब्धिहरु**

- प्रारम्भिक, आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संस्थाहरूमा पेसागत रूपमा सबै जनशक्ति दक्ष भै कार्यरत रहेको हुने छ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिवद्द र रोजगारउन्मुख नागरिक तयार भएको हुने छ।
- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने छ।
- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन्।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने छ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुने छ।
- विद्यालयमा बालबालिकाका लागि अतिरिक्त शैक्षिक सामग्री सहितको पुस्तकालय, पुस्तकालय सहितको विद्यालय, प्रविधिको समुचित प्रयोग सिकाइ अभिबृद्धि सहितको शैक्षिक गुणस्तर सुधार भएको हुने छ।
- प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने छ।
- आधारभूत तह कक्षा ८, र माध्यमिक तह कक्षा १० र १२ मा विद्यार्थीको टिकाउ दरमा वृद्धि भएको हुने छ।
- सबै तहका विद्यालयले आधारभूत मापदण्ड पुरा गरी माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

- प्राविधिक शिक्षालयको स्थापना भै विद्यार्थीहरुले विभिन्न क्षेत्रको व्यवहारिक सीप हाँसिल गरेका हुनेछन् । पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने छ ।
- विद्यार्थी भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुने छ ।
- विद्यालयहरूमा प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने छ ।
- स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुने छ ।
- बालबालिकाको पोषण, स्वास्थ्य, सुरक्षित खानेपानी, अतिरिक्त क्रियाकलाप, खेलकुद सहित हरित विद्यालय जस्ता क्षेत्रमा उल्लेख्य रुपमा सुधार भएको हुने छ ।

## २.८ शिक्षा योजनाका कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर | स्थानीय | ७८६ | ८०० | ८५० | ८८० |
| | | प्रदेश | ८६.८५ | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिइ कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका | स्थानीय | ७०.५ | ७५ | ८५ | ९५ |
| | | प्रदेश | ८१.९१ | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर | स्थानीय | ९५.९ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ९५.९५ | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर | स्थानीय | १०५.२ | १०४ | १०३ | १०१ |
| | | प्रदेश | १२०.९९ | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १—५ मा खुद भर्ना दर | स्थानीय | ९६.४ | ९७ | ९८ | ९९ |
| | | प्रदेश | ९५.८५ | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १—५ मा कूल भर्ना दर | स्थानीय | ११३.५ | ११० | १०७ | १०३ |
| | | प्रदेश | १२६.३९ | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | | |
| २.५ | आधारभूत तहको कक्षा १—५ को कक्षा छाड्ने दर | स्थानीय | ५.५ | ३ | २ | ० |
| | | प्रदेश | ४ | | | |
| | | राष्ट्रिय | ३.२४ | | | |
| २.६ | आधारभूत तहको कक्षा १—५ को कक्षा दोहोराउने दर दर | स्थानीय | १०.९ | ८ | ५ | २ |
| | | प्रदेश | १२.२५ | | | |
| | | राष्ट्रिय | ८.४९ | | | |
| २.७ | आधारभूत तहको कक्षा १—५ को कक्षा उतीर्ण दर | स्थानीय | ७९.६ | ८५ | ९० | ९५ |
| | | प्रदेश | ७९.१५ | | | |
| | | राष्ट्रिय | ८३.८३ | | | |
| २.८ | आधारभूत तह प्राथमिक कक्षा ५ पुरा गर्ने दर | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ |
| २.९ | आधारभूत तहमा प्राथमिक कक्षा १—५ मा भर्ना भएका ५—९ वर्ष उमेर भन्दा माथिका बालबालिका | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० |
| २.१० | आधारभूत तह प्राथमिक कक्षा १—५ कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | ०.९८ | ०९.८५ | ०.९९ | ०.९९५ |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ |
| २.११ | आधारभूत तह कक्षा १—८ मा खुद भर्ना दर | स्थानीय | ९५.४ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० |
| २.१२ | आधारभूत तह कक्षा १—८ मा कूल भर्ना दर | स्थानीय | ११३.६ | ११० | १०७ | १०३ |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर | | स्थानीय | ८६.९ | ९० | ९३ | ९८ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर | | स्थानीय | ८४.०० | ९० | ९५ | ९८ |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० |
| २.१५ | आधारभूत तह कक्षा १—८ कूल भर्ना दरमा लैङ्गिक समता सूचक | | स्थानीय | १.०० | १.०० | १.०० | १.०० |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० |
| | | अङ्ग्रेजी | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ८ को तह ३ हासिल भएका बालबालिकाको सङ्ख्या | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० |
| | | विज्ञान | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | आधारभूत (कक्षा १-५) | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ६.६ | | १.० | ० |
| २.२० | आधारभूत तह कक्षा १ – ८ अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको प्रतिशत | स्थानीय | | ५६ | ५६ | ५६ | ५० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४७ | ४५.० | ५०.० | ५०.० |
| २.२१ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा छोड्ने दर | स्थानीय | | ३.३ | ३ | ३ | १ |
| | | प्रदेश | | ३.०३ | | | |
| | | राष्ट्रिय | | २.८ | | | |
| २.२२ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा दोहोराउने दर | स्थानीय | | १०.६ | ८ | ६ | २ |
| | | प्रदेश | | ६.५६ | | | |
| | | राष्ट्रिय | | ५.१९ | | | |
| २.२३ | आधारभूत तह कक्षा ६ –८ मा कक्षा उतिण दर | स्थानीय | | ८२.४ | | | |
| | | प्रदेश | | ८५.८१ | ९० | ९५ | ९८ |
| | | राष्ट्रिय | | ८८.२ | | | |
| ३.१ | माध्यमिक तह कक्षा ९ –१२ मा खुद भर्ना दर | स्थानीय | | ५६ | ६० | ७० | ७५ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५.० | |
| ३.२ | माध्यमिक तह कक्षा ९ –१२) मा कूल भर्ना दर | स्थानीय | | ६९.६ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक कक्षा ९ –१२ | स्थानीय | | १.१४ | १।१० | १।०६ | १।०२ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन् दर | स्थानीय | | ४६ | ५० | ५५ | ६० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ९७.५ | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९ –१२ मा कार्यरत महिला शिक्षक प्रतिशत | स्थानीय | | १६ | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० |
| ३.८ | माध्यमिक तह कक्षा ९ –१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी | स्थानीय | विज्ञान | | | | |
| | | | प्रा.व्या. | १.४९ | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | प्रदेश | विज्ञान | | | | |
| | | | प्रा.व्या. | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि ( अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | गणित | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | विज्ञान | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | | | |
| ३.१० | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा छोड्ने दर | स्थानीय | | २.५ | २ | १.५ | १ |
| | | प्रदेश | | २.३५ | | | |
| | | राष्ट्रिय | | १.९४ | | | |
| ३.११ | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा दोहोराउने दर | स्थानीय | | १.२ | १.१ | ०.५ | ०\|३ |
| | | प्रदेश | | २.४७ | | | |
| | | राष्ट्रिय | | २.१८ | | | |
| ३.१२ | माध्यमिक तह कक्षा ९ –१० मा कक्षा उतिण दर | स्थानीय | | ९१.९ | ९३ | ९५ | ९८ |
| | | प्रदेश | | ९१.५२ | | | |
| | | राष्ट्रिय | | ९३.४२ | | | |
| | माध्यमिक तह कक्षा ११ –१२ मा कक्षा छोड्ने दर | स्थानीय | | २.२ | १.८ | १ | ०.५ |
| | | प्रदेश | | १.११ | | | |
| | | राष्ट्रिय | | ०.८९ | | | |
| ३.१३ | माध्यमिक तह कक्षा ११ –१२ मा कक्षा दोहोराउने दर | स्थानीय | | ० | ० | ० | ० |
| | | प्रदेश | | २.८ | | | |
| | | राष्ट्रिय | | ०.७८ | | | |
| ३.१४ | माध्यमिक तह कक्षा ११ –१२ मा कक्षा उतिण दर | स्थानीय | | ९१.९ | ९३ | ९५ | ९७ |
| | | प्रदेश | | ९१.११ | | | |
| | | राष्ट्रिय | | ९१.२७ | | | |
| ४.१३.१५ | साक्षरता दर कुल | स्थानीय | | ७६.५ | ८० | ८५ | ९० |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता | स्थानीय | | १.०५ | १.०३ | १.०२ | १.०० |
| | | प्रदेश | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षा ९ –१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह उत्तीर्ण जनशक्ति वार्षिक सङ्ख्या | स्थानीय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | प्रदेश | छात्रा | | | | |
| | | | छात्र | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | |
| | | | छात्र | | | | |
| ६.१ | आधारभूत तह कक्षा १ –५ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | १६.६:१ | १७:१ | १९:१ | २०:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ |
| ६.२ | आधारभूत तह कक्षा ६ –८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय) | स्थानीय | | २९.६:१ | ३०:१ | ३०:१ | ३०:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ |
| ६.३ | आधारभूत तह कक्षा १ –८ मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २१.३:१ | २२:१ | २३:१ | २४:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ |
| ६.४ | माध्यमिक तह कक्षा ९ –१ ० मा विद्यार्थीःशिक्षक अनुपात सामुदायिक विद्यालय | स्थानीय | | २२.६.:१ | २३.:१ | २४.:१ | २६.:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४:१ | | ३०:१ | ३०:१ |
| ६.५ | माध्यमिक तह कक्षा ९—१२ मा विद्यार्थीःशिक्षक अनुपात | स्थानीय | | ३१.२४:१ | ३१:१ | ३०:१ | ३०:१ |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट रू हजारमा | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० |
| ७.२ | आधारभूत तह कक्षा १—८ मा प्रति विद्यार्थी सरकारी खर्च रू हजारमा | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | |
| ७.३ | माध्यमिक तह कक्षा ९—१२ मा प्रति विद्यार्थी सरकारी खर्च रू. हजारमा | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | |

## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ वर्तमान अवस्था

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले प्रारम्भिक बालविकास र शिक्षा केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ। तत्कालीन शिक्षा विभागबाट विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत प्रारम्भिक बालविकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पुरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्रावधान उल्लेख गरेको छ। उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ।

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरुलाई सिकाइप्रति प्रेरित गर्न र उनीहरुको सर्वाङ्गीण विकास गर्नको लागि तयार पारिएको शैक्षिक कार्यक्रम हो। प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमले बालबालिकाहरुको शारिरीक, मानसिक, संवेगात्मक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुर्याउँछ। प्रारम्भिक बालविकास र शिक्षाले बालबालिकाहरुलाई कक्षा १ मा भर्ना हुनु पूर्व आधारभूत सीप सिकाइका क्षेत्रहरु र विषयगत सीप सिकाइका क्षेत्रहरुको माध्यमबाट विभिन्न ज्ञान, सीप, धारणा र अभिवृत्ति प्राप्त गर्न सहयोग गर्छ।यस शिक्षाले बालबालिकाहरुमा आधारभूत व्यावहारिक ज्ञान र संस्कार सिकाउँदै कक्षा १ मा अध्ययनको लागि आधारशीलाको निर्माण गराउँछ। साधारणतः ४ (चार) वर्ष उमेर पुरा भएका बालबालिकाहरु यसमा संलग्न भएका हुन्छन्। नेपालको अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५, अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७, राष्ट्रिय शिक्षा नीति २०७६ र राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा व्यवस्था भएअनुसार प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित हुनु पर्दछ। प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको पहुँच र गुणस्तर सुनिश्चित गर्नको लागि सिम्ता गाउँपालिकाको शिक्षा योजनामा यसलाई समावेश गरिएको छ।

सिम्ता गाउँपालिकामा सामुदायिक तर्फ जम्मा ५१ ओटा प्रारम्भिक बालविकास केन्द्रहरु रहेका छन्। यसमा ५ वटा प्रारम्भिक बालविकास र शिक्षा केन्द्र समुदायमा आधारित रहेका छन् भने ४६ वटा विद्यालयमा आधारित प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरु रहेका छन्। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा जम्मा ६० जना प्रारम्भिक बालविकास शिक्षकहरु कार्यरत रहेकाछन् बालविकास शिक्षकहरु सबैको न्यूनतम योग्यता र तालिम पुगेको छ। प्रारम्भिक बालविकासमा आधार वर्ष २०८० को तथ्याङ्क हेर्दा कुल भर्नादर ७८.६ र खुद भर्नादर ६८.५ मात्र रहेको । शिक्षक विद्यार्थी अनुपान १४.६ रहेको छ भने लैङ्गिक समता सूचक ०.८७ रहेको छ। कुनैपनि प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुले न्यूनतम मापदण्ड पुरागरेको देखिदैन। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले पाठ्यक्रमको प्रयोग, सन्दर्भ सामग्रीहरुको प्रयोग गरेको देखिदैन। प्रारम्भिक बालविकास र शिक्षा केन्द्रमा भने चार वर्ष उमेर नपुगेका र चार वर्ष बढी उमेरका बालबालिकाहरु भर्ना भएको पाइन्छ। यसले खूद भर्नादर र कूल भर्नादरलाई प्रत्यक्ष असर पारिरहेको छ। अझै पनि कतिपय स्थानहरुमा प्रारम्भिक बालविकासको लागि भवन, कक्षा कोठा, सिकाइ सामाग्रीहरु, अपाङ्गमैत्री भौतिक संरचना, पहुँचमार्ग, पोषणयूक्त दिवा खाजाको प्रयाप्तताामा समस्या परिरहेको देखिन्छ। प्रारम्भिक बालविकासमा कार्यरत सहजकर्ताहरुको समयसापेक्ष पारिश्रमिक र पेसागत सीप विकासका अवसरहरुमा कमी देखिन्छ। यसलाई समयसापेक्ष स्रोतहरु जुटाएर सुधार गर्नु पर्ने देखिन्छ। यी समस्याहरुले गर्दा प्रारम्भिक बालविकास र शिक्षामा अध्ययनरत बालबालिकाहरुको सिकाइमा प्रत्येक्ष वा अप्रत्येक्षरुपमा प्रभाव परिरहेको छ। यी समस्याहरुलाई समाधान गर्न संघ, प्रदेश, स्थानीय सरकार लगाएत सबै सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ।

#### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई एकीकृत गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको समतामूलक अवसर सुनिश्चित गर्न देहाय बमेजिमका उद्देश्यहरु अवलम्बन गरिनेछ।

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच सुनिश्चित गर्नु

ख) सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ को लागि तयार पार्नु

ग) प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तरमा सुधार ल्याउनु

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको क्षमता विकास र प्रोत्साहनमा प्रेरित गर्नु

ङ) सबै प्रारम्भिक बालविकास र शिक्षा केन्द्रहरुमा न्यूनतम मापदण्ड पुरा गरी बालबालिकाको लागि सिकाइको सुरक्षित वातावरण निर्माण गर्नु

**३.१.३ रणनीति**
माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नको लागि तपशिलका रणनीतिहरु अवलम्बन गरिने छ :

क) प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाहरुको समतामूलक सहभागिता सुनिश्चित गर्नको लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने ।

ख) भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाहरुका लागि आवश्यकताका आधारमा सिकाइ केन्द्र थप गर्ने ।

ग) बालविकासको शैक्षिक गुणस्तर सुनिश्चित गर्न र सिकाइको सुदृढीकरणका लागि शिक्षकको क्षमता विकास, पाठ्यक्रम प्रवोधिकरण, अभिभावक सचेतिकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरुको पेशागत दक्षता अभिवृद्दि गर्नुका साथै समय सापेक्ष पारिश्रमिक बढाउन स्रोतको व्यवस्थापन गर्ने ।

ङ) बालबालिकाहरुको सिकाइलाई सुनिश्चित गर्न अभिभावक शिक्षामा जोड दिने ।

च) प्रारम्भिक बालविकासको अनुभव लिएका बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गराउने नीति अवलम्बन गर्ने ।

छ) आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने र समायोजन गर्ने ।

ज) राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम कार्यक्रमहरु सञ्चालन गर्ने ।

झ) प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्दिको निम्ति प्रारम्भिक बालविकासमा कार्य गर्ने सम्पूर्ण सरोकारवालाहरुसँग सहकाय गर्ने ।

ञ) प्रारम्भिक बालविकास र शिक्षाका सेवाहरु प्रदान गर्दा हरित विद्यालय अवधारणा अवलम्बन गर्ने ।

ट) एक विद्यालय एक प्रारम्भिक बालविकास र शिक्षा केन्द्र अनिवार्य गर्ने ।

ठ) नमुना प्रारम्भिक बालविकास र शिक्षाको अवधारणा लागु गरी विस्तार गरिनेछ ।

**३.१.४ प्रमुख उपलब्धि तथा नतिजा**
**प्रमुख उपलब्धिः**

क) ४ वर्ष उमेर पुगेका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

ख) प्रारम्भिक बालविकास र शिक्षाबाट बञ्चित बालबालिकाहरुलाई समावेश गराई उनीहरुको सिकाइ सुनिश्चित भएको हुनेछ ।

ग) सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेको हुनेछन् ।

घ) प्रारम्भिक बालविकास र शिक्षाका लागि उमेर पुगेका सत प्रतिशत बालबालिकाहरुले प्रारम्भिक बालविकासको अनुभव हाँसिल गरेका हुनेछन् ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना सङ्ख्या | ९२१ | ९१५ | ९१० | ९०८ | ९०५ | ९०५ | ९०० | ८९५ | ८९० |
| २ | न्युनतम् मापदण्ड पुरा गरेका | ० | ५ | १० | १५ | २० | ४० | ६० | | |

| क्र.स. | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालविकास केन्द्रको सङ्ख्या | | | | | | | | | |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ११३.८ | ११२ | १११ | १०९ | १०७ | १०६ | १०५ | १०४ | १०० |
| ४ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ६८.५ | ७० | ७२ | ७५ | ७८ | ८३ | ८५ | ८७ | १०० |
| ५. | शिक्षक विद्यार्थी अनुपात | १४.६ | १५ | १५ | १६ | १७ | १७ | १८ | १८ | २० |
| ६ | लैङ्गिक समता सूचक | ०.८७ | ०.८८ | ०.८९ | ०.९० | ०.९१ | ०.९२ | ०.९३ | ०.९४ | ०.९८ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले गर्ने ? कहाँ गर्ने ? |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | टिपीडि र बालविकास शिक्षकको क्षमता विकास तालिम | पटक | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | प्रति वर्ष | पालिका |
| २ | बालबालिकाको स्वास्थ्य परीक्षण र खोप तथा वृद्दि विकास अभिलेखिकरण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | विद्यालय |
| ३ | स्थानीय स्तरमा उपलब्ध शैक्षिक तथा खेल सामग्री निर्माण तालिम तथा अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ४ | पाठ्यक्रम प्रबोधिकरण तथा पुनताजकी | पटक | | १ | | १ | | २ | पालिका |
| ५. | बालविकास केन्द्रको नक्साङ्ककन तथा पुनः वितरण | पटक | १ | | | | १ | | पालिका |
| ६ | अभिभावक शिक्षा र सचेतिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका विद्यालयमा |

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले गर्ने ? कहाँ गर्ने ? |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | बालविकास शिक्षकको उत्प्रेरणा गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ८ | बालविकास केन्द्रहरुमा खेल तथा शैक्षिक सामग्री व्यवस्थापन | केन्द्र | ५ | १० | १० | १० | १६ | ९ | पालिका |
| ९ | बालविकास र क्केन्द्रहरुमा ६ सिकाइ कर्नरको व्यवस्थापन | केन्द्र | ५ | १० | १० | १० | १६ | ९ | पालिका |
| १० | बालविकासका बालबालिलकालाई स्थानीय उत्पादनमा आधारित खाजाको यबस्थापन | जना | | | | | | | पालिका |
| ११ | सिकाइमैत्री स्मार्ट कक्षाकोठा व्यवस्थापन | केन्द्र | २ | १० | १० | १० | १० | ९ | पालिलका |
| १२ | शिक्षक पेशागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समूहलाइ अभिमुखिकरण तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १३ | प्रारम्भिक बालबाविका र शिक्षामा भर्ना अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | गाउँपालिका |
| १४ | बिषयगत शिक्षक सिकाइ समूह गठन, क्षमता विकास एबम पालिका तथा अन्तरपालिका स्तरीय सिकाइ आदानप्रदान | | | | | | | | |
| १५ | नमुना बालविकास केन्द्रको स्थापना | वटा | | १ | १ | १ | १ | ५ | गाउँपालिका |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा नामाकरण गरिएको छ । आधारभूत शिक्षाले बालबालिकाहरुको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवनयापन र सामाजिकीकरणमा सहयोग पुर्याउछ । यस शिक्षा प्रणालीले बालबालिकाहरुलाई जीवन पर्यन्त सिकाइमा मार्गदर्शन गरी मूल'कको सामाजिक र आर्थिक विकासमा सहयोग पुर्याउछ । नेपालको संविधान २०७२ ले आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क हुने व्यवस्था गरेको छ । त्यसकारण, नेपालमा बसोवास गर्ने प्रत्येक बालबालिकाहरुलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । अनिवार्य तथा निःशूल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशूल्क शिक्षा नियमावली २०७७ मा व्यवस्था भए बमोजिम सो उमेर समूहका सवै बालबालिकाहरुलाई अनिवार्य र नि:शुल्क शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनूसुची ८ मा पनि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गरिएको छ । आधारभूत शिक्षामा समतामूलक पहुँच र गुणस्तर कायम गर्न विभिन्न कार्यक्रमहरुको व्यवस्था गरेको छ। आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र समग्र शिक्षा क्षेत्रको व्यवस्थापकीय प्रबन्धको मौजुदा अवस्थाका आधारमा आधारभूत शिक्षाका चुनौतीहरु पहिचान गरी यसको उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरुका साथै लक्ष्य तोकिएको छ ।

यस गाउँपालिकामा रहेका ६५ वटा सामुदायिक र संस्थागत विद्यालयहरुमा ५ वटा संस्थागत र ६० वटा सामुदायिक विद्यालयहरु छन् । सबै ६५ वटा विद्यालयहरुमा आधारभूत तह सञ्चालन रहेका छन् । जसमा कक्षा १–३ सम्म मात्र १४ वटा , कक्षा १– ५ सम्म मात्र ३१ वटा , कक्षा १–८ सम्म मात्र ८ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । वि.स.२०८० को तथ्याङ्क अनुसार आधारभूत तहमा अध्ययन गर्ने जम्मा विद्यार्थीको सङ्ख्या ४,७८१ रहेको छ । तिनीहरु मध्ये छात्र २,३८० जना र छात्रा २,४०१ जना रहेका छन् । लैङ्गिक समता सूचक आधारभूत तहमा १.०० प्रतिशत रहेको छ । आधारभूत तहमा कक्षा १ मा कुल प्रवेश दर १०५.२ र खुद प्रवेश दर ९५.९ रहेके छ । त्यसैगरी कक्षा १ देखि ८ सम्मको कुल भर्ना दर ११३.६ र खुद भर्नादर ९५.४ रहेको छ । कक्षा (१—५) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश ११३.४ र ९६.४ तथा कक्षा (६—८) को कुल भर्ना दर र खुद भर्ना दर क्रमश ११४ र ९३.७ रहेको छ । कक्षा ८ को खुद टिकाउ दर ८६.९ रहेको छ । कक्षा (१—५) र कक्षा (६—८) को कक्षा उत्तीर्णदर क्रमशः ७९.६ प्रतिशत र ८२.४ प्रतिशत रहेको छ । कक्षा (१—५) र कक्षा (६—८) को विद्यालय छोड्ने दर क्रमशः ५.५ प्रतिशत र ३.३ प्रतिशत रहेको छ । यस गाउँपालिकामा आधारभूत तहको विद्यालय सङ्ख्या र विद्यार्थी सङ्ख्या वीचको अनुपात १:९० रहेको छ । त्यसैगरी शिक्षक विद्यार्थी अनुपात १:२१ रहेको छ । यस गाउँपालिका भित्र रहेका आधारभूत विद्यालयहरुले ‘हाम्रो सिम्ता’ स्थानीय पाठ्यक्रम लागु गरेको पाइन्छ । यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि शिक्षकको पेसागत विकास तालिम कार्यशालाहरु सञ्चालन गर्नु पर्ने देखिन्छ । कतिपय ठाँउमा अझै पनि विद्यालय उमेर समूहका बालबालिकाहरु विद्यालय भन्दा बाहिर रहेको पाइन्छ । आधारभूत तहको शिक्षाको पहुँचमा भौगोलिक, सामाजिक, सांस्कृतिक,,आर्थिक र अन्य कारणहरुले प्रभाव पारिरहेको छ । गुणस्तरीय सिकाइलाई प्रर्वधन गर्न पोषणयुक्त दिवाखाजा , शिक्षकको पेशागत क्षमता विकास, पिछडिएको र अल्पसंख्यिक जातजातीहरुलाई समतामूलक अवसर प्रदान गर्नु पर्ने देखिन्छ । सरोकारवालाहरुको प्रत्येक्ष अनुगमन, नियमन र सहयोग पाएमा वीचैमा पढाई छोड्ने र कक्षा दोहोर्याउने दर पनि घट्ने देखिन्छ । आधारभूत तहमा सवै बालबालिकाहरुको पहुँच तथा सहभागिता सुनिश्चित गर्नको लागि अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले लिएका मर्म र भावना तथा लक्ष्य अनुसार कार्यान्वयन गर्नुपर्ने देखिन्छ । विद्यालयलाई बालमैत्रीपन बनाउन सवैको सहभागिता बढाई सबै हिसाबले विद्यालयलाई मैत्रीपूर्ण वातावरण सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा व्यापक सुधार गर्ने साथै आधारभूत तहको शिक्षामा प्रविधिको प्रयोग गर्ने र कक्षा कोठासम्म सबैको समतामूलक पहुँच बढाउन, विद्यालयहरुको पूर्नवितरण एवम् विद्यालय समायोजन गरी समुदायको पहुँच र सहभागिता सुनिश्चत गर्नै र सेवा सुविधामा विस्तार गर्न, शिक्षालाई सवै दृष्टिकोणबाट सुरक्षित सहज र गुणस्तर बनाई सहभागितापूर्ण वातावरणा सिर्जना गर्ने । साथै सो का लागि हुने विभिन्न किसिमका हस्तक्षेपहरु निशेध गर्न, कक्षा कोठामा सूचना तथा प्रविधिको प्रयोगमा अभिवृद्धि गर्न, विपत जोखिम न्यूनिकरण योजनामा विद्यार्थीहरुको सहभागिता वृद्दि गर्न, विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाई आधारभूत तहको परीक्षालाई व्यवस्थित गर्ने र आधारभूत तहलाई शैक्षिक गुणस्तरको आधारका रुपमा विकास गर्न अझैपनि चुनौतीको रुपमा रहेको छ ।

### ३.२.२ उद्देश्य

आधारभूत तहको उमेर समूहका सवै बालबालिकाहरुलाई आधारभूत तहको गुणस्तरीय शिक्षा पुरा गर्नका लागि निम्न बमोजिमका उद्देश्य किटान गरिएको छ:

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी आधारभूत तहको शिक्षामा सवैको समतामूलक र सहभागिता सुनिश्चित गर्नु ।

(ख) आधारभूत तह शिक्षा पुरा गरेका सवै बालबालिकाहरुलाई न्यूनतम सिकाइ उपलब्धि हाँसिल हुने अवस्था सुनिश्चित गर्नु ।

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, समावेशी, समतामूलक र सुरक्षित बनाउनु ।

(घ) आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्वन्धीत गराउने र अन्तरसम्वन्धीत विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलापहरु सञ्चालन गर्नु ।

(ङ) सिकाइ उपलब्धिमा सुधार ल्याउन शिक्षकको पेसागत विकास, सिकाइ सहजीकरण विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना सञ्चार प्रविधिलाई व्यवस्थित गर्नु ।

(च) अभिभावक शिक्षा र सचेतिकरणका माध्यमबाट आधारभूत तहको शिक्षामा अभिभावकको सहभागिता समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्नु ।

**३.२.३ रणनीति**

सिम्ता गाउँपालिकाको आधारभूत तह शिक्षाका उद्देश्यहरु पुरा गर्न निम्न रणनीतिहरु अवलम्बन गरिनेछ :

(क) अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक नीति, कार्यविधिहरुको तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने

(ख) आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्र.अ. र प्र.अ.लाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने

(ग) आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन प्रदेश तथा संघीय सरकारसँग तथा अन्य सरोकारवाला सँग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने

(घ) आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेशगत तालिमहरु सञ्चालन गरी कार्यान्वयन गर्न (ङ) विद्यार्थी मूल्याङ्कन प्रणाली र सूचना प्रविधि प्रणालीलाई सिकाइको अभिन्न अंगसँग जोड्दै विद्यार्थीका दैनिक क्रियाकलापसँग अन्तरसम्वन्धीत गराई व्यवस्थित गर्ने

(च) विद्यालय क्षेत्र भन्दा बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने

(छ) शिक्षक, कर्मचारी र प्र.अको क्षमता विकास, उत्प्रेरणा र व्यवस्थापन तथा सूचना सञ्चार प्रविधिसँग परिचित गराई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने

(ज) वि.व्य.स, शि.अ.स र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

(ट) शिक्षक तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गर्ने

(ठ) विद्यालय नक्साङ्कन, पूनर्वितरण दरबन्दी मिलान तथा समायोजन गर्ने

(ड) विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन तथा उच्चतम प्रयोग , सिकाइ आदान प्रदान जस्ता कार्य प्रभावकारी रुपमा गर्ने

**३.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

उपलब्धि:

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ । (ख) आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरुको सिकाइ उपलब्धिमा अपेक्षित रुपमा सुधार भएको हुने छ ।(ग) आधारभूत तहका सबै विद्यालयहरुमा न्यूनतम मापदण्ड पुरा भएको हुनेछन् र गुणस्तर अभिवृद्धि भएको हुने छ ।

घ) सम्पूर्ण विद्यालयहरु अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री तथा लैङ्गिकमैत्री र सुरक्षित भएको हुने छ ।

ङ) शैक्षिक तथा सन्दर्भ सामाग्रीको उपल्ब्धता भई समावेशी वातावरणमा विद्यार्थी सक्रिय भएर सिकाइ प्रणालीमा सुधार भएको हुने छ ।

च) दिवा खाजा निर्देशिका २०७६ को मर्म अनुसार विद्यालयमा नै तयार गरेर स्थानीय उत्पादनमा आधारित पौष्टिक खाजा तोकिएको अवधिसम्म नियमित पाएको हुने छ ।

छ) आधारभूत तहका बालबालिकले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका र सहि उमेरका बालबालिका सहि कक्षामा रहेको हुने छ ।

ज) शिक्षक, विव्यस, शिअस र बाल क्लव लगायतको क्षमता विकास भै सक्रियतापूर्वक विद्यालयको हितमा कार्य गरेको हुनेछन् ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१—५) मा शिक्षक र विद्यार्थी अनुपात | १:२० | १:२१ | १:२२ | १:२३ | १:२४ | १:२६ | १:२६ |
| २ | आधारभूत तह कक्षा (१—५)मा कूल भर्नादर | ११३.४ प्रतिशत | ११२ | १११ | ११० | १०८ | १०७ | १०४ |
| ३ | आधारभूत तह कक्षा (१—८)मा कूल भर्नादर | ११३.६ प्रतिशत | ११२ | १११ | ११० | १०८ | १०७ | १०४ |
| ४ | आधारभूत तह कक्षा (१—५)मा खूद भर्नादर | ९६.४ प्रतिशत | ९७ | ९७.२ | ९७.८ | ९८ | ९८.२ | ९९ |
| ५ | आधारभूत तह कक्षा (१—८)को खूद भर्नादर | ९५.४ प्रतिशत | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ | ९८.५ |
| ६ | आधारभूत तह कक्षा (१—५)को कक्षा छोड्ने दर | ५.५ प्रतिशत | ५ | ४.५ | ४ | ३.५ | ३ | २ |
| ७ | कक्षा (६— ८) को कक्षा छोड्ने दर | ३.३ प्रतिशत | ३ | २.७ | २.४ | २.१ | १.८ | १.५ |
| ८ | कक्षा (१—५) को कक्षा दोहर्याउने दर | १०.९ प्रतिशत | ९ | ८.५ | ८ | ७.५ | ७ | ५ |
| ९ | कक्षा (६—८)को कक्षा दोहर्याउने दर | १०.६ प्रतिशत | ९ | ८.५ | ८ | ७.५ | ७ | ५ |
| १० | कक्षा (१—५)को उत्तीर्ण प्रतिशत | ७९.६ प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९२ |
| ११ | कक्षा (६—८) को उत्तीर्ण प्रतिशत | ८५.४ प्रतिशत | ८६ | ८७ | ८८ | ८९ | ९० | ९२ |

३.२.५ प्रमख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भर्ना अभियान कार्यक्रम तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पलिका र वडा |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण समायोजन | पटक | | १ | | | | १ | पालिका |
| ३ | शिक्षक कर्मचारी र प्र.अ.लाई आवश्यकता आधारित क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | वालक्लव रे.स को किशोरी क्लव गठन पुनगठन र क्षमता अभिवृद्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका ’ |
| ५ | वि.व्य.स, शि.अ.सं | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | स्टीम ल्याब स्थापना र प्रयोग | विद्यालय | ० | ० | ३ | ३ | | निरन्तर | पालिका |
| | सिकाइमैत्री स्मार्ट कक्षा कोठा व्यवस्थापन | विद्यालय | | १० | १० | १० | १० | २० | पालिका |
| ७ | कक्षाकोठामा पुस्तकालय र बुकर्याक | विद्यालय | ५ | १० | १० | १० | १० | १५ | पालिका |
| ८ | कक्षा ५ र ८ को स्तरीकृत परीक्षा व्यवस्थापन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | शिक्षण सिकाइ तथा सन्दर्भ सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १० | विद्यालयमा दौतरी शिक्षा तथा बाल कलवको क्षमता | विद्यालय | | ६० | ६० | ६० | ६० | ६० | विद्यालय |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | | |
| ११ | शिक्षक पेशागत सहयोग संरचना निर्माण र कार्यान्वयन, विज्ञ समूहलाइ अभिमुखिकरण तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १२ | अन्तरविद्यालय भ्रमण र सिकाइ आदान प्रदान | पटक | | १ | | १ | | ३ | पालिका |
| १३ | पालिका स्तरमा पढाइ उत्सब तथा प्रतियोगिताका कार्यक्रमहरु | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १४ | शिक्षक प्रोत्साहन एंव पुरस्कृत कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| १५ | लेखा तथा प्रशासन् व्यवस्थापनका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय तहको मातहतमा राखेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले कक्षा (९—१२) को शिक्षालाई माध्यमिक तहको रुपमा वर्गिकृत गरेको छ । वर्तमान संविधानले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने व्यवस्था गरेको छ । हाल नेपालमा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक गरी २ धारमा वर्गीकरण गरिएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ अनुसार माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्न कुनै पनि शुल्कको व्यवस्था हुने छैन । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि सबै बालबालिकाहरुलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच विस्तार गर्ने कुरा उल्लेख गरेको छ । उच्च शिक्षा प्रवेशको पूर्व तयारी गर्ने समयको हिसाबमा यस माध्यमिक तहको शिक्षालाई महत्वपूर्ण रुपमा लिने गरिएको छ । माध्यमिक तहसम्को शिक्षालाई निःशुल्क रुपमा पाउने व्यवस्था गरिएको छ । नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान सीप प्रविधि तथा सीपका बारेमा अध्ययन गरेर वैज्ञानिक चिन्तन तथा सृर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक शिक्षामा वर्तमान अवस्थामा व्यवस्था भए अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्था गरेको छ ।कक्षा ११ र १२ मा एकलपथीय पाठ्यक्रम लागू गरिएको छ । प्राविधिक धारका विद्यालयहरुमा कक्षा ९ देखि नै अलग धारका रुपमा सञ्चालन हुने व्यवस्था गरेको छ । स्थानीय तहको एकल अधिकार क्षेत्रको रुपमा अङ्गिकार गरेकोले सो कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन गर्न स्थानीय तहहरुले नीति नियम कार्यक्रमहरु तयार गरी योजनामा समावेश गर्ने गरिएको छ ।

सिम्ता गाउँपालिकामा जम्मा १२ ओटा माध्यमिक विद्यालयहरु सञ्चालनमा छन् । ती विद्यालयहरु मध्ये ७ ओटा विद्यालयमा कक्षा (९—१०) सम्मको पठनपाठन् हुन्छ भने ५ ओटा विद्यालयमा कक्षा (९ —१२) सम्मको पठनपाठन् हुन्छ ।माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी सङ्ख्या १,४०६ जना छन्, जसमध्ये ६५५ जना छात्र र ७५१ जना छात्रा रहेका छन् । ती विद्यार्थीहरु मध्ये कक्षा (९— १०) मा अध्ययन गर्नेको सङ्ख्या ८४४ जना र कक्षा (११ —१२) मा अध्ययन गर्नेको सङ्ख्या ५६२ जना रहेको छ । कक्षा (९—१०) मा अध्यापन गराउने शिक्षकको सङ्ख्या ३७ जना छ जस मध्ये दरवन्दीमा १८ जना, राहातमा १० जना र संघीय अनुदानमा ७ जना रहेको पाइन्छ र गाउँपालिका अनुदानमा २ जना रहेका छन् ।कक्षा (११ —१२) मा अध्यापन गराउने जम्मा शिक्षकको सङ्ख्या ८ जना रहेको छ । जसमध्ये दरवन्दीमा २ जना र राहातमा ६ जना रहेको छ । माध्यमिक तह कक्षा (९— १२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको सङ्ख्या ४५ जना रहेको छ । माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:३१) रहेको छ । कक्षा (९ —१०) को कूल भर्नादर र खूद भर्नादर क्रमशः ८८.५ प्रतिशत र ७४.९ प्रतिशत रहेको छ । त्यसैगरी, कक्षा (११ — १२) को कूल भर्नादर र खूद भर्नादर क्रमशः ५१.३ प्रतिशत र ३७.६ प्रतिशत रहेको पाइन्छ ।कक्षा (९ —१०)को उत्तीर्ण दर ९४.२ प्रतिशत रहेको छ । साथै, कक्षा (११ — १२) को उत्तीर्णदर ९१.९ प्रतिशत रहेको छ ।कक्षा (९— १०) को कक्षा छोड्ने दर २.५ प्रतिशत रहेको छ । कक्षा (११ —१२) को कक्षा छोड्ने दर २.२ प्रतिशत रहेको छ । साथै, कक्षा (९ —१०) मा कक्षा दोहोर्याउने दर भने १.२ प्रतिशत रहेको पाइन्छ ।कक्षा (११ —१२) मा कक्षा दोहर्याउने दर भने शून्य रहेको छ । विषयगत शिक्षकको आपूर्ति प्रक्रियाको सन्दर्भमा स्थायी शिक्षक नियुक्ति शिक्षक सेवा आयोगको सिफारिस अनुसार हुने गरेको छ भने अस्थायी÷करार शिक्षकको नियुक्ति पालिकाद्वारा छनौट प्रक्रिया पुरा गरी गरिन्छ ।

माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव, शिक्षक क्षमता विकासको अभाव, अपाङ्ग तथा अन्य हिसाबमा मैत्रिपूर्ण भौतिक संरचनाको अभाव, प्रयाप्त शैक्षिक तथा सन्दर्भ सामग्रीको अभाव, सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा प्रयोगमा समस्या, विद्यालय अनुगमन तथा निरीक्षण लगायतका क्षेत्रमा समस्याहरु र चुनौतीहरु रहेका छन् ।

### ३.३.२ उद्देश्यहरु

माध्यमिक तहको शिक्षालाई व्यवस्थित र गुणस्तरीय गरी माध्यमिक तहको शैक्षिक सुधार गर्न निम्नानुसारका उद्देश्य अवलम्बन गर्नु

(क) माध्यमिक तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित बनाउनु

(ख) माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु र माध्यमिक तह कक्षा १० को एस ई ई उतीर्ण दरमा सुधार ल्याउनु

(ग) माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु र क्षमता विकास तथा संस्थागत विकास गर्नु

(घ) माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिको उच्चतम र प्रभावकारी प्रयोग गरी विद्यार्थीको समतामूलक पहुँच अभिवृद्दि गर्नु

(ङ) आपतकालिन अवस्थामा समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु

(च) शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसँग सम्वन्धीत गर्नु

(छ) विद्यालय प्रशासनर व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु

(ज) माध्यमिक तहमा सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्नु तथा माध्यमिक तहमा विद्यालय छोड्ने दर न्यून गर्नु

(झ) माध्यमिक तह एसईई र कक्षा १२ को बोर्ड परीक्षालाई थप व्यवस्थित र मापदण्ड अनुसार सञ्चालन गर्नु

**३.३.३ रणनीति**

उपर्युक्त उद्देश्यहरु पुरा गर्नको लागि देहायका रणनीतिहरु अवलम्बन गरिने छ :

(क) संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक तहका विद्यालयको क्षमता विकास गर्ने

(ख) सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षाको पहुँच सुनिश्चित गर्ने

(ग) माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिको विकास गरी शिक्षण सिकाइलाई प्रवर्द्धन गर्ने

(घ) संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरुलाई पेशागत र पुनर्ताजकी तालिमको व्यवस्था गर्ने

(ङ) माध्यमिक तहका विद्यालयहरुको वास्तविक अवस्था र नक्साङ्कन गरी सवै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनः वितरण तथा समायोजन गर्ने।

(च) परीक्षा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनउपयोगी सिकाइसँग जोडेर सञ्चालन गर्ने

(छ) सिकाइ उपलब्धि कम भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई उपचारात्मक र सुधारात्मक कक्षा तथा विधिहरु अवलम्वन गर्ने

(ज) अति विपन्न बालबालिकाहरुलाई समावेशीताको आधारमा समयानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने

(झ) विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने

(ञ) विद्यालय प्रशासन् र व्यवस्थापनलाई चुस्त र प्रभावकारीरुपमा सञ्चालन गर्न दक्षता विकास कार्यक्रहरु सञ्चालन गर्ने

(ट) विद्यालयलाई विभिन्न किसिमका प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगाएतका परिस्थिति प्रति उत्थानशील बनाउने

(ठ) विद्यालय प्र.अ, कर्मचारी, वि.व्य.स र शि.अ.संको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने

(ड) आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुने प्रणाली विकास गर्ने

(ढ) शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने

(ण) सबै विद्यालसहरुमा मापदण्ड बमोजिमको न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने

(त) विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चान गर्ने

(थ) समयसापेक्ष र आवश्यकता अनुसार प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन गर्न संघीय र प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी गर्ने

**३.३.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि:**

(क) यो योजना लागु भए पश्चात माध्यमिक तहको शिक्षामा सवैको पहुँच भई गुणस्तरमा सुधार हुने छ।

(ख) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरीयतामा प्रवर्द्धन भई समता, समावेशिता र व्यावहारिकतामा रुपान्तरण भएको हुने छ।

ग) माध्यमिक तहमा कक्षा दोहोराउने र कक्षा छोड्ने दरमा न्यूनिकरण भइ माध्यमिक तहमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग मार्फत बालबालिकाको पहुँच बढेको हुने छ।

घ) शिक्षकको क्षमता विकास, सबै विद्यालयहरु सुरक्षित, मैत्रीपूर्ण तथा शैक्षिक वातावरणामा सुधार भएको हुने छ।

(ङ) माध्यमिक तहमा अध्ययनरत विद्यार्थी मध्ये ५% ले प्राविधिक तथा व्यसायिक शिक्षा प्राप्त गरेका हुने छन्।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह<br>कक्षा ९ —१० मा भर्ना | ८४४ | ९०० | ९५० | १००० | १०२० | १०४० | १०६० |
| २ | माध्यमिक तह<br>कक्षा ११—१२ मा भर्ना | ५६२ | ६०० | ६५० | ७०० | ७५० | ८०० | ९०० |

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| ३ | कक्षा ९— १२ मा शिक्षक विद्यार्थी अनुपात | १:३१ | १:३२ | १:३२ | १:३३ | १:३३ | १:३४ | १:३५ |
| ४ | कक्षा ९— १० को कूल भर्नादर | ८८.५ | ८९ | ९० | ९१ | ९२ | ९३ | ९५ |
| ५ | कक्षा ९—१०को खूद भर्नादर | ७४.९ | ७५ | ७६ | ७७ | ७८ | ७९ | ८१ |
| ६ | कक्षा ११—१२को कूल भर्नादर | ५१.३ | ५५ | ५८ | ६२ | ६५ | ६८ | ७५ |
| ७ | कक्षा ११—१२ को खूद भर्नादर | ३७.६ | ३९ | ४२ | ४५ | ४७ | ५० | ५५ |

**३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १२ पढ्ने बालबालिकाको लागि इन्टर्नसीपको व्यवस्था | जना | ० | १० | १० | १० | १० | ५० | पालिका |
| २ | अति विपन्न विद्यार्थीहरुलाई छात्रवृति | सङ्ख्या | ० | १० | १० | १० | १० | ५० | पालिका |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ४ | विज्ञान, गणित लगायतका विषयका लागि प्रयोगशाला स्थापना | विद्यालय | १ | १ | १ | १ | १ | ५ | |

| क्र.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा सुधार | | | | | | | | |
| ५ | शिक्षकलाई प्रोत्साहन एंव पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | विधार्थी तथा शिक्षक मनोसामाजिक परामर्श तालिम कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | शैक्षिक भ्रमण तथा सिकाइ आदान प्रदान | पटक | | १ | १ | १ | १ | ५ | पालिका |
| ८ | शिक्षक क्षमता विकास तालिम, पेशागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ९ | शिक्षकले प्रअ र प्रअले शिक्षा शाखा सँग कार्यसम्पादन सम्झौता | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | विद्यालय पालिका |
| १० | चौमासिक प्रतिवेदन तथा कार्ययोजना | विद्यालय | १२ | १२ | १२ | १२ | १२ | १२ | विद्यालय पालिका |
| ११ | विद्यालयमा स्टीम ल्याब स्थापना र प्रयोग | विद्यालय | ० | २ | २ | २ | २ | ४ | विद्यालय पालिका |
| १२ | पुस्तकालयको क्षमता विस्तार,पुस्तक थप तथा प्रयोग र व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | २ | विद्यालय पालिका |
| १३ | विद्यालय नर्सको व्यवस्था क्षमता विकास र विद्यालयमा विभिन्न स्वास्थ्य सामग्री थप गर्ने | विद्यालय | ० | २ | २ | २ | २ | ४ | पालिका |
| १४ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| क्र.स | प्रमुख क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम तथा क्षमता अभिवृद्दि | | | | | | | | |
| १५ | पढ्दै कमाउदै कार्यक्रम | विद्यालय | | १ | २ | २ | २ | ५ | पालिका |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिएन भने राज्यलाई शैक्षिक बेरोजगारको भिड थेग्न थप चुनौती हुने देखिन्छ ।औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं.१९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ्ग कलेज)बाट भएको हो ।नेपालमा विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यवसायिक सीप र ज्ञान सिकाउने प्रयास वि.सं. २००४ सालदेखि नै शुरु भएको हो। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यवसायिक शिक्षाले ६ दशक पार गरीसकेको छ। विद्यालय स्तरको शिक्षादेखि नै स्रोत साधनको उपयोग गर्न सक्ने न्यूनतम ज्ञान, सीप र धारणाको विकास गराउने किसिमको पाठ्यक्रम निर्माण गरी पठनपाठन गर्न जरूरी छ। विद्यालय शिक्षाको अन्तिम तह माध्यमिक तहको शिक्षा जीवनयापन गरेर खान सक्ने आधारभूत व्यवसायिक सीप र दक्षता सहितको श्रम शिक्षा हुनुपर्छ। शिक्षा स्थानीय स्तरमा उपलब्ध स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित श्रम गरेर जीवनयापन र आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वावलम्बी हुन सक्ने हुनुपर्छ। माध्यमिक तहलाई श्रम शिक्षाको रूपमा विकास गर्ने र त्यसको जगमा उच्च शिक्षालाई प्राविधिक तथा व्यवसायिक र रोजगारमूलक बनाउनु पर्ने हुन्छ। यसका लागि विद्यार्थीका लागि माध्यमिक तहमा प्राविधिक र व्यावसायिक सीप प्रदान गरी उनीहरुलाई सक्षम र गरीखाने बनाउन आवश्यक छ। कृषि ,पशुपालन, फलफूल , इन्जिनियरिङ जस्ता क्षेत्रहरुमा प्राविधिक र व्यावसायिक रुपमा सक्षम र दक्ष बनाउन सकेमा अहिलेको परिवेशमा बालबालिकाहरु स्वावलम्बि बन्न सक्दछन्।

सिम्ता गाउँपालिका जल, जमिन र जडीबुटीको धनि गाउँपालिका हो। यहाँ फलफूल, पशुपालन, अन्नबाली र नगदेबालीको व्यापक सम्भावना रहेको पाइन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षाले नागरिकलाई स्वरोजगार तुल्याउँछ। प्राविधिक शिक्षा आजको आवश्यकता हो। सिम्ता गाउँपालिकामा प्राविधिक शिक्षाको विकास र विस्तार कमै देखिन्छ। प्राविधिक शिक्षाको विकास र विस्तारमा सवै सरोकारवालाहरुले ध्यान दिनु जरुरी देखिन्छ।

सिम्ता गाउँपालिकाको श्री भानु मा.वि सिम्ता—४, वजेडीचौर ,सुर्खेतमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत कृषि तर्फ १८ महिने बालीविज्ञान विषयको पठनपाठन हुँदै आएको छ ।यो विषय अध्ययन गर्ने बालबालिकाहरुले तरकारी खेती, फलफूल खेती, च्याउ खेती,नगदेबाली, अन्नबाली जस्ता क्षेत्रहरुमा सिकाइ गरी स्वरोजगार तथा आत्म निर्भर हुने अवसर प्राप्त गरीरहेका छन्। यसबाट विद्यार्थीहरुले कमाउदै सिक्दै गरीरहेको देखिन्छ। प्रशिक्षकको क्षमता विकास र सङ्ख्यामा थप व्यवस्था मिलाएमा प्राविधिक र व्यावसायिक शिक्षामा सुधार गर्न सकिन्छ। हाल यस कार्यक्रममा जम्मा २१ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन्। यस कार्यक्रमका लागि १ जना प्रशिक्षक १ जना सहायक प्रशिक्षकको व्यवस्था गरीरहेको छ। विद्यार्थीहरुको नतिजा पनि कर्णाली प्रदेशमै सवै भन्दा उत्कृष्ट रहेको पाइन्छ। यो कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकार (सिम्ता गाउँपालिका), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् भक्तपुर र संघीय सरकारको सहयोग प्राप्त भईरहेको छ। यो कार्यक्रम सञ्चालन गर्नको लागि अझै पनि आर्थिक, भौतिक र प्राविधिक समस्याहरु विद्यालयले झेल्नु परिरहेको छ। विद्यालयको भौतिक, आर्थिक र प्राविधिक अवस्थामा सुधार गर्नको लागि विद्यालय, अभिभावक, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार, गैरसरकारी संघसंस्थाहरुलगायत अन्य सरोकारवालाहरुको सहयोग अपरिहार्य देखिन्छ। प्राविधिक शिक्षा आजको आवश्यकता हो त्यसैले सिम्तामै गुणस्तरीय प्राविधिक शिक्षाको विकास र विस्तार गर्न नयाँ धारका उच्च प्राविधिक शिक्षालयहरु खोल्नु पर्ने देखिन्छ। हाल १८ महिने तालिमको मात्र व्यवस्था भएको र अझै पनि अन्य माध्यमिक तहमा प्राविधिक शिक्षा सञ्चालन गर्न नसक्नु चुनौतीको रुपमा रहेको छ। गाउँपालिकाले यसतर्फ ध्यान पुर्याउन आवश्यक देखिन्छ।

### ३.४.२ उद्देश्य

गाउँपालिकामा प्राविधिक र व्यावसायिक शिक्षा मार्फत सीपमुलक र रोजगारउन्मुख जनशक्ति तयार गर्न निम्नानुसारका उद्देश्य अवलम्बन गरिएको छ।

(क) प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षामार्फत स्वरोजगारका अवसरहरु सुनिश्चित गर्नु।

(ख) प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षामार्फत आत्मनिर्भर र उत्पादनशील जनशक्तिको निर्माण गर्नु।

(ग) गाउँपालिकाभित्र भएका प्राकृतिक र मानव निर्मित स्रोत साधनहरुको उपयोग गरी रोजगारमूलक, सीपमूलक र उत्पादनशील जनशक्तिको निर्माण गरी नागरिकको आर्थिक अवस्थामा सुधार ल्याउनु।

(घ) सिम्ता गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रवर्द्धन र व्यवस्थापन गर्नु।

### ३.४.३ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्न बमेजिमका रणनीतिहरु अवलम्बन गरिनेछ।

(क) प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि सरोकारवालाहरुको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने।

(ख) स्थानीय स्तरमा पाइने विभिन्न स्रोत साधनहरुको उपयोग गरी स्वरोजगारमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ग) प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदाय बीच व्यावसायिक प्रणालीमा सुधार गर्न खोज तथा अनुसन्धान र तालिमको लागि समन्वयात्मक वातावरण तय गरी अगाडि बढाउने।

(घ) प्राविधिक विषय सञ्चालन गरेका विद्यालयहरुको भौतिक, शैक्षिक र प्रशासनिक सुधारको लागि सम्भव भएसम्म आर्थिक स्रोतहरु जुटाउने र नँया शिक्षालयको स्थापनाका लागि प्रबन्ध मिलाउने तथा थप अध्ययन गर्ने।

(ङ) प्राविधिक विषयका शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नको लागि तालिम कार्यशालाहरु सञ्चालन गर्ने।

(च) समुदाय स्तरमा विभिन्न आधारभूत तालिमहरु सञ्चालन गर्ने र प्राविधिक शिक्षा लिने विधार्थीहरुलाई उक्त तालिममा भाग लिन प्रोत्साहन दिने।

### ३.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- गाउँपालिकामा न्यूनतम एउटा प्राविधिक धार भएको विद्यालय सञ्चालन भएको हुने छ।
- गाउँपालिका सेवाक्षेत्रभित्र उपलब्ध प्राकृतिक र कृत्रिम स्रोत र साधनहरुको उपयोग र परिचालन गर्दै, आर्थिक आयआर्जन गर्न सक्ने सीपमूलक ,स्वरोजगार जनशक्तिको उत्पादन भएको हुने छ ।
- प्राविधिक शिक्षा अध्ययन गरेका सीपयूक्त जनशक्तिहरुले न्युनतम् स्रोत र साधनको प्रयोग गरी स्वरोजगार, उत्पादनशील र व्यावसायिक कार्यक्रमहरु मार्फत पालिकाभित्र बसोवास गर्ने सवै नागरिकहरुको आर्थिक आयआर्जनको रुपान्तरणमा टेवा पूर्याइएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय | १ | | २ | | | | ३ |
| २ | प्राविधिक शिक्षा तथा व्यबसायीक तालिममा सहभागि विधार्थी | २१ | | ६० | | | | १८० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक धारको विद्यालय स्थापना गर्ने। | पटक | | १ | | | | १ | पालिका, सिटिईभिटी |
| २ | शिक्षक तथा कर्मचारी व्यवस्थापन | जना | | ६ | | | | १० | पालिका, सिटिईभिटी |

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रयोगशाला तथा आई.सि.टी ल्याब व्यवस्थापन, | पटक | | | १ | | | २ | पालिका, सिटिईभिटी |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको लागि अध्ययन तथा कार्यविधि तयारी | पटक | | १ | | | | | पालिका सिटिईभिटी |
| ५ | छोटा अवधिका आधारभूत तालिमको व्यवस्था गर्ने | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सिटिईभिटी |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ वर्तमान अवस्था

शिक्षा मानिसको जीवनमा अपरिहार्य छ । यसले मानिसलाई आफ्नो दैनिक जीवनमा आई पर्ने विभिन्न समस्याहरु हल गर्न सहयोग पूर्याउँछ । औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरुलाई अनौपचारिक शिक्षाको सहयोले पनि जीवन निर्वाहमा धेरै सहयोग पुर्याउन सक्छ। अनौपचारिक शिक्षा र आजीवन सिकाइले दैनिक जीवनका समस्याहरु हल गर्न र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्न सहयोग गर्दछ। सिम्ता गाउपालिकाले पनि अनौपचारिक र आजीवन सिकाइको लागि विभिन्न कार्यक्रहरु तर्जुमा गरी सञ्चालनमा ल्याएको पाइन्छ। यसबाट धेरै नागरिकहरु लाभान्वित भएको पाइन्छ। यस शैक्षिक कार्यक्रमलाई अझै थप प्रभावकारी बनाउन स्थानीय सरकारले प्रदेश सरकार र संघीय सरकारसँग साझेदारी गरी अघि बढ्नु पर्ने देखिन्छ। सिम्ता गाउँपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु रहेको र ती केन्द्रहरु मार्फत निरन्तर सिकाइका क्रियाकलापहरु सञ्चालनमा रहेका छन् । सिम्ता गाउँपालिकाको साक्षरता दर आधार वर्ष २०८० मा७६.५ प्रतिशत रहेको छ । जसमा पुरुषको साक्षरता ८४.५ प्रतिशत र महिलाको साक्षरता ७०.४ प्रतिशत रहेको छ । गाउँपालिकाले साक्षरतादर प्रत्येक वर्ष २ प्रतिशतका दरले वृद्धि गरी योजनाको अन्तिम वर्ष २०९०मा ९५ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ सोको लागि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा रहेका आमा समूहरुको भेला र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भैरहेका छन् । साक्षरता दर वढाउनका लागि समुदायिक सिकाइ केन्द्र लाइ थप प्रभावकारी रूपमा सञ्चालन गर्ने छ । यस पालिकाले शिक्षामा सुधार र साक्षरता दर वढाउनका लागि विभिन्न अभियान सञ्चालन गर्ने योजनामा रहेको छ । यय पालिकाले आउँदो दश वर्षमा ८० प्रतिशन भन्दा माथि पुगाउने लक्ष्य रहेको छ । सामुदायिक सिकाइ केन्द्रहरु मार्फत पुस्तकालयको व्यवस्थापन गर्ने उद्देश्य रहेता पनि कुनैपनि सामुदायिक सिकाइ केन्द्रहरुमा पुस्तकालय रहेका छैनन् । समुदायस्तरमा साक्षरताका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा निरन्तर शिक्षालाई निरन्तर रुपमा चलाउन समुदाय स्तरमा रहेका विभिन्न उत्पादनमूलक आमा समूह र बचत समूहहरुलाई क्षमता विकास र परिचालन गर्न आवश्यक देखिन्छ ।

### ३.५.२ उद्देश्य

अनैपचारिक शिक्षा तथा आजीवन सिकाइका लक्ष्य हाँसिल गर्न निम्नानुसारका उद्देश्य किटान गरिएको छ ।

(क) सबै नागरिकका लागि समता सहितको साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु ।

(ख) सामुदायिक सिकाइ केन्द्रको कार्यक्रमलाई सहजिकरण गर्ने र सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्दि तथा प्रभावकारी परिचालन गर्नु ।

(ग) विद्यालय शिक्षाको अवसरबाट बञ्चित भएका र वीचैमा विद्यालय छोडेका तथा औपचारिक शिक्षाको पहुँच भन्दा बाहिर रहेका वर्गलाई शैक्षिक मुलधारमा ल्याउनु र निरन्तर सिकाइका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्नु ।

(घ) अनौपचारिक शिक्षा तथा निरन्तर एवं जीवन पर्यन्त शिक्षाको विकास तथा विस्तार गरी साक्षरता अभिवृद्धि गर्न डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु ।

### ३.५.३ रणनीति

उल्लेखित उद्देश्य हाँसिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछ :

(क) सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सीप विकास र आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) सामुदायिक सिकाइ केन्दको थप र स्तरोन्नतीको लागि स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

(ग) सरोकारवालाहरुसँगको समन्वय, सहकार्य र साझेदारिमा अनौपचारीक तथा खुला सिकाइ कार्यक्रमलाई प्रवर्द्धन गर्ने ।

(घ) सामुदायिक सिकाइ केन्द, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज , सञ्चार माध्यम र अभिभावक परिचालन गरी अनौपचारीक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई समतामूलक र पहुँच योग्य बनाई नागरिकका दैनिक समस्याहरु हल गर्ने वातावरण सुनिश्चित गर्ने ।

(ङ) अनौपचारी शिक्षा, साक्षरता कार्यक्रम, निरन्तर शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने तथा समुदायस्तरमा आमा समूह, आयआर्जन समूह सँगठित गर्ने तथा परिचालित गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) सबै नागरिकका लागि साक्षरता शिक्षा, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसरहरु प्राप्त भइर पूर्ण साक्षर गाउँपालिका भएको हुने छ ।

(ख) सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास भै समुदायस्तरमा सीप विकास, आजीवन सिकाइका क्रियाकलापहरु तथा अभिभावकहरुको क्षमता विकास र सिकाइ अभिवृद्दि भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | | | ५ | | | ७ |
| २ | साक्षरता | ७६.५ | ७८ | ८० | ८२ | ८४ | ८६ | ९५ |
| ३ | सिकाइ केन्द्रमा पुस्तकालय | ० | | १ | | २ | | ३ |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन | पटक | | १ | | १ | | १ | पालिका र सिकाइ केन्द्र |

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | साक्षरता कार्यक्रम सञ्चान गर्ने | पटक | | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाइ केन्द्रको अनुगमन, निरीक्षण र सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सिकाइ केन्द्र |
| ५ | नयाँ सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | वटा | | | २ | | | २ | पालिका र सिकाइ केन्द्र |
| ६ | सिकाइ केन्द्रमा पुस्तकालयको स्थापना | वटा | | | १ | | १ | १ | पालिका र सिकाइ केन्द्र |
| ७ | आयआर्जन समूहको क्षमता विकास र परिचालन | पटक | | १ | १ | १ | १ | १ | पालिका र सिकाइ केन्द्र |

## परिच्छेद ४ : अन्तरसम्वन्धीत विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठयक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्वन्धीत नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको के कसरि सुनिश्चित गर्ने, आवश्यक पृष्ठपोषण तथा मूल्याङ्कन के कसरी गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरु पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन् । पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामाग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १० सम्मका सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिएको पाइन्छ जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ ।

पाठ्यक्रम समयानुसार विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्ताबेजिकरण गरिएको थियो भने पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको थियो । नेपालको संविधानको धारा ३१ मा विश्वव्यापी भइरहेका नवीनतम् शैक्षिक प्रवर्द्धन, प्रयोग तथा उपलब्धि र राज्यको पुर्नसंरचनासँगै शैक्षिक स्मरण भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २००६ देखि परिवर्तन तथा कार्यान्वयन गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ। पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको महत्व धेरै हुन्छ । सिकाइ सहजिकरणका समयमा शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्री जति प्रयोग गर्न सकियो त्यति सिकाइ प्रभावकारी हुने भएता पनि हाल पालिकामा शिक्षण सिकाइ र सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग न्यून रहेको छ । यसका साथै पाठ्यक्रमले निर्दिष्ट गरेको मंल्याङ्कन पद्धतिलाई अवलम्बन गरिएको छ भने कक्षा ८ को पालिका तहबाट स्तरिकृत परीक्षा सञ्चालन भएको र कक्षा ५ मा समेत स्तरिकृत परीक्षा सञ्चालन र व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । कक्षा (१ -३ ) मा निरन्तर विद्यार्थी मुल्याङ्कन भएता पनि विद्यार्थी मूल्याङ्कन अझै पनि प्रभावकारी हुन सकेको छैन ।

राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने पहिलो पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन २०७४ अनुसार सिम्ता गाउँपालिकाले आधारभूत तहमा हामी र हाम्रो सिम्ता विषयको स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८० देखि कार्यान्वयनमा ल्याइएको छ । कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तकको समेत विकास कार्यान्वयन गर्नुका साथै अन्य कक्षाको पाठ्यपुस्तक बनाई कार्यान्वयनमा लैजाने योजना अगाडि बढाइरहेको छ । यसै सन्दर्भमा सिम्ता गाउँपालिकाले पनि यो योजना निर्माणको अभिन्न अङगको रुपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्त्व दिएको छ ।

त्यस्तै सिकाइ ज्ञान, व्यवहार कुशल सीप, प्रविधि र मानवीय मान्यताहरुको परीक्षण गर्ने मूल्याङ्कनका विधि, तरिका र साधनहरु पनि यसका अभिन्न क्षेत्र बनाइएको छ । विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभवका आधारमा मूल्याङ्कनका साधनहरुलाई व्यावहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ । यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि संघीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ । प्रमुख शैक्षिक सामग्रीका रुपमा प्रत्येक शिक्षकसँग सम्वन्धीत विषयको पाठ्यक्रम शिक्षक निर्देशिका वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भन्ने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्वन्धीत कक्षाकोठाको सिकाइ वातावरण बाहिरी वातावरण समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकतानुसार बजारबाट खरिद गरीएका सामग्रीहरु प्रयोग गर्नु अपरिहार्य हुन्छ । प्राथमिकता प्राप्त न्यूनतम सक्षमतामा पर्ने पाठ्यपुस्तक निःशुल्क रुपमा समयमै विद्यार्थीको हातमा पुयाउने काम पनि त्यत्तिकै महत्त्वपूर्ण रहेको छ ।

पाठ्क्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हालसम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का अनिवार्य विषयहरु नेपाल सरकारले नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ र विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तहसम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्दति अपनाइएको छ । सबै कक्षामा अक्षरांकन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटि अपनाइएको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शिक्षकको व्यवस्था गर्नु, स्थानीय पायठ्क्रम र पाठ्यसामाग्री प्रयोगका लागि क्षमता विकास गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु, स्थानीय पाठ्क्रमलाई समयअनुसार अद्यावधिक गर्नु, अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्यसामग्रीको व्यवस्था गर्ने जस्ता विषय पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका चुनौतीका रुपमा रहेका छन् ।

माध्यमिक तहसम्म नि:शूल्क पाठ्यपुस्तकको व्यवस्था, शिक्षक निर्देशिकाको व्यवस्था, परीक्षा र मूल्याङ्कन प्रणालीमा सुधार, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण, विभिन्न विषयका पाठ्यसामाग्रीहरु मातृभाषामा तयार र कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनका अवसरहरु रहेका छन् ।

### ४.१.२ उद्देश्य

पाठ्यक्रम , पाठ्यपुस्तक , सिकाइ सामग्री र मूल्याङ्कनलाई प्रभावकारी बनाउन निम्न उद्देश्यहरु अवलम्बन गरिएको छ ।

(क) पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन र विकास तथा परिमार्जनका लागि पृष्ठपोषण र पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सिकारुको ज्ञान, सीप र व्यवहार विकासमा सहिकरण गर्नु ,

(ख) स्थानीय परिवेश अनुसार निर्माण गरिएको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु र पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक निर्माण र प्रयोग गर्नु,

(ग) सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन पद्धतिको कार्यान्वयन सँगै सिकाइलाई समस्या समाधान उन्मुख गराई निरन्तर आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

(घ) शिक्षण सिकाइ तथा सन्दर्भ सामग्रीहरुको व्यवस्थापन र प्रभावकारी प्रयोग गर्नु,

(ङ) बालबालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजअनुकूल बनाउन पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रविधियुक्त बनाई प्रभावकारी कार्यान्वयनमा जोड दिनु

### ४.१.३ रणनीति

(क) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने र विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न क्षमता विकास र परिचालन गर्ने ,

(ख) विकास गरीएका पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्वन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने परिमार्जित राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकतानुसार मूल्याङ्कन गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण प्रदान गर्ने ,

(ग) पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

(घ) शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने ,

(ङ) माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गरिने, विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ,

(च) स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ,

(छ) ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक सामाजिक सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठ्यक्रमलाई सान्दर्भिक र व्यावहारिक बनाउन समन्वय र सहकार्य गर्ने ,

(ज) पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीतिगत, संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने ,

(झ) अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर वृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, साङ्केतिक भाषण, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्ने ,

(ञ) आधारभूत तहको परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमश सुधार र व्यवस्थित गर्ने,

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोच सिर्जनशील, निरन्तर सिकाइप्रति प्रतिवद्द र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने छ ।

(ख) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भै सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकरात्मक परिवर्तन भएको हुने छ ।

(ग) आधारभूत तहको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको र परिमार्जन भएको साथै सबै कक्षाका स्थानीय बाठ्यक्रम अनुसारका पपाठ्यसामग्री विकास तथा कार्यान्वयन भएको हुने छ ।

(घ) विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार भै विधार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ५० % | ६० % | ७० % | ८० % | ९० % | १०० % | | |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| ४ | स्थानीय पाठ्यपुस्तक निर्माण | १ देखि ३ कक्षा | | ४ देखि ५ कक्षाा | ६ देखि ८ कक्षाा | | | | |

**४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम अभिमुखिकरण र तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| २ | शिक्षक पेसागत विकास तालिम र क्षमता विकास सहजिकरणमा आधारित | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| ४ | कक्षा ५ र ८ को स्तरिकृत परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | डिजिटल सामाग्रीको प्रयोगमा सहयोग प्रचार प्रसारर क्षमता विकास तथा अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | पाठ्यपुस्तक वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | कक्षा ४ देखि ८ को स्थानीय पाठ्यपुस्तक निर्माण | | कक्षा ४ र ५ | कक्षा ६ देखि ८ | | | | | |
| ९ | शिक्षण सिकाइ र सन्दर्भ सामग्री वितरण र व्यवस्थापन | विद्यालय | | ६० | ६० | ६० | ६० | ६० | पालिकार विद्यालय |
| १० | परीक्षा र मूल्याङ्कन प्रणाली सुधारका लागि क्षमता विकास अभमुखिकरण | पटक | १ | | १ | | १ | १ | पालिका |
| | | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो। यही जीवन्त स्रोतको क्रियाशीलतामा शिक्षण सिकाइमा अन्य स्रोतहरुले गति लिने गर्दछन्। शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह विषयवस्तुको पर्याप्त ज्ञान, सीप क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष, समर्पित अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रूपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। शिक्षक व्यवस्थापनको यही महत्त्व र उपादेयतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई समेत शिक्षकको रुपमा स्वीकार गर्दै प्रस्तुत एकाइमा बालविकासदेखि माध्यमिक तहसम्मको शिक्षकको सम्बन्धमा विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ। नेपालमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ। प्रदेश तहमा रहेका शिक्षा तालिम केन्द्रहरु मार्फत तालिम र क्षमता विकासका गतिविधिहरु अगाडि बढेका छन्। शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाइ र पदस्थापन स्थानीय तहहरूबाट हुने गरेको छ। यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइन्ड तालिम पाठ्यक्रम निर्माण गर्ने प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश अन्तर्गतका शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन्। तत्कालीन शिक्षा विभागले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका लागि १६ दिने तालिम तत्कालीन जिल्ला शिक्षा कार्यालयहरुले सञ्चालन गरेको थियो भने हाल उक्त तालिम अघि बढेको देखिदैन।

सिम्ता गाउँपालिकामा सामुदायिक विद्यालयहरु ६० र संस्थागत विद्यालयहरु ५ गरी जम्मा विद्यालयहरु ६५ रहेको देखिन्छ। उल्लिखित विद्यालय सङ्ख्यामध्ये कक्षा १–३ सञ्चालित १४ (सामुदायिक १३ र संस्थागत १), कक्षा १ - ५ सञ्चालित ३१ (सामुदायिक २९ र संस्थागत २ ), कक्षा १–८ सञ्चालित ८ (सामुदायिक ६ र संस्थागत २) कक्षा १–१० सञ्चालित ७ (सामुदायिक ७) र कक्षा १–१२ सञ्चालित ४ (सामुदायिक ४) र कक्षा ६–१२ सञ्चालित १ विद्यालय सञ्चालमा रहेका छन्। यसैगरी शिक्षकको सङ्ख्या हेर्दा आधारभूत तह कक्षा १–५ कार्यरत १७० जना (दरबन्दीमा १२६ र राहत ४४), आधारभूत तह कक्षा ६–८ तहमा कार्यरत ४७ जना (दरबन्दीमा २६, राहत २१ र अनुदान ७ ), माध्यमिक तह (कक्षा ९–१०) मा कार्यरत ३७ जना (दरबन्दीमा १८ , राहत १० र अनुदान ९), माध्यमिक तह (कक्षा ११–१२) मा कार्यरत ८ जना (दरबन्दीमा २ र राहत ६ ) कार्यरत रहेको अवस्था छ। यसैगरी पालिकामा सञ्चालनमा रहेका विद्यालयमा ४६ वटा विद्यालयमा आधारित प्रारम्भिक बालविकास शिक्षा केन्द्र र समुदायमा आधारित ५ वटा गरी ५१ वटा बालविकास केन्द्रहरुमा ६० जना बालविकासका शिक्षकहरु कार्यरत रहेको अवस्था छ। अझै १४ वटा विद्यालयहरुमा प्रारम्भिक बालविकास शिक्षा केन्द्रहरु रहेका छैनन। शिक्षक व्यवस्थापन अन्तर्गत आधारभूत तह कक्षा ६–८ मा ५ जना पालिका अनुदानमा शिक्षक व्यवस्थापन भएको छ भने माध्यमिक तह कक्षा ९–१० मा २ जना पालिका अनुदानमा शिक्षक व्यवस्थापन भएको छ।

शिक्षा नियमावली २०५९, को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६–८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९–१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:४०, पहाडी भेकमा १:४५ र तराईमा १:५० रहेको छ भने सिम्ता गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात औषतमा १:२२ रहेको छ। यस पालिकामा विषयगत शिक्षाक सबै बिद्यालयमा पुर्ण रूपमा व्यावस्था हुन सकेको छैन। शिक्षकको क्षमता विकास र पेशागत सहयोगको हकमा भने पालिकामा पेशागत सहयोका गतिवधिहरु न्यून रहेका छन्। प्रारम्भिक बालविकास र शिक्षामा पालिकाबाट बालविकास शिक्षकका लागि थप प्रोत्साहनको व्यवस्था भएको छ भने अन्य शिक्षक प्रोत्साहनका कार्यक्रमहरु हुन सकेका छैनन। शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपलाई कक्षाकोठामा प्रयोग गराउन आवश्यक देखिन्छ भने दरवन्दी मिलान र वितरणका कार्यलाई प्रभावकारी रुपमा लैजान आवश्यक देखिन्छ। गाउँपालिकाले शिक्षकहरुको आवश्यकतामा आधारीत तालिम, शिक्षक पेशागत सहयोग पद्धति विकासका लागि सिकाइ समूह गठन, रोष्टर शिक्षक व्यवस्थापन, शिक्षक बीच सिकाइ आदान प्रदान जस्ता असल अभ्यास जस्ता कार्यको सुरुवात गरेको छ। यस्ता राम्रा र असल अभ्यासलाई निरन्तरता दिई दिगोपना दिनु आवश्यक देखिन्छ। यस पालिकामा खासै युवा आकर्षणका लागि कुनै रहेको छैन।

### ४.२.२ उद्देश्य

शिक्षक व्यवस्थापनलाई प्रभावकारी रुपमा अगाडि बढाउनका निम्ति निम्नानुसारको उद्देश्यहरु किटान गरिएको छ :

(क) तहगत रुपमा शिक्षकको प्रभावकारी वितरण र व्यवस्थापन गर्नु,

(ख) निरन्तर पेसागत सहायता प्रणाली स्थापना संगै शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,

(ग) शिक्षक तथा विद्यालय कर्मचारि प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम.प्रतिवद्द र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

(घ) शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु,

(ङ) सबै तहमा सक्षम, प्रतिवद्द र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध र सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

### ४.२.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्नका लागि निम्नानुसारको रणनीतिहरु अवलम्बन गरीएको छ :

(क) शिक्षक सक्षमता प्रारुपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्ने ।

(ख) शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम् दरबन्दी पुनर्वितरण तथा थप गर्ने कार्यलाई सहजीकरण गर्ने र प्राविधिक शिक्षाका लागि पनि शिक्षक व्यवस्थापन र क्षमता विकास गर्ने ।

(ग) प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १–३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९–१२ का लागि स्नातकोत्तर उत्तीर्ण हुने गरी शिक्षकको योग्यता अद्यावधिक गर्ने कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(घ) शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी छोटो अवधि र लामो अवधिका सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य र प्रभावकारी बनाइने ।

(ङ) गाउँपालिका स्तरीय शिक्षक पेशागत सहयोग मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइनेछ । यसकालागि गाउँपालिकामा विषयगत शिक्षक संजाल तथा आवश्यकता अनुसार अनुभवी शिक्षकहरुबाट सहयोग तथा अनुगमनको पद्धति विकास गर्ने ।

(च) शिक्षकको उपस्थिती, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विवासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृद्दि विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्वन्धीत गरी सो को कार्यान्वयन गर्ने ।

(छ) प्रत्येक तहमा पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाइने र विद्यालय कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गर्ने ।

(ज) अर्को पालिका वा जिल्लाबाट यस गाउँपालिकामा सरुवा भएर आउन चाहने शिक्षकहरुका निम्ति सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको दक्षता सहितको मापदण्डको निर्माण र कार्यान्वयनलाई प्रमुख प्राथमिकतामा राख्ने ।

(झ) भौगोलिक क्षेत्रका आधारमा गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई अतिरिक्त प्रोत्साहन भत्ताको व्यवस्थापन गर्ने ।

(ञ) गाउँपालिकाका सबै शिक्षकहरुको स्वास्थ्य बीमा निःशुल्क वा अनिवार्य गर्ने ।

(ट) अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिलाई शिक्षण पेसामा सहभागी पाउन अक्सर एवम् क्षमता अभिवृद्धिका कार्यक्रमहरु सन्चालन गर्ने ।

(ठ) सबै शिक्षकलाई सिकाइमा सुधार गर्नका लागि अनिवार्य रुपमा कार्यमूलक अनुसन्धान गर्न लगाउने र उत्कृष्ट अनुसन्धानलाई गाउँपालिकाबाट प्रकाशन र सम्प्रेषण गर्ने साथै शिक्षक क्षमता विकासमा प्रविधिलाई जोड दिने ।

(ड) गाउँपालिकास्तरमा सेवा निवृत्त शिक्षक र शिक्षा प्रशासन्का अधिकृतहरु सम्मिलित विज्ञ टोलीको गठन गरी शिक्षकहरुको पेसागत सहयोगको कार्यमा परिचालन गरिने छ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

(क) पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित दक्ष र जिम्मेवार शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुने छ।

(ख) राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेशागत सहयोग प्रणालीको विकास हुने छ।

(ग) शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी छनौट र पेसागत विकास भएको हुने छ।

(घ) तहगत रुपमा शिक्षक वितरण र बिषयगत रुपमा शिक्षक व्यवस्थापन र परिचालन भएको हुने छ।

(क) सबै तहमा शिक्षकहरुको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने र शत प्रतिशत शिक्षकहरु न्यूनतम योग्यता हाँसिल गरेको हुने ।

(ख) शिक्षक र कर्मचारीको प्रोत्साहित भएको हुने तथा जिम्मेवार र जवाफदेही भएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक सहजकर्ताको सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्ता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सूचना प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | २० | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | १०० |
| ५ | शिक्षकको पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय (%) | ० | ० | १० | ३० | ५० | ७० | ८० | १०० |

**४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक व्यवस्थापन र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |

| क्र.स | प्रमुख क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | कसले |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिचालन तहगत रुपमा वितरण | | | | | | | | |
| २ | शिक्षक पेशागत सहयोग प्रणालीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ३ | अन्तरविद्यालय सिकाइ आदानप्रादन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिकार विद्यालय |
| ४ | पालिकाले प्रअ र प्रअले शिक्षकहरूसँग करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिकार विद्यालय |
| ५ | सिकाइ समूह वैठक/घुम्ती वैठक संचालन गर्ने | पटक | | १ | १ | १ | १ | ५ | पालिकार विद्यालय |
| ६ | तहगत रुपमा उत्कृष्ट कार्य गर्ने शिक्षकलाई प्रोत्साहन | वार्षिक | १ | १ | १ | १ | १ | ५ | पालिकार विद्यालय |
| ७ | एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र शिक्षक विद्यालय |

## ४.३ शैक्षिक समता र समावेशिकरण

### ४.३.१ वर्तमान अवस्था

गाउँपालिकाभित्रका शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र विपतप्रतिरोधी सिकाइ वातावरणको निर्माण गरी समतामूलक पहुँच र गुणस्तरमा वृद्धि गर्नु आजको आवश्यकता हो । भौगोलिक, आर्थिक, सामाजिक , साँस्कृतिक , धार्मिक , शारिरीक, मानसिक तथा जातिय ढंगबाट उपेक्षित सबै वर्गलाई कुनैपनि कारणले शिक्षाबाट बञ्चित हुन नदिनका लागि समतामूलक तवरले शैक्षिक अवसर प्रदान गर्नु नै समतामूलक र समावेशी शिक्षा हो । हाल विकसित परिवेशसँगै सडक बालबालिका अनाथ घरेलु हिंसा पिडित, द्वन्द पिडित, सहिद परिवार, बेपत्ता घाइते , अपांङ्ग सबै किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ । विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित गर्नु आवश्यक छ। बालबालिकामा भएका विभिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता कायम गर्नु आवश्यक छ । समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ। सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक, र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा र अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । विद्यालय तहमा महिला लगायत शिक्षक नियुक्तिको समावेशी

व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

सिम्ता गाउँपालिकामा एउटा विशेष विद्यालय र २ वटा स्रोत कक्षाहरु सञ्चालनमा रहेका छन् । (स्रोत कक्षाको रुपमा अन्धाबहिरा तथा अपाङ्गक विद्यालयको रुपमा श्री बागेश्वरी मावि राकममा सन्चालन भएको र उक्त विद्यालयमा २६ जना बालबालिकाहरु अध्यापन गरी रहेका छन् । गाउँपालिकामा आधारभूत र माध्यमिक तहको लैङ्गिक समता सूचक समदरको नजिक रहेको अवस्था छ । करिब सबै विद्यालयहरुमा महिला शिक्षकको उपस्थिति उल्लेखनीय रहेको छ । गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ५० प्रतिशतको हाराहारीमा पुगाउने कार्यलाई प्राथमिकतामा राखिएको छ । आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । अपाङ्ता भएका बालबालिकाको प्रारम्भिक पहिचानको लागि स्थानीय तहबाट पहिचान भएको छ । केही बालबालिकालाई विभिन्न संघ संस्थाको सहयोगमा स्वास्थ्य परीक्षण गराई आवश्यक उपकरण समेत उपलब्ध गराईएको छ । थप यस कार्यलाई प्रभावकारी बनाउन निरन्तर पहल भइरहेको छ । लैङ्गिकमैत्री वातावरण निर्माण गर्न माध्यमिक विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई जोड दिइएको छ । महिनावरी हुने सबै छात्राहरूलाई सेनिटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य शैक्षिक सत्र २०७७ देखि शुरु गरिएको छ । अझै पनि छात्रामाथि हुन सक्ने दुर्व्यवहार, हिंसा, विभेद आदिजस्ता कार्यलाई हटाउन सकिएको छैन । यसलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाउन आवश्यक छ । यद्दपी माध्यमिक तहमा विद्यालयहरुमा लैङ्गिक सम्पर्क व्यक्ति हरूको व्यवस्था मलिइएको छ ता पनि सबै तवरले सबैको पहुँच सुनिश्चित हुने गरी कार्य गर्न आवश्यक देखिन्छ । विद्यालय तथा विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजिकरणका लागि उपयुक्त सामग्रीहरु , स्रोत शिक्षक तथा सहायतको कार्य प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

### ४.३.२ उद्देश्य

लक्षित समूहका बालबालिकाहरुलाई शिक्षामा समतामूलक र समावेशी रुपमा पहुँच अभिवृद्दि गर्नका निमित्त निम्नानुसारको उद्देश्यहरु अवलम्बन गरिएको छ।

(क) महिला, दलित, जनजाती, , अपाङ्गता भएका, भौगोलिक कठिनाइमा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्धन्द प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,

(ख) शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री, अपाङ्तामैत्रि , लैङ्गिकमैत्री बनाउनु ,

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा र दुर्व्यवहार नहुने वातावरणको सुनिश्चित गर्नु ।

### ४.३.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नुसारका रणनीतिहरु अवलम्बन गरिएको छ:

(क) अपाङ्गताको लेखाजोखा गरी उनीहरुलाई समावेशी शिक्षाको प्रबन्ध मिलाउने ।

(ख) घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने

(ग) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गर्ने ।

(घ) सबै सामुदायिक आधारभूत विद्यालयहरुमा दिवा खाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरु लक्षित महिनावारी स्वच्छता सम्वन्धी सेवत तथा शिक्षा प्रदान गर्ने

(ङ) आवश्यकतानुसार पोषाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, अपाङ्गता भएका बालबालिहरुका लागि आवश्यकतानुसार सहायक सामग्री उपलब्ध गर्ने

(च) सिकाइका क्रियाकलापहरु सहभागितात्मक बनाइ विद्यालयमा कुनै पनि किसिमको विभेद नहुने वातावरण सिर्जना गर्ने ।

(छ) समावेशी शिक्षा लागु गर्नको लागि शिक्षकहरुलाई आवश्यकता अनुसार विभिन्न तालिम प्रदान गर्ने

(ज) प्रत्येक विद्यालयमा लैङ्गक सम्पर्क व्यक्ति तोकी जवाफदेही बनाउने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

(क) विद्यालय तहको शिक्षामा समता सहितको समावेशी पहुँच कायम गरी सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने छ ।

(ख) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितिमा परेका सबै – बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने हुने छ ।

(ग) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंसा, दूर्व्यवहार र हेपाइरहित बालमैत्री , अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २ | १.९ | १.५ | १ | ०.५ | ० | ० | ० |
| २ | लैङ्गिक समता सूचक (१ देखि ५) | ०.९८ | ०.९८५ | ०.९९ | ०.९९५ | १.०० | १.०० | १.०० | १.०० |
| | लैङ्गिक समता सूचक (६ देखि ८) | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | १.०० | १.०० | १.०० |
| ३ | लैङ्गिक समता सूचक (९ देखि १०) | १.०६ | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | १.०० | १.०० |
| ४ | लैङ्गिक समता सूचक (११ देखि १२) | ०.९३ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ | १.० | १.० | १.० |
| ५ | लैंगिक, अपांग, बाल मैत्री संरचना | ३० | ३५ | ४० | ५० | ५५ | ६० | ८० | १०० |
| ६ | लैङ्गिक अपाङ्गता तथा बाल सरक्षण सम्पर्क व्यक्ति भएको विद्यालय प्रतिशत | २० | २५ | ५० | ७० | ९० | १०० | १०० | १०० |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका तथा विभिन्न कारणले विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र तथ्याङ्क अद्यावधी | पटक | | १ | | | १ | १ | पालिका |
| २ | छात्रवृत्री कार्यकंम | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | अति विपन्न र लक्षित बालबालिकालाई शैक्षिक सामग्रीहरु सहायता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका |
| ४ | विद्यालयमा लैङ्गिक तथा समावेशि फोकल शिक्षकको व्यवस्था र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ५ | अपाङ्गता भएका बालबालिकाको लागि शेक्षिक सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ६ | समावेशि तथा समता शिक्षा र क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकाको बौद्धिक, मानसिक, सामाजिक र शारिरीक विकास भै सिकाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहित गर्दछ । अझैपनि सिघ्र कुपोषणका कारणले नेपाल सहित दक्षिण एसियामा रहेका बालबालिकाको मृत्युको प्रमुख कारण रहेको देखिन्छ । सरसफाइको कमी, सन्तुलित आहार नहुनु ,पोषणयुक्त खानाको कमीका कारणले बालबालिकामा विभिन्न किसिमका रोगहरू उत्पन्न हुँदा बालबालिकाहरु विद्यालयमा नियमित नहुँदा उनिहरुको शैक्षिक वातावरणमा नकरात्मक प्रभाव पर्नुका साथै मानसिक समस्याहरु देखिन्छ । पोषणका साथै सरसफाइ तथा स्वच्छता अतिनै आवश्यक हुन्छ । व्यक्तिगत सरसफाइ, घरयासी सरसफाइ, विद्यालयको सरसफाइ, वातावरणीय सरसफाइले बालबालिकाको स्वस्थ जीवनमा सहयोग पुर्याउँदछ । विद्यालयमा हुने दिवा खाजा, स्वच्छ खानेपानी, महिनावारी स्वच्छता व्यवस्थापन तथा बालबालिकाको स्वास्थ्य जाँच, खोप लगायतका कार्यक्रमहरु यस अन्तरगत पर्दछन् । कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका तथा निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई तथा केही विद्यालयहरुमा इन्सिनिरेटरको व्यवस्थापन र प्रयोगले सरसफाइमा सहायता गर्दै आएको छ ।

सरसफाइ तथा स्वच्छता गुरुयोजना २०११, विद्यालय स्वास्थ्य र पोषण रणनीति २००६, विद्यालय क्षेत्र विकास कार्यक्रम सन् २०१६ देखि २०२३, बालमैत्री विद्यालय फ्रेमवर्क लगायतका नीति, पूर्ण सरसफाइ निर्देशिका लगायतले स्पष्ट रुपमा विद्यालयको खानेपानी तथा सरसफाइ तथा पोषणको बारेमा दिशानिर्देशन गरेका छन् । विद्यालयमा छात्र र छात्राका लागि युरिनल सहितका फरक फरक शौचालय, शौचालयमा नियमित पानी, नियमित सरसफाइ, सहज हात धुने व्यवस्था, स्वच्छ खानेपानी र सरसफाइका न्यूनतम रुपमा हुनुपर्ने र सोही बमोजिम विद्यालयलमा कार्यान्वयन हुनैपर्ने व्यवस्थाको उल्लेख गरेको छ । विद्यालयमा पानी, शौचालय, वातावरणीय सरसफाइ, सफा र हरियाली वातावरण, स्वच्छता सुविधा, स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, लगायतको व्यवस्थापनले विद्यालयको पोषण तथा सरसफाइमा मद्दत पुर्याएको छ ।बालबालिकाहरुको नियमित रुपमा स्वास्थ्य शिक्षा , स्वास्थ्य परीक्षण, नियमित खोप, भिटामिन , आइरन चक्की तथा सुश्म पोषक तत्वहरुको वितरण जस्ता कार्यहरु समुदाय तथा विद्यालयमा नियमित हुनुपर्दछ ।

सिम्ता गाउँपालिकामा रहेका ५९ वटा सामुदायिक विद्यालयहरुमा रहेका प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म रहेका सबै बालबालिकाका लागि दिवा खाजा कार्यक्रम संञ्चालन गरिएको छ । दिवा खाजा अन्तर्गत विद्यालयले मेनु निर्माण गरी पत्रु (जङ्ग फुड) खाजा निरुत्साहित गर्नकालागि स्थानीय स्तरमा उत्पादन भएका अर्गानीक खाजा खुवाउने व्यवस्था गरेको छ । अझै केही विद्यालयहरुले पत्रु (जङ्ग फुड) खाजा खुवाउने गरेकाले पालिकाले स्थानीय परिवेश अनुसारको खाजा मेनु तयार गरी कार्यान्वियन गर्न आवश्यक छ । कक्षा ६ भन्दा माथि अध्ययन गर्ने छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई चालु आर्थिक वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकसको व्यवस्थापनदेखि सामुदायिक तथा संस्थागत विद्यालयहरुका सम्पूर्ण किशोरीका लागि निःशुल्क आइरन चक्की प्रदान गर्ने कार्य सञ्चालन हुँदै आएको छ। गाउँपालिका अन्तर्गत रहेका ६० वटा सामुदायिक विद्यालयहरुमध्ये १२ माध्यमिक विद्यालय मध्य हालसम्म कुनै पनि माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन नगरिएको र सो कार्यक्रमलाई प्रभावकारी बनाउने प्रयास गरिएको छ । विद्यालय सरसफाइ अन्तरगत कक्षाकोठाको सरसफाइ, विद्यालयको वातावरणीय सरसफाइ, स्वच्छ खानेपानीका लागि फिल्टको व्यवस्था लगायतका कार्य गरेको छ । यसका साथै विद्यालय स्वास्थ्य अन्तरगत सबै विद्यालयमा प्राथमिक उपचार किटको वितरण, नियमत स्वास्थ्य चेकजाँच, विद्यालयम पोषणा कर्नर साथै माध्यमिक तहका सबै विद्यालयमा पोषणको महत्व तथा व्यवहार परिवर्तन, मानसिक स्वास्थ्य, लागु औषध दुर्वयसनी सम्वन्धी सचेतनामूलक कार्यक्रमहरु केही मात्रामा भएको र प्रभावकारी रुपमा सबै विद्यालयमा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ उद्देश्य

बालबालिकाको पोषण र स्वास्थ्य अवस्थामा सुधार गरी बालबालिकाको शिक्षण सिकाइमा सुधार ल्याउनका लागि निम्नानुसारका उद्देश्यहरु अवलम्बन गरिएको छ :

(क) बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ,
(ख) विद्यालयमा बालबालिकाको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
(ग) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु परिपुर्ति गर्नको लागि निम्नानुसारको रणनीतिहरु अवलम्बन गरिएको छ :

(क) बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ यसमा अभिभावकको संलग्नतामा पनि जोड दिइनेछ ।

(ख) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ ।

(ग) स्थानीय तहले पालिकाका सबै विद्यालयका लागि हुने गरी स्थानीय स्तरको स्टान्डर्ड मेनु तयार गरी कार्यान्वयन गर्ने ।

(घ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिनेछ साथै प्रयोग गरीएका स्यानीटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी तथा इन्सिनरेटरको व्यवस्थापन गरिनेछ ।

(ङ) विद्यालयहरूमा नियमित प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाईनेछ।

(च) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ।

(छ) मानसिक स्वास्थ्यमा सुधारका लागि बालबालिकालाई मानसिक स्वास्थ्य शिक्षा तथा मनोसामाजिक परामर्शको व्यवस्था गरिनेछ ।

(ज) दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ।

(झ) माध्यमिक तहका सबै विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागु गरिने छ र अन्य विद्यालयहरुमा परिचालन गरिनेछ।

(ञ) अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि स्थानीय पोषणयुक्त खाजाको प्रबन्ध गराउन प्रोत्साहन गरिने छ साथै शिक्षक र कर्मचारिका लागि पनि विद्यार्थी सरह खाजाको व्यवस्था गरिनेछ ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएर सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

(ख) दिवा खाजा , स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

(ग) सबै बालबालिकाहरुले पोषणयुक्त दिवा खाजा प्राप्त गरेको हुनेछन् र सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने र जंक फुडलाई पूर्णरुपमा निरुत्साहित गरिएको हुनेछ ।

(घ) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाइ अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने छ ।

(ङ) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने छ ।

(च) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि, आईरन चक्की तथा किशोरीहरूको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण र डिस्पोजेबल इन्सिनरेटरको व्यवस्था भएको हुने छ ।

(छ) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने छ ।

(ज) विद्यार्थी र विद्यालयको अगुवाइमा स्मार्ट विद्यालय कार्यक्रम लागु गरी पूर्ण सरसफाइका सूचकहरु पुरा हुने छ ।

(झ) सबै बालबालिकाहरुले पूर्ण रुपमा खोप प्राप्त गरेका हुनेछन् र सबै बालबालिकाको न्यूनतम स्वास्थ्य चेक जाँच भएको हुनेछ छ ।

(ञ) सबै माध्यमिक विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था भएको हुनेछ र अन्य विद्यालयमा परिचालित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | पत्रु खाजा प्रतिबन्ध | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| ३ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | ० | | ३ | ६ | ९ | १२ | | |

**४.४.५ प्रमुख क्रियाकलापहरु र लक्ष्य**

| क्र.स | मुख्य क्रियाकलाप हरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कक्षा १ मा भर्ना भएका बालबालिका लाई खोप तथा शुस्म पोँषक तत्व वितरण | विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | स्थानीय तह स्वास्थ्य शाखा |
| २ | स्वस्थकर दिवा खाजाको व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | स्थानीय तह विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण | विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | विद्यालय स्वास्थ्य शाखा |
| ४ | प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुर्याउने | विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | पालिका र स्वास्थ्य शाखा |
| ५ | विद्यालय नर्सको व्यवस्था | विद्यालय | ० | ३ | ३ | ३ | ३ | | विद्यालय स्वास्थ्य शाखा संघ |
| ६ | फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ पिट निर्माण, प्रयोग गरेको सेनिटरी प्याड व्यवस्थापनका लागि रातो बाल्टी, इन्सिनरेटर | विद्यालय | ० | ५ | १५ | १५ | १५ | १० | विद्यालय र पालिका |
| ७ | स्यानीटरी प्याट वितरण तथा व्यवस्थापन | विद्यालय | १८ | १८ | १८ | १८ | १८ | १८ | शिक्षा शाखा |
| ८ | सरसफाइमा उत्कृष्ठ कार्य गर्ने विद्यालयलाई पुरस्कृत गरिने | विद्यालय | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | ६० | ६० | ६० | ६० | ६० | ६० | पालिका र स्वास्थ्य शाखा |
| १२ | मानसिक स्वास्थ्य तथा लागुऔसध सम्वन्धी सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र स्वास्थ्य शाखा |
| १३ | विद्यालयमा आईसि सामग्री वितरण | विद्यालय | | १२ | १२ | १२ | १२ | निरन्तर | पालिका र स्वास्थ्य शाखा |

## ४.५ विद्यालय सुरक्षा, विपत् तथा उत्थानशीलता

### ४.५.१. वर्तमान अवस्था

विद्यालय शान्ति क्षेत्र, राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने , भेदभाव र र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरु हुदै आएका छन् । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका २०७७ , विद्यालय शिक्षा सम्वन्धी आकस्मिक कार्ययोजना २०७७ , विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा २०७७, ले विपद्को समयमा शैक्षिक गतिविधिहरु कसरी वढाउन सकिन्छ भन्ने बिषयहरु उल्लेख गरेका छन् । युद्ध, द्धन्द महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितका शैक्षिक कार्यक्रमलाई आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ । यसको मुल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालिन अवस्थामा बालबालिका लगायत सम्वद्ध व्यक्तिहरुको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंशा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाद रुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुको तयारी तथा सञ्चालन गर्नु हो । आपत्कालिन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारण बाल अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण, महामारी, युद्ध, द्धन्द व्यवस्थापन आदि  कुराहरु समावेश गरिन्छ ।

विपत् को समयमा शैक्षिक गतिविधिहरु कसरी निरन्तर बनाउन सकिन्छ भन्ने बिषयमा सिम्ता गाउँपालिकाले पनि बिशेष महत्वको रुपमा लिएको छ । पालिकामा उपाध्यक्षको संयोजकत्वमा शिक्षा समूह गठन भएको छ र शिक्षा समूहले विपत् शिक्षा योजना निर्माण थालेको छ । सिम्ता गाउँपालिकामा विशेष गरी हावाहुरी, बाढी तथा पहिरोको जोखिम र विभिन्न समयमा अन्य भाइरल लगायतका रोगहरुले बालबालिकाको पठनपाठनमा समस्या निम्ताएको हुन्छ । यस्तो अवस्थामा बालबालिकाको पढाइलाई निरन्तरताका लागि विद्यालय सुधार योजना मार्फत विभिन्न किसिमका सिकाइ क्षती आपुरणका कार्यहरु राखिएका छन् । विपतको समयमा विद्यालयमा हुने भौतिक तथा शैक्षिक क्षती न्यूनिकरणका लागि पालिकाले आपतकालिन सहयोगको योजनाहरु बनाएको र सोही अनुसार कार्य गर्ने गरी योजना निर्माण गरेको छ । सिम्ता गाउँपलिकाले कोभिड १९ को महामारीको अवस्थामा शिक्षण सिकाइलाई टोल सिकाइ, भर्चुअल कक्षा तथा रेडियो मार्फत कक्षाहरु सञ्चालन गरेको थियो । पालिकामा रहेका शैक्षिक संस्थाहरु भुकम्प प्रतिरोधी छैनन् । हरित विद्यालय अवधारणा लिएको भएता पनि विद्यालयहरु हरित र सुरक्षित अवस्थामा लिन आवश्यक देखिन्छ । विपत् को समयमा भर्चुअल कक्षाहरु सञ्चालनका तथा टोल सिकाइका अनुभव हाँसिल गरेकाले अबका दिनमा यस्ता विपद्का घटना भएमा भर्चुअल माध्यमबाट निरन्तर सिकाइका अभ्यासहरु गर्न सकिन्छ । विद्यालयमा विपद् व्यवस्थापन सम्बन्धी तालिम र क्षमता विकास प्राप्त शिक्षक नहुनु चुनौतीका रुपमा लिइएको छ । आपतकालिन अवस्थामा लागु गरिने पाठ्यवस्तु, छुटटै योजना बनाउने कि योजनाको हरेक अंगमा यसलाई समावेश गर्ने, योजना तत्कालिन बनाउने कि दीर्घकालिन, योजनामा संकटका कुनकुन पक्षलाई समावेश गर्ने, अनुमान गर्न नसकिने, घटनालाई योजनामा कसरी समेट्ने आदि यसका चुनौतीहरु रहेका छन् । यस्ता घटनाको बेला शैक्षिक क्रियाकलापलाई निरन्तरता प्रदान गर्न पालिका स्तरमा शिक्षा समूह गठन भई कार्यान्वयनमा भएको छ । साथै विपतमा शिक्षालाई निरन्तरता दिन शिक्षा विपत प्रतिकार्य योजना निर्माण समेत गरिएको छ । -यसले गर्दा विभिन्न आपतकालिन, विपद्को अवस्थामा बालबालिका अध्यन गर्ने अवसर बाट बञ्चित नहुने । सिकाइ मैत्री वातावरण सृजना हुने देखिन्छ । अभिभावक, बालकालिका र सरोकारवाला निकाय हरू पनि योजना अनुरूप सहयोगका लागि सहज हुने देखिन्छ ,

### ४.५.२ उद्देश्य

विद्यालय सुरक्षा र विपद्को समयमा बालबालिकाको सिकाइ सहजिकरण प्रभावकारी रुपमा कार्यान्वियन गर्नका लागि निम्नानुसारका उद्देश्यहरु अवलम्बन गरिएको छ :

(क) औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,
(ख) सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्नु,
(ग) विपत व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने र पूर्व तयारीका लागि आधार तय गर्नु,
(घ) विपत बाट बालबालिकामा पर्ने शैक्षिक असर न्यूनिकरण गरी उनीहरुको सिकाइ निरन्तरता दिनु तथा विपद्का समयमा हुने शैक्षिक क्षती न्युनिकरणका लागि क्षमता विकास र परिचालन गर्नु ,
(ङ) अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना गर्नु

### ४.५.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु हाँसिल गर्नका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

(क) विपतको समयमा शिक्षण सिकाइका गतिविधिहरुलाई निरन्तरता दिन पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पूर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरी कार्यान्वयन गर्ने,

(ख) सम्भावित प्रकोप तथा विपत सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास गर्ने ,
(ग) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरूको खोजी र प्रयोग गर्ने ,
(घ) सम्पूर्ण विद्यालयहरुको विपत जोखिमको अवस्था मूल्याङ्कन गर्ने र प्राथमिकीकरण गर्ने साथै विद्यालयमा विपत प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने ,
(ङ) गाउँपालिकामा रहेको शिक्षा समूहको प्रभावकारी परिचालन गर्ने ,
(च) विपतको प्रतिकार्यका लागि आवश्यक सीप, ज्ञान र स्रोत तयारी गर्ने ,
(छ) पालिकामा विद्यालय शिक्षाका लागि विपत सुरक्षा डेस्क स्थापना गरी विद्यालय तहमा पनि कार्यान्वयन गर्ने ,
(ज) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने तथा संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने ,
(झ) विद्यालय भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड २०८० को प्रभावकारी कार्यान्वयन गर्ने र प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने ,
(ञ) विपत तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरू बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ,
(ट) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने जसमा एक विद्यालय एक बँगैचा र एक विद्यार्थी एक विरुवा नीति अवलम्बन गर्ने ।

**४.५.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि तथा नतिजा**

(क) विपत् व्यवस्थापनका लागि गाउँपालिकामा भएका शिक्षा समूहको प्रभावकारी परिचालन तथा विपत शिक्षा योजना निर्माण भै कार्यान्वयन भएको र विभिन्न विपत प्रतिकार्य सयन्त्रहरु निर्माण र क्षमतावान भएको हुनेछन् ।
(ख) सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक , मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने ।
(ग) आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधिहरुको प्रयोग भै बालबालिकाको सिकाइ सहजीकरण नियमित भएको हुनेछ ।
(घ) सबै विद्यालयले हरित र सुरक्षित विद्यालयको नीति अबलम्बन गरी कार्यान्वयन गरेका हुनेछन् ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तगा जोखिम न्यूनिकरण सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ६० | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | ० | | १० | ३० | ५० | ६० | | |
| ३ | जलवायू परिवर्तन तथा दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यन्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ० | ६० | | | | | |
| ४ | विपद प्रतिकार्य योजना निर्माण गर्ने विद्यालय | 0 | ० | १२ | ३० | ६० | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | | | |
| ५ | गाउँपालिकामा विपत शिक्षा योजना निर्माण र अद्यावधिक | ० | १ | | | | | | १ |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा विपद शिक्षा योजना निर्माण | पटक | १ | | | | | पुनरावलोकन | पालिका |
| २ | विपत् तथा प्रकोप स्थानीय तह र विद्यालयको क्षमता विकास तालिम र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र सरोकारवाला |
| ३ | विद्यालयमा विपत प्रतकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | | १२ | १८ | ३० | | ६० परिमार्जन | पालिका र वालय |
| ४ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापन तथा उत्थानशीलताका लागि सचेतना शिक्षक तथा विव्यस तालिम रियल प्लान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ५ | हरित विद्यालय अवधारणाको कार्यान्वयन | विद्यालय | | १० | २० | २० | १० | निरन्तर | पालिका र विद्यालय |
| ६ | विपत मा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि सिकाइ सहजिकरणका सामग्रीको तयारीर व्यव्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका र विद्यालय |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, कक्षाकोठा, खेलमैदान, शौचालय, सफाइ र खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक – कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा कार्यक्रम प्रस्ताव गरिएको छ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमताभित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन । विद्यालयका भौतिक संरचना निर्माणका लागि हालसम्म अवलम्बन गरीएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । चार कोठाको भवन बनाउँदा संघीय सरकारबाट प्राप्त हुने बजेटले गाउँपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्ग मैत्री र विपत् प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबीचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन।
शिक्षाको गुणस्तर वृद्धि गर्न तथा सबैका लागि शिक्षा, शिक्षामा समान पहुँच र सहभागिता वृद्धि गर्ने, शिक्षामा समानता विरुद्ध समता जस्ता नाराहरुलाई मूर्तरुप दिन कुनै पनि स्थानीय तहले विद्यालयहरुमा भौतिक पूर्वाधार विकास निर्माण सम्बन्धी मापदण्ड २०८०, अनुसार गर्नुपर्ने देखिन्छ ।
सिम्ता गाउँपालिकामा संचालित ६० वटा सामुदायिक विद्यालयहरु तथा ५ वटा संस्थागत विद्यालयहरु गरी जम्मा ६५ वटा विद्यालयहरुमा पक्की भवन ९० वटा, कच्ची भवन २२ वटा, कक्षा कोठा सङ्ख्या पक्की २०५ कच्ची ८२ वटा, सौचालय ८९ वटा निर्माण गर्नुपर्ने विद्यालय ९ वटा, पुर्न निर्माण गर्नुपर्ने विद्यालय १ वटा रहेका छन् । सम्पूर्ण विद्यालयहरु मध्य ५ वटा विद्यालयमा पुस्तकालय कोठा, ९ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशाला कोठा, १४ वटा विद्यालयहरुमा कम्प्युटर कक्ष र धेरै जसो विद्यालयहरुमा कार्यालय कोठा भएता पनि केही विद्यालयहरुमा कक्षा कोठा र कार्यालय कोठा एकै ठाउँमा सञ्चालन भइरहेका छन् । अधिकांश विद्यालयहरुमा छात्र र छात्राको लागि छुट्टाछुटै शौचालयको व्यवस्था गरिएको छैन । स्वच्छ पिउने पानीको अभावपनि छदैछ । यसै गरी खेलमैदान तथा विद्यालय घेराबार पनि प्रभावकारी हुन आवश्यक देखिन्छ । सिम्ता गाउँपालिकामा विषेश गरी आधारभूत तहका विद्यालयहरुमा कच्ची भौतिक संरचनाहरु हुँदा तिनीहरुलाई विस्थापन गरी पक्की, भुकम्प प्रतिरोधात्मक, अपाङ्ग मैत्री भौतिक संरचनाहरु निर्माण गर्नुपर्ने हुन्छ । माथि उल्लेखित् भौतिक संरचनाहरु निर्माण गर्दा सिम्ता गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव नभएकोले प्रदेश सरकार, संघीय सरकार, समुदाय, विभिन्न संघ संस्थाहरुको समेत सहयोग लिन सकेमा शिक्षण सिकाइमा प्रभावकारी भूमिका निर्वाह गर्न सकिन्छ ।

### ४.६.२ उद्देश्य

शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधारमा सुधार गरी सुरक्षित भौतिक पूर्वाधार र सिकाइ वातावरणमा सुधार गरी बालबालिकाको विद्यालयमा पहुँच अभिवृद्दि गर्न निम्नानुसारका उद्देश्य अवलम्बन गरिएको छ :
(क) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
(ख) विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु.
(ग) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेही प्रणालीको विकास गर्नु ।

### ४.६.३ रणनीति

माथि उल्लिखत उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

(क) विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना अनुसार कार्य गर्ने
(ख) विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका प्राथमिकताका आधारमा भौतिक पूर्वाधारको निर्माण, मर्मत सम्भार तथा सवलिकरण गर्ने

(ग) गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार, विकास साझेदार एवम् गाउँपालिका लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गर्ने,

(घ) प्रत्येक माध्यमिक तहका विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला, एक गणित प्रयोगशालाको सुनिश्चित गर्ने,

(ङ) विद्यालयहरुको भौतिक संरचनाहरुको अवस्था पहिचान र प्रोफाइल तयार गरी उक्त प्रोफाईलका आधारमा कार्यान्वयन प्रक्रिया अगाडि बढाउने,

(च) पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,

(छ) विद्यालयको भौतिक पक्षमा सुधार गर्नका लागि स्थानीय समुदाय र लगानीकर्ताहरुलाई प्रोत्सहान एवम् परिचालन गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने ।

**४.६.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

(क) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने,
(ख) विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने ,
(ग) गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ,
(घ) सबै माध्यमिक तहका विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत तहका विद्यालयहरुमा पिन विस्तार भएको हुने ,
(ङ) विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार तथ सवलिकरणका लागि नियमित पद्धति विकास भएको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बाल मैत्री, अपांग मैत्री तथा भुकम्प प्रतिरोधी विद्यालय % | ० | २० | ४० | ६० | ८० | १०० | | |
| २ | खेल मैदान व्यवस्थापन तथा खेलकुद सामाग्री व्यवस्थापन % | ३५ | ४० | ६० | ८० | १०० | | | |
| ३ | भुकम्प प्रतिरोधि कक्षाकोठा सङ्ख्या % | ० | २० | ४० | ६० | ८० | १०० | | |
| ४ | सबलीकरण भएका कक्षाकोठा % | १० | २० | ३० | ४० | ५० | ६० | ८० | १०० |
| ५ | मैत्रीपूर्ण शौचालय भएको विद्यालय % | १५ | २० | २५ | ४० | ५० | ७० | ९० | १०० |
| ६ | स्वच्छ र मैत्रीपूर्ण पिउने पानीको व्यवस्थापन भएको विद्यालय % | २० | ३० | ४० | ५० | ६० | ७० | ८० | १०० |
| ७ | भौतिक पूर्वाधार संरक्षण र मापदण्ड | ० | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सम्वन्धि अभिमुखिकरण | | | | | | | | |

**३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य**

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बालमैत्रि अपाङ्ता मैत्री तथा भुकम्प प्रतिरोधि भवन तथा पूर्वाधार निर्माण , मर्मत तथा सवलिकरण | पटक प्राथमिकता का आधारमा | १ | १ | १ | १ | १ | ५ | पालिका र वडा |
| २ | भौतिक पूर्वाधार व्यवस्थापनका लागि अभिमुखिकरण तथा क्षमता विकास | पटक | १ | | | १ | | १ | पालिका र वडा |
| ३ | भौतिक पूर्वाधारको अवस्था बिश्लेषण तथा प्रोफाईल तयारी | पटक | १ | | | | | १ | पालिका, |
| ४ | खेलमैदानहरुके विस्तार र व्यवस्थापन | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | पालिका |
| ५ | शौचालय , खानेपानी तथा फर्निचरहरुको व्यवस्थापन तथा मर्मत सम्भार | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | निरन्तर र प्राथमिकता का आधारमा | पालिका |

## ४.७ विद्यालय सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटत भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासन्को प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ। नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६, ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ। उक्त नीतिहरुमा सबै शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३ देखि २०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरीएका थिए।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय शिक्षा क्षेत्र विकास योजनामा समावेश गरिएको छ।

सिम्ता गाउँपालिकामा सञ्चालनमा रहेका सबै माध्यमिक तहका विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ। विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीतिअनुरूप हालसम्म यस गाउँपालिकाका ५० प्रतिशत माध्यमिक तहका विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ। माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ। अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयहरूमा माध्यमिक तहमा कम्प्युटरलाई ऐच्छिक विषयका रूपमा शिक्षण गरेका छन् जसबाट विद्यार्थीहरूको केही मात्रामा भएपनि सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच पुगेको देखिन्छ। संघ, कर्णाली प्रदेश, सिम्ता गाउँपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि वडा नं १ देखि ३ नम्बरसम्मको क्षेत्रमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा रेडियो, टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट त्यहाँका केही वालबालिकाहरू बञ्चित भइरहेका छन्। कोभिड १९ का कारण विद्यालयको शैक्षिक गतिविधिहरू प्रभावित भएको अवस्थामा समेत गाउँपालिकाले स्थानीय एफ. एम. रेडियोलाई समेत विभिन्न कक्षाका भर्चुअल कक्षाको पाठ उत्पादन तथा प्रसारण गर्ने कार्यमा प्रयोग गर्दै आएको अवस्था छ। सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान प्रदान गरिँदै आएको अवस्था छ। विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ। गाउँपालिकाबाट सिकाइ सहजीकरण केन्द्र स्थापना गरेर एकीकृत कार्ययोजनाका साथ शैक्षिक सत्र २०७८ देखि कक्षा १० का विद्यार्थीका लागि अङ्ग्रेजी, गणित र विज्ञान लगायतका विषयको भर्चुअल कक्षा व्यवस्थापन गरीदै आएको छ। कम र शून्य दरबन्दी रहेका माध्यमिक विद्यालयका विद्यार्थीलाई सिकाइमा सहजीकरण गर्न र विपतको समयमा समेत बालबालिकाको सिकाइलाई निरन्तरता दिनका लागि उक्त सहजीकरण केन्द्र सञ्चालनमा रहेको अवस्था छ। सूचना तथा सञ्चार प्रविधिमा शिक्षकको क्षमता विकास तथा परिचालन लक्ष्य अनुरुप हुन सकेको छैन। शिक्षकहरुलाई सूचना प्रविधिमा दक्ष बनाउनका निमित्त क्षमता विकास गर्न प्रशिक्षकको व्यवस्था गरी परिचालन गर्न आवश्यक देखिन्छ। सूचना व्यवस्थापनमा समेत प्रभावकारी कार्य गरेमा सूचना व्यवस्थापन प्रणाली चुस्त दुरुस्त हुने देखिन्छ । सबै विद्यालयमा इन्टरनेट तथा अफलाईन मात्ध्यमबाट चलाउन सकिने इ-पुस्तकालयहरुको व्यवस्थापन गर्न सकिन्छ।

### ४.७.२ उद्देश्य

बालबालिकाहरुमा सूचना तथा सञ्चार प्रविधिमा सरल र प्रभावकारी पहुँच अभिवृद्दि गरी सिकाइ उपलब्धिमा सुधार ल्याउन निम्नानुसारका उद्देश्यहरु किटान गरिएको छ :

(क) सबै विद्यालयहरुमा बिधुत सेवाको पहुँच सुनिश्चित गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार र व्यवस्थापन समयानुसार गर्नु,

(ख) डिजिटल डिभाइस कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउनु,

(ग) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो तथा प्रभावकारी बनाउनु,

(घ) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु तथा विद्यालयको दैनिक प्रशासनिक कार्यमा सूचना प्रविधिकाको प्रयोगमा बढवा दिनु,

(ङ) विपत् तथा सङ्कटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्वन्धीत संरचना र स्रोत व्यवस्थापन गर्नु

### ४.७.३ रणनीति

माथि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिनेछ ।:

(क) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने यसका लागि विधुत सेवाको पहुँचको सुनिश्चितता गर्न

(ख) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गर्ने

(ग) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गर्ने

(घ) गाउँपालिका स्तरमा व्यवस्थित शिक्षा सम्वन्धित जानकारी का लागि ई–पोर्टल निर्माण गर्ने,

(ङ) विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तारमार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गर्ने र क्षमता विकास गर्ने,

(च) शैक्षिक सूचना व्यवस्थापन तथा सूचना प्रणालीलाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली, शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरी लागु गर्ने कार्यमा आवश्यक सहजीकरण र समन्वय गर्ने

(छ) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने,

(ज) संघ र कर्णाली प्रदेशसँग समन्वय गरी गाउँपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबीच समन्वय र सहकार्य वृद्धि गर्ने,

(झ) अफलाईन माध्यमबाट पनि चलाउन सकिने इ पुस्तकालयको व्यवस्थापन गर्ने ।

(क) (ञ सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा

(ख) सञ्चार प्रविधिसँग सम्वन्धीत आधारभूत सीपमा क्षमता विकास गर्ने ।

(ञ) विपत् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

(ट) स्थानीय एफ.एम. रेडियो सँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गर्ने साथै विद्यालयमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था गर्ने(ड) एक शिक्षक एक ल्याप्टप अवधारणा कार्यान्वयन गर्ने तथा कम्प्युटर र सूचना प्रविधि प्रशिक्षकको व्यवस्था र परिचालन गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

क) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन भएको हुने छ ।

ख) गाउँपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ सहजीकरण केन्द्र स्थापना र सञ्चालन भएको हुने छ ।

ग) गाउँपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने छ ।

घ) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने छ ।

ङ) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने छ ।

च) सबै शिक्षकमा ल्यापटपको व्यवस्था र प्रयोग भै विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने छ ।

छ) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारी रूपमा परिचालन भएको हुने छ ।

ज) सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सी.सी. क्यामेराको प्रयोग गरिएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १९ | ६० | | | | | | |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्यूटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या (%) | १४ | १० | ३० | ५० | ६० | ७५ | १०० | |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | ० | १० | २० | ४० | ६० | १०० | | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १९ | २० | ३५ | ४० | ५० | ६० | | |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | २० | ४५ | ५० | ५५ | ५८ | ६० | | |
| ५ | विद्यालयले सूचना, जानकारीका लागि डिजिटल | १९ | ३० | ५० | ६० | ७० | १०० | | |

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९० |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यम प्रयोग (फेसबुक पेज, वयव पेज) (%) | | | | | | | | |
| ६ | IEMIS व्यवस्थापनमा दक्षता (%) | २० | ८५ | ९० | ९५ | ९७ | १०० | | |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | विद्यालय | १० | ३० | ४० | ५० | ६० | | पालिका, |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | ६० | ६० | ६० | ६० | ६० | निरन्तर | पालिका |
| ३ | कक्षा १ देखि ५ सम्म पठन पाठनमा डिजिटल माध्यमको प्रयोग वा ICT प्रयोग | विद्यालय | | १५ | १५ | १५ | १५ | निरन्तर | पालिका, |
| ४ | शिक्षकको क्षमता विकास कम्प्यूर र सूचना प्रणाली व्यवस्थापनमा | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ५ | सूचना प्रविधि प्रशिक्षकको व्यवस्था | सङ्ख्या | | २ | नियमित | नियमित | नियमित | नियमित | पालिका |
| ६ | IEMIS व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सी.सी. क्यामेराको व्यवस्था | सङ्ख्या | | २ | ४ | ४ | २ | ४८ | पालिका |

| क्र.स | मुख्य क्रियाकलाप | परिमाण | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सामुदायिक केन्द्रमा सूचना, सञ्चार प्रयोग सम्वन्धि प्राविधिक सीप प्रदान गर्ने | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका |
| ९ | सूचना सञ्चार सहि प्रयोग विषयमा रेडियो कार्यक्रम | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका |
| १० | शिक्षकको क्षमता विकास, विद्यार्थी पठन पाठमा सघाउ पुग्ने खालका अनलाइन बैठक तथा तालिम सञ्चालन | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका |
| ११ | अनलाइन सिकाइ आदान प्रदान बैठक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | पालिका |

## परिच्छेद ५ अन्य उपक्षेत्र तथा अन्तरसम्वन्धीत बिषयहरु

### ५.१ उच्च शिक्षाको व्यवस्थापन

#### ५.१.१ वर्तमान अवस्था

सिम्ता गाउँपालिकाभित्र प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा कक्षा (१—८) , माध्यमिक शिक्षा कक्षा (९—१२) सम्म सञ्चालित विद्यालयहरुका अतिरिक्त उच्च शिक्षाको लागि सिम्ता बहुमुखी क्याम्पस रहेको पाइन्छ। सिम्ता बहुमुखी क्याम्पसको स्थापना हुनु भन्दा पहिले यहाँका सवै विद्यार्थीहरु वीरेन्द्रनगर, सुर्खेत, बाँकेको नेपालगञ्ज, र काठमाण्डौं गएर पढ्ने गर्थे।हाल न्यून आयस्रोत भएका विद्यार्थीहरुका लागि यो क्याम्पस कोसेढुङ्गा सावित भएको छ। न्यून आम्दानीका स्रोत भएका विद्यार्थीहरुले पनि आफ्नो घरको खाना खाएर उच्च शिक्षा हाँसिल गर्न पाईरहेका छन्। हाल यस क्याम्पसमा स्नातक र स्नातकोत्तर तहका विभिन्न विषयहरु अध्ययन अध्यापन गराउदै आएको छ। घरबाट टाढा गएर शिक्षा हाँसिल गर्नु निकै चुनौतीपूर्ण हुन्छ।

आफ्नै गाउँठाउँमा उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने यो संस्था सिम्तालीहरुको लागि गौरवको विषय हो। सिम्ता बहुमुखी क्याम्पसको भौतिक, शैक्षिक र प्रशासनिक पक्षमा सुधार गर्न सहयोग पुर्याउने चन्दादाताहरु, सहयोगीहरु, सिम्ता गाउँपालिका, प्रदेश, संघ, विश्वविद्यालय अनुदान आयोग सवैको महत्वपूर्ण योगदान रहेको पाइन्छ। हाल यस क्याम्पसमा स्नातक तहमा जम्मा २२१ जना विद्यार्थीहरु र स्नातकोत्तर तहमा जम्मा २१ जना विद्यार्थीहरु अध्ययनरत छन्। यस क्याम्पसमा पूर्णकालिन प्राध्यापकहरु जम्मा ४ जना र आँशिक प्राध्यापकहरु ८ जना कार्यरत छन्।साथै, यस क्याम्पसमा २ जना कर्मचारीहरु पनि कार्यरत छन्। उच्च शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र नरहेता पनि उच्च शिक्षाका लागि आधार तय गर्ने तथा उच्च शिक्षा प्रदान गर्ने संस्थाको लागि सहयोग तथा सहकार्य आवश्यक देखिन्छ।

#### ५.१.२ उद्देश्य

सिम्ता गाउँपालिकामा उच्च शिक्षा स्थापना गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्:

- क) उच्च शिक्षा हाँसिल गर्ने अवसरबाट बञ्चित बालबालिकाहरुका लागि न्यूनतम खर्चमा स्थानीय स्तरमा उच्च शिक्षा हाँसिल गराउनु,
- ख) उच्च शिक्षामा सवै बाबालीकाहरुको समान पहुँच सुनिश्चित गर्नु,
- ग) गुणस्तरीय उच्च शिक्षाको माध्यमबाट सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु,
- घ) उच्च शिक्षा प्रदायक संस्थासँगको सहकार्य तथा समन्वय बढाउनु।

#### ५.१.३ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु हाँसिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

- क) सिम्ता गाँउपालिकाले संघीय सरकार, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगसँग समन्वय गरी क्याम्पसलाई आर्थिक रुपले सम्पन्न गराउने,
- ख) उच्च शिक्षामा सूचना प्रविधिको प्रयोग बढाउनका लागि विभिन्न स्रोतको खोजी गर्न सहयोग प्रदान गर्ने,
- ग) पहुँच र गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाउने,
- घ) क्याम्पसका भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक स्रोतको खोजी गर्ने ,
- ङ) पूर्णकालिन शिक्षक भर्ना गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरी आवश्यक स्रोतको खोजी गर्ने।

#### ५.१.४ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

- क) उच्च शिक्षा हाँसिल गर्ने उमेर समूहका सवै युवाहरुलाई गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता हुने छ।
- ख) उच्च शिक्षा हाँसिल गर्ने उमेरका सवै युवाहरुलाई उच्च शिक्षामा पहुँच सुनिश्चित भएको हुने छ।

ग) क्याम्पसको भौतिक, आर्थिक र प्रशासनिक सुधार भएको हुने छ ।

घ) सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा समतामूलक पहुँच भएको हुने छ ।

### ५.१.५ मुख्य क्रियाकलापहरु:

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार निर्माणमा सहयोग | क्याम्पस | | १ | | १ | | १ | पालिका , प्रदेश र सघ |
| २ | शिक्षक व्यवस्थापन अनुदान | पटक | | १ | १ | | १ | १ | पालिका , प्रदेश र सघ |
| ३ | सूचना तथा प्रविधिको पहुँचमा वृद्धि | क्याम्पस | | | १ | | १ | | पालिका , प्रदेश र सघ |
| ४ | विपन्न वर्गको लागि छात्रवृत्ति | जना | ० | १० | १० | १० | १० | ५० | पालिका , प्रदेश र सघ |

## ५.२ सामुदायिक पुस्तकालय

### ५.२.१ वर्तमान अवस्था

पठन संस्कृतिको विकासका लागि पुस्तकालयको स्थापना र प्रयोग अति आवश्यक देखिन्छ । समुदाय तवरमा पुस्तकालयको स्थापना र प्रयोग मार्फत पठन सस्कृतीको विकास, क्षमताको विकास र आवश्यक विभिन्न सामग्रीहरुको प्रयोगले समुदायमा साक्षरता तथा सचेतनाको विकासमा मद्दत गर्दछ। सामुदायिक पुस्तकालय" भन्नाले स्थानीय समुदाय, समाजसेवी वा सामुदायिक संस्था, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी निकायको सहयोगमा स्थापना र संचालन भएका समुदायमा रहेका वा समुदाय स्तरले समेत सहजर रुपमा प्रयोग गर्न पाउने पुस्तकालय सम्झनु पर्छ । यसले बाल पुस्तकालय, वाचनालय, विद्युतीय पुस्तकालय समेतलाई जनाउँछ । समुदायमा स्थापना हुने र समुदायका लागि लक्षित गिरएका पुस्तकालय स्थानीय तह वा प्रदेश सरकारको सहयोगमा समुदायका सबै वर्ग, धर्म, लिङ्ग, जातजाति, भाषाभाषी लगायतका सबै उमेर र पेसा व्यावसायमा संलग्न नागरिकलाई बिना भेदभाव सदस्यता प्राप्त गरी वा नगरी पुस्तकहरुको आदान प्रदान वा निश्चित स्थानमा बसी अध्ययन वा प्रयोग गर्न पाउने गरी संचालन भएको पुस्तकालय हुन जुन सार्वजनिक रुपमा प्रयोगमा हुन्छन।

विभिन्न पेशा व्यवसाय, वर्ग र सबै क्षेत्रको लागि अति आवश्यक बिषयवस्तुहरु र सन्दर्भ सामग्रीहरु पुस्तकालयमा उपलब्ध हुने गरी पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्न सकिन्छ। सिम्ता गाउँपालिकामा हाल कुनै पनि सामुदायिक पुस्तकालय नभएको बर्तमान अवस्था छ। तर यसलाई सामुदायिक सिकाइ केन्द्र मार्फत सार्वजनिक पुस्तकालय तथा अन्य तवरले समुदाय पठन स्रोत सामग्रीको व्यवस्थापन मिलाई सबैको सहज पहुँच पुग्ने गरी पुस्तकालय स्थापना र प्रयोग गर्न सकिन्छ।

### ५.२.२ उद्देश्यहरु

समुदाय तहमा समेत पठन संस्कृतिको विकास र प्रवद्धन गरी सिकाइ वातावरणमा सुधार ल्याउन निम्नानुसारका उद्देश्य किटान गरिएको छ :

क) समुदायस्तमा समेत पठन संस्कृतिको विकास र प्रवर्द्धन गर्नु,

ख) पाठकलाई विभिन्न किसिमका आवश्यक पठन सामग्रीहरुको सरल र सहज रुपमा उपलब्ध गर्नु

### ५.२.३ रणनीतिहरु

उल्लेखित उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

क) सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास र परिचालन मार्फत पुस्तकालय व्यवस्थापन र प्रयोगमा जोड दिने ,

ख) पठन संस्कृतिको विकासका लागि समुदाय स्तरमा सचेतनामुलक कार्यक्रमहरु गर्ने तथा समुदायको आवश्यकतामा आधारित पुस्तक तथा सामग्रीहरु व्यवस्थापन गर्ने

### ५.२.४ उपलब्धि तथा नतिजा

**उपलब्धि**

(क) सामुदायिक तवरमा पुस्तकालय स्थापना भएको हुने छ।

(ख) समुदाय स्तरमा रहेका आम नागरिकको पठन संस्कृतको विकास भएको हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | ० | | १ | | २ | | ३ |

५.२.५ मुख्य क्रियाकलापहरु:

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तकालयको स्थापना | वटा | | १ | | १ | | १ | पालिका, सामुदायिक सिकाइ केन्द्र |
| २ | समुदाय तहमा पठन संस्कृतिको लागि सचेतनामूलक कार्यक्रम | पटक | | १ | १ | १ | १ | ५ | पालिका, सामुदायिक सिकाइ केन्द्र |

## ५.३ युवा तथा खेलकुद विकास

### ५.३.१ वर्तमान अवस्था

नेपालके संविधानको अनुसुची ९ मा उल्लेखित संघ प्रदेश र स्थानीय तहको साझा अधिकार सम्बन्धमा संघ तथा प्रदेश कानुनको अधिनमा रहि स्थानीय तहले युवा तथा खेलकुदका लागि आवश्यक संरचना पूर्वाधार निर्माण संचालन तथा विकासका कार्यक्रमहरु गर्ने प्रावधान रहेको छ । सोही अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ (क) मा गाँउ तथा नगरपालिकाको खेलकुद तथा पत्रपत्रिका सम्वन्धी अधिकार सुनिश्चित गरेको छ । गाँउ तथा नगरपालिका अन्तरगत कार्यपालिका सचिवालयमा रहने विभिन्न विषयगत शाखा मध्य शिक्षा, युवा तथा खेलकुद शाखाले नै युवा तथा खेलकुद सम्वन्धी प्रचलित ऐन नियम एंव स्थानीय तहबाट निर्माण भई कार्यान्वयनमा आएका कार्यविधिहरु अनुरुप युवा तथ खेलुकदका निम्न कार्यहरु गर्ने व्यवस्था रहेको छ ।यस अन्तरगत स्थानीय तहले स्थानीय स्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन तथा विकास, स्थानीय स्तरमा खेलकुद प्रशासन् तथा संघसंस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रवर्द्धन, खेलकुद प्रतियेगित आयोजना र सहभागिता, खेलकुद सम्वन्धी पूर्वाधार विकास तथा संघीय युवा तथा खेलकुद मन्त्रालयको युवा स्वरोजगार कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन गर्न पहल गरिने जस्ता विषयहरु उल्लेख गरेको छ ।

यसै सन्दर्भमा सिम्ता गाउँपालिकाको विद्यालय तथा युवाहरुको खेलकुद कार्यक्रमहरुलाई शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत शिक्षा समितिले संयोजन गर्दै आएकोछ । यस अन्तरगत विद्यालयस्तरका अन्तरविद्यालय खेलकुद संचालन, राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको तयारी, छनोट र जिल्लास्तरको कार्यक्रममा सहभागिता, समुदायस्तरमा युवा तथा खेलकुद संचरना एंव पूर्वाधार विकास र सहभागिता गराउदै आएको छ । प्रतियोगिताको लागि आवश्यक अन्तरविद्यालय खेलकुद प्रतियोगिता कार्यक्रम तथा युवा खेलकुदका लागि खेलकुद सामग्री र आवश्यक स्रोत व्यवस्थापन गर्दै आएको छ । विद्यालय तहमा खेलकुद विकासका लागि विभिन्न खेल सामग्रीहरुको वितरण र सहयोग भएता पनि खेल प्रशिक्षकको व्यवस्थापन तथा खेलकुदका गतिविधिहरु प्रभावकारी रुपमा बढाउन अति आवश्यक देखिन्छ । विद्यालय तहमा नै विभिन्न खेलमा बालबालिकालाई अभ्यस्त बनाइ उनीहरुलाई खेलकुदमा सक्षम र प्रतिस्पर्धि बनाउन सिम्ता गाउँपालिका निरन्तर रुपमा लाग्नु पर्ने देखिन्छ ।

### ५.३.२ उद्देश्य

युवा तथा खेलकुदका माध्यमबाट अतिरिक्त क्रियाकलापहरुमा विधार्थीहरुको पहुँच अभिबृद्धि गर्न निम्नानुसारका उद्देश्यहरु किटान गरीएको छ : ।

(क) स्थानीय स्तरका खेलकुद संरचनाके पूर्वाधार निर्माण संचालन तथा विकास गर्नु,
(ख) स्थानीय स्तरमा खेलकुद प्रशासन् तथा संघसंस्थाको नियमन र समन्वय गर्नु,
(ग) खेलकुदको विकास र प्रवर्द्धन गर्नु र खेलकुद प्रतियोगित आयोजना र सहभागिता सुनिश्चित गर्नु,
(घ) खेलकुद सम्वन्धी पूर्वाधार विकास गर्नु तथा विद्यालयस्तरमा विविध प्रकारका खेलकुद प्रतियोगिता संचालन व्यवस्थापन एंव राष्ट्रपति रिनङ सिल्ड प्रतियोगिताका लागि तयारी गर्नु,
(ङ) युवा स्वोरोजगार सम्वन्धी तालिम तथा रोजगार व्यवस्थापन गर्नु

### ५.३.३ रणनीतिहरु

उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छः

(क) गाउँपालिका क्षेत्रमा खेलकुद समिति गठन र परिचालन गर्ने ,
(ख) खेलकुद संरचनाका लागि पूर्वाधार निर्माण गर्ने,
(ग) खेलकुदको संचालन र विकास गर्ने
(घ) स्थानीयस्तरमा खेलकुल सम्वन्धी संघ प्रदेश र गैससहरुको समन्वय र सहकार्य गर्ने ,
(ङ) संघ र प्रदेशबाट जारी खेलकुद सम्वन्धी कानुनको अधिनमा रही कार्यविधि निर्माण र कार्यान्वयन गर्ने ,
(च) विद्यालय तथा युवा स्तरका खेलकुद प्रतियोगिता आयोजना र सहभागिता सुनिश्चित गर्ने
(छ) पालिकामार्फत आयोजना तथा सहभागिता हुने खेलकुद कार्यक्रममा आवश्यक सामग्री तथा स्रोतको व्यवस्थापन गर्ने
(ज) युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन मा साझेदारी विकास गर्ने

### ५.३.४ मुख्य उपलब्धि, र नतिजा

**उपलब्धि**

विद्यालयस्तरका विधार्थी तथा समुदायस्तरका युवाहरुलाई खेलकुद प्रति उत्प्रेरित गर्दै सक्रिय सहभागित र प्रतिस्पर्धाको विकास भएको हुने ।

नतिजा

(क) गाउँपालिकास्तरमा विभिन्न खेलसम्वन्धी सहजकर्ता तथा सहभागी तयार हुने छ,

(ख) खेलकुलका लागि पूर्वाधारको निर्माण र व्यवस्थापन भएको हुने छ
(ग) खेलकुद सम्वन्धी स्थानीय नीति तथा कार्यविधिहरु तयारी र कार्यान्वयन भएको हुने छ
(घ) खेलकुद सम्बन्धमा जिल्ला तथा प्रदेश स्तरका निकायसँग समन्वय र सहकार्य भएको हुने छ,
(ङ) खेलकुदको विकास र प्रवर्द्धन सम्बन्धमा विधार्थी र युवाहरुलाई अभिमुखिकरण भएको हुने छ,
(च) विभिन्न खेलहरुमा उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान भएको हुने छ,
(छ) युवा स्वरोजगार कार्यक्रम कार्यान्वयन भएको हुने छ

**५.३.५ मुख्य क्रियाकलापहरु:**

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय स्तरको खेलकुदको संरचना विकास | पटक | | १ | | १ | | २ | पालिका , संघ र प्रदेश |
| २ | विभिन्न खेलकुद सम्वन्धी निकायहरु सँग सहकार्य र समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | पालिका , |
| ३ | अन्तरविद्यालय खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ४ | समुदायस्तरमा युवा खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका र वडा |
| ५ | विद्यालय तथा युवा स्तरका खेलकुदका लागि आवश्यक कार्यविधि र निर्देशिका तयारी | विद्यालय | | १ | | | | | पालिका |
| ६ | खेलकुद सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |
| ७ | उत्कृष्ठ खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | बिद्यालमा खेलकुद प्रशिक्षकको व्यवस्थापन | जना | | २ | | २ | | निरन्तर | पालिका |
| ९ | अध्यक्ष र उपाध्यक्ष कप | पटक | १ | १ | १ | १ | १ | ५ | पालिका |

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

#### ६.१.१ वर्तमान अवस्था

शिक्षा पद्धतिमा सुशासन भन्नाले प्रजातान्त्रिक पद्दति मार्फत सबैले स्विकार्ने र हित हुने किसिमको निणर्य तथा कार्यान्वयनमा पारदर्शिता जवाफदेहिताका साथै कानुनी आधारमा रहि निर्णय गर्ने प्रकृयालाई जनाउँदछ । सुशासन तथा व्यवस्थापनमा संरचना तथा प्रक्रिया दुबै पर्दछन् । विद्यालय क्षेत्रमा सुशासन तथा व्यवस्थापन प्रभावकारी राख्ने उद्देश्यले सबै विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ । उचित सुशासन र प्रभावकारी व्यवस्थापनले शिक्षा क्षेत्रमा सुधार ल्याउनका साथै बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना निर्माण, योजना तर्जुमा र कार्यन्वयनमा महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वियन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारीता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गर्नु ले सुशासनको प्रत्याभूति गराउदछ । सुशासन र प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार र स्वयम विद्यालयमा अधिकार विकेन्द्रीकृत गरेको छ । नेपालको सम्बिधान २०७२ बमोजिम स्थानीय तहमा शिक्षा सम्वन्धी अधिकार रहेको छ । शैक्षिक सुशासन स्थापना गर्न स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहनका साथै स्रोत साधनको उचित व्यवस्थापन सस्थागत क्षमता विकासमा पनि योगदान रहन्छ । शुसासन्ले आर्थिक पारदर्शीता, नीति तथा योजना निर्माण प्रकृया, विद्यालय सञ्चालन पद्दति, निर्णायक निकाय आदिलाई समेट्दछ । सुशासन हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । नेपालमा आर्थिक सुशासन तथा व्यवस्थापन गर्न आर्थिक ऐन २०७७ आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र लेखा परीक्षण ऐन तथा कार्यबिधि समेत जारी भएको छ । विद्यालयको हकमा अर्थिक सुशासन कायम गर्न शिक्षा ऐन २०२८ मा अनिवार्य सामाजिक लेखापरीक्षण गर्नुपर्ने ब्यवस्था छ ।विद्यालय सञ्चालन पद्दति र निर्णय प्रकृयामा विद्यालय ब्यवस्थापन समिति समेत रहने व्यवस्था छ ।

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गर्न स्थानीय आवश्यकता र चुनौती पहिचान गर्दै शैक्षिक गतिविधि प्रभावकारी बनाउन तथा सुशासन कायम गर्न संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व बमोजिम स्थानीय सरकार सञ्चाल ऐन २०७४, नेपालको सविधान , शिक्षा नीति लगायतको आधारमा स्थानीय तहले पनि नीति निर्माण गर्ने, शैक्षिक कार्यविधिहरु तयार गर्ने तथा शिक्षासँग सम्वन्धीत विभन्न कार्यक्रमहरु र बजेट तय गरी कार्यान्वयन गर्नुपर्दछ । यसै गरी नियमित रुपमा लेखा परीक्षण, सामाजिक परीक्षण, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्नुपर्दछ ।

सिम्ता गाउँपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत ४ जना कर्मचारी रहेका छन् । पालिकामा गाउँ शिक्षा समिति तथा वडा तहमा वडा शिक्षा समितिहरु रहेका छन् । पालिकाले शिक्षा ऐन र नियमावली, २०७४, विद्यालय समायोजन कार्यान्वयन निर्देशिका २०७४, करार शिक्षक नियुक्ति सम्वन्धी कार्यविधि २०७७ ,आधारभूत तह शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ तयार गरी कार्यान्वयन गरीरहेको छ । यसका साथै हरेक वर्ष शिक्षा क्षेत्रको बजेट तथा कार्यक्रम र नीति निर्माण गर्ने तथा कार्यान्वयन गर्ने गरेको छ । विद्यालय तहले लेखापरीक्षण, सामाजिक परीक्षण तथा अन्य व्यवस्थापनका कार्यहरु पनि गरीरहेको र निरन्तर तथा नियमित गर्न आवश्यक देखिन्छ । विद्यालय व्यवस्थापन समितिले विद्यालयको शैक्षिक, भौतिक तथा सामाजिक विकासमा नजिकबाट सुपरिवेक्षण तथा आवश्यक जिम्मेवार निर्णय गरी विद्यालयको आन्तरिक समस्या समाधानको लागि पहल कदमी गर्नुको साथै सम्बन्धित निकायमा निर्णयार्थ जानकारी गराउने गरेको छ । विद्यालयमा गुनासो सुनुवाई सयन्त्रको व्यवस्था गरिएको भएता पनि प्रभावकारी हुन सकेको छैन । हाल औषतमा वार्षिक रुपमा विव्यसको बैठक ६ पटक, शिअसको बैठक २ पटक, शिक्षक कर्मचारीको बैठक १० पटक भएको देखिन्छ । यसै गरी शैक्षिक सत्र २०८०/८१ मा विद्यालयको विद्यालय सुधार योजना जम्मा ४९ वटा, सामाजिक परीक्षण जम्मा ५९ वटा र लेखा परीक्षण जम्मा ५३ वटा भएका छन् र विगतका शैक्षिक सत्रहरुमा भन्दा निरन्तर सुधार भएको अवस्था छ । गाउँपालिकाले शिक्षामा बजेट विनियोजनमा भने सुधार गर्नु पर्ने देखिन्छ ।

#### ६.१.२ उद्देश्य

विद्यालयमा सुशासन स्थापना र प्रभावकारी शैक्षिक ब्यवस्थापन सम्बन्धी निम्न उद्देश्यहरू रहेका छन्:

क) सुशासन तथा प्रभावकारी व्यवस्थापन गर्न शैक्षिक नीति, कार्यविधि, कार्यक्रम, संस्थागत क्षमता विकास तथा गुरुयोजना गर्नु ,

ख) शैक्षिक क्षेत्रमा असल शासन् कायम गर्न निरन्तर रुपमा सामाजिक परीक्षण, लेखा परीक्षण, गुनासो सुनुवाई संयन्त्रको विकास जस्ता कार्य प्रभावकारी रुपमा गर्नु,

ग) विद्यालयको कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहि र विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्नु,

घ) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्नु,

ङ) विद्यालयमा सुशासन स्थापना गर्न सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत रुपमा समन्वय गर्दै प्रविधिलाई समेत प्रयोगमा ल्याउनु,

**६.१.३ रणनीतिहरु**

माथिका उद्देश्य पुरा गर्न निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

क) गाउँपालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यबिधि निर्माण गर्ने ।
ख) संस्थागत क्षमता विकासको लागि नीति तथा निर्देशिका तयार गर्ने ।
ग) विद्यालयको निर्णय प्रकृयामा समता तथा समावेशितालाई प्रोत्साहन गर्ने
घ) विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने ।
ङ) स्रोत व्यवस्थापन र विद्यालय व्यवस्थापन समिति , शिअस, प्रधानाध्यापकको क्षमता विकास र जिम्मेवारी बनाउने ।
च) विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि संस्थागत क्षमता विकास गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने ।
छ) सबै विद्यालयहरुमा गुनासो सुनुवाई शिक्षकको व्यवस्था तथा सयन्त्र विकास भएको गर्ने ।
ज) आचारसहिँताको व्यवस्थापन र प्रयोग तथा विद्यालयमा वडापत्र व्यवस्थापन गर्ने ।

६.१.४ प्रमुख उपलब्धि र नतिजा

उपलब्धि

क) शिक्षामा सस्थागत विकास सुशासन प्रवर्द्धनले शैक्षिक निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई विद्यालयको सेवा तथा बालबालिकाको सिकाइको गुणस्तरका साथै समावेसी शिक्षा प्रणालीमा विकास भएको हुने र संस्थागत क्षमता अभिवृद्दि भई परिचालित भएको हुने छ ।

ख) गाउँपालिका तथा विद्यालय स्तरीय गुरुयोजना तथा कार्यबिधि निर्माण भएको हुने छ ।
ग) संस्थागत क्षमता विकास भई संस्थागत माग बमोजिमको जनशक्ति व्यवस्थापन भएको हुने छ ।
घ) विद्यालय तथा विव्यस शिअस बालक्ल्वहरुको क्षमता विकास भै सुशासन तथा जवाफदेहिताको विकास भएको हुने छ ।
ङ) जिम्मेवारीबोध तथा उतरदायीतामा वृद्दि भएको हुने छ ।
च) स्रोत व्यवस्थापन र परिचालन तथा प्रभावकारी कार्य सम्पादन भएको हुने छ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा ऐन नीति निर्माण | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | परिमार्जन |
| २ | सामाजिक परीक्षण | ५९ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| ३ | लेखा परीक्षण | ५३ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |
| ४ | विद्यालय सुधार योजना | ४९ | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |

| क्र.स | सूचक | आधार वर्ष २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९० |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विव्यसको बैठक शिअसको बैठक | अनियमित | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने | नियमित गराउने |

**६.१.५ मुख्य क्रियाकलापहरु:**

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कानुन, मापदण्ड कार्यविधि निर्माण | पटक | | | १ | | | परिमार्जन गर्ने | पालिका |
| २ | संस्थागत क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ५ | पालिका , |
| ३ | कार्यसम्पादन करार सम्झौता र स्वमूल्याङ्कन | विद्यालय | | १२ | ६० | ६० | ६० | ६० | पालिका र विद्यालय |
| ४ | विद्यालय व्यवस्थापन समिति र शिअसको क्षमता विकास | पटक | | १ | १ | १ | १ | ५ | पालिका र विद्यालय |
| ५ | लेखा परीक्षण तथा सामाजिक परीक्षण तथा विद्यालय सुधार योजनाको क्षमता विकास | विद्यालय | | १ | १ | १ | १ | ५ | पालिका |
| ६ | गुनासो सुनुवाइ सयन्त्रको विकास र र व्यवस्थापन | विद्यालय | ५ | २० | २५ | | | नियमित | पालिका र विद्यालय |
| ७ | वडापत्रको व्यवस्थापन | विद्यालय | ५ | २० | २५ | | | नियमित | पालिका र विद्यालय |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तिय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० वर्षे योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ। त्यस आधारमा यस गाँउपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ। उल्लेखित सन्दर्भमा पालिकाको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पुरा गर्न गाँउपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ।।

गाउँपालिकाले शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि शिक्षा युवा तथा खेलकुद शाखाको अगुवाइ तथा शिक्षा समितको नेतृत्वदायी भूमिकामा शैक्षिक गतिबिधिहरु कार्यान्वयनमा रहेका छन्। शिक्षा समितिले नीति नियमहरु निर्माण गर्ने तथा शिक्षा शाखाले नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने गरीरहेको छ। पालिकाको शिक्षा समितिले तयार गरेको नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि पालिका तहबाट शिक्षा युवा तथा खेलकुद शाखा तथा वडा तहमा वडा शिक्षा समिति र विद्यालय, विव्यस, शिअस लयातका संस्थाहरु मार्फत कार्यान्वयन भैरहेको छ। यसका अलवा प्रदेश तथा संघको निर्देशन तथा सल्लाह सुझाव र समन्वय भएर शैक्षिक गतिविधिहरु अगाडि बढेका छन्। पालिकामा समग्र शैक्षिक नेतृत्वदायी भूमिका निर्वाह गर्नको लागि शिक्षा शाखाको व्यवस्था रहेको छ। जसमा शिक्षासँग समग्र योजनाको कार्यान्वयन गर्ने भूमिका निर्वाह गर्दछ। जसमा जनशक्ति अधिकृत स्तरको १, सहायक स्तर १ गरी दुई जनाको रहेको छ। समग्र शैक्षिक प्रशासनिक गतिविधि लगायत विद्यालय अनुगमण निरिक्षणको पनि जिम्मेवारी पुरा गर्न उक्त जनशक्तिबाट पर्याप्त मात्रामा हुनसकेको छैन यसको लागि पालिकाले थप स्रोत व्यक्तिको सहयोगबाट आवश्यक कार्यक्रम कार्यान्वयमा ध्यानदिनु पर्ने देखिन्छ।

### ६.२.२ उद्देश्यहरू

योजना कार्यान्वयनका लागि निम्नानुसारका उद्देश्यहरु रहेका छन् :

- क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
- ख) योजना कार्यान्वयनका लागि विभिन्न निकाय सँगको समन्वय, सहकार्य तथा साझेदारी कायम गर्नु ,
- ग) योजना कार्यानव्यन गरी अपेक्षित उपलब्धिहरु हाँसिल गर्नु।

### ६.२.३ रणनीतिहरू

उद्देश्य परिपुर्तिका लागि निम्नानुसारका रणनीतिहरु अवलम्बन गरिएको छ :

- क) संघीय तथा प्रदेश तहबाट वित्तिय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- ख) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- ग) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- घ) विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने।
- ङ) विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- च) वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक अनलाइन दूर शिक्षणमा अनुकूलन हुनका लागि शिक्षक सहयोगी पुस्तिका मापदण्ड तयार गरी लागु गर्ने।
- छ) अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
- ज) सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।
- झ) प्रभावकारी समन्वय, सहकार्य र साझेदारीलाई निरन्तर रुपमा अगाडि बढाउने।

६.२.४ उपलब्धि, तथा नतिजा

**उपलब्धिहरू**

क) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

ख) शिक्षा योजना कार्यान्वयनमा सरेकारवाला सबैको सहभागिता तथा सहकार्य बढेको हुने छ।

ग) शिक्षा योजनाले लिएका अपेक्षित उपलब्धिहरु हाँसिल भएको हुनेछन्।

**६.२.५ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र.स | मुख्य क्रियाकलापहरु | इकाइ | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | बाँकि अवधि | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|
